

# डेविड लिविङ्स्टन

(सन् १८१३ - सन् १८७३)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**Visit us @ www.togmission.com**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०७७ (२०२१ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

All our books can be freely downloaded at our website.
The contents of this book can be used only for non commerical purposes.
All rights reserved ©

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. प्रारम्भिक जीवन | ५ |
| २. कुरुमनदेखि कोलोभेङ्ग | ११ |
| ३. शेशेलको उद्धार | २० |
| ४. कठिनाइ र अन्वेषणहरू | २४ |
| ५. मकोलोलो मानिसहरूको बीचमा | ३० |
| ६. महादेशभरि वारपार | ३५ |
| ७. बेलायततिरको पहिलो यात्रा | ४१ |
| ८. जम्बेसी नदीको अन्वेषण | ४७ |
| ९. लिविङ्स्टनकी श्रीमतीको निधन | ५१ |
| १०. दास-व्यापार | ५६ |
| ११. अन्वेषण बन्द गर्ने आदेश र बेलायतको अन्तिम यात्रा | ६३ |
| १२. नील नदीको मूलको खोजी | ६९ |
| १३. स्ट्यान्लीसँगको भेटघाट | ७६ |
| १४. अन्तिम यात्रा | ८० |
| १५. उहाँको अन्तिम विश्रामस्थल | ८६ |
| १६. लिविङ्स्टनले गरेको कामको मूल्याङ्कन | ९० |
| १७. लिविङ्स्टन - साधारण  मानवको रूपमा | ९४ |

# धन्यवाद

हामीलाई यहाँसम्म डोऱ्याउनुभएको परमेश्वरलाई नै सबै महिमा र प्रशंसा दिन चाहन्छौँ, र उहाँकै पाउदानमा यो किताबलाई समर्पण गर्छौं। यस कामको लागि प्रार्थना गर्ने र सहयोग गर्ने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौँ, परमेश्वरले उहाँहरूलाई आशिष् दिनुभएको होस्।

# स्वीकृति

यस किताब श्रीमती जे. हेच. वोर्सेस्टरद्वारा लेखिएर सन् १८८८ मा प्रकाशित "फस्ट टु क्रस अफ्रिका विथ गासपल" भन्ने किताबबाट तयार गरिएको हो। उहाँले प्रोफेसर ब्लैकीले लेख्नुभएको "पर्सनल लाइफ अफ डेविड लिविङ्स्टन" र डा. लिविङ्स्टनले लेख्नुभएको तीन वटा किताबहरू, "मिशनरी ट्राभल्स इन साउथ अफ्रिका," "दी जम्बेसी एण्ड इट्स ट्रिब्युटरिस," र "लास्ट जर्नल्स" भन्ने किताबहरूबाट, साथै लिविङ्स्टनको आफ्नै शब्दहरूले उहाँलाई सही तरिकाले प्रस्तुत गर्छन् भन्ने विचारसहित डा. लिविङ्स्टनको पत्रहरू र दैनिकीहरूबाट सो किताब तयार गर्नुभएको थियो।

# अध्याय - १

## प्रारम्भिक जीवन

डेविड लिविङ्स्टन सन् १८१३ मार्च १९ तारिखमा स्कटल्यान्डको ब्लानटयरमा जन्मनुभयो। उहाँको आमा–बुवा गरिब थिए, र उहाँ दरिद्रतामा हुर्कनुभयो। उहाँको बाल्यकालको जीवनको बारेमा बुझ्न हामीले उहाँको आमा–बुवाको चिहानको स्मारिकामा कुँदिएको अभिलेखलाई हेर्न सक्छौँ। यो घटना घट्दा उहाँ देशको सबै उच्च ओहोदामा भएको मानिसहरूको बीचमा सम्मानित व्यक्ति हुनुहुन्थ्यो।

*"निल लिविङ्स्टन र एग्नेस हन्टर दुवैको विश्राम स्थल देखाउन साथै परमप्रभुलाई धन्यवाद व्यक्त गर्नको लागि, आफ्नो दरिद्र र भक्तिपूर्ण आमा-बुबाको लागि भनी उहाँहरूको छोराछोरी जोन, डेविड, चार्ल्स र एग्नेसद्वारा राखिएको।"*

यो अभिलेखमा "*दरिद्र र भक्तिपूर्ण*" भन्ने शब्दहरूमा "*र*" को सट्टामा "*तर*" राख्ने सल्लाह चाहेर नै इन्कार भयो।

लिविङ्स्टनको आमा–बुवा दुवै नै अति भक्ति गर्ने स्वभावका थिए, उहाँको आमा सधैँ खुशी रहने र प्रेमिलो स्वभावको हुनुहुन्थ्यो, साथै गतिशील पनि हुनुहुन्थ्यो। बुवाचाहिँ डेविड आफैले साक्षी दिए जसरी नै उच्च स्वभावको हुनुहुन्थ्यो। निल लिविङ्स्टन कुनै पनि मादक पदार्थ सेवन गर्नुहुन्न थियो। उहाँ बाल सङ्गतिको शिक्षक हुनुहुन्थ्यो र मिशनरी सोसाइटीको जोसिलो सदस्य हुनुहुन्थ्यो, साथै प्रार्थना सभाहरू सञ्चालन गर्नुहुन्थ्यो। त्यतिखेरको समयमा यी सबै काम गर्नेलाई कट्टरपन्थी भनिन्थ्यो। चिया–पती व्यापारी भएको उहाँ कामको सिलसिलामा वरिपरिको समाजहरूको बीचमा जाँदा पर्चाहरू बाँडेर र विभिन्न अन्य तरिकाले आफूभित्र भएको मिशनरी स्वभावलाई प्रकट गर्नुहुन्थ्यो।

डेविड लिविङ्स्टन हुर्केको घर पनि अत्यावश्यक चिजहरूले मात्र भरिएको

थियो, तर त्यहाँ रहनेहरूको जोस, एक–अर्काप्रतिको प्रेम र परमेश्वरमाथिको विश्वासले आनन्दित पारिएको थियो।

डेविडको बाल्यकालको बारेमा हामीलाई थोरै जानकारी मात्र छ। उहाँ घरको प्यारो छोरो हुनुहुन्थ्यो र परिवारमा सधैँ आनन्द थप्नुहुन्थ्यो, उहाँ बाल्यकालदेखि नै नरम र नियन्त्रित स्वभाव भएको व्यक्ति हुनुहुन्थ्यो। हरेक दिन बेलुकी उहाँको बुवाले ढोका बन्द गर्ने गर्नुहुन्थ्यो, जुन समयभन्दा अघि सबै बच्चाहरू घरभित्र आइसकेको हुनुपर्थ्यो। एक दिन बेलुकी डेविड घर आइपुग्दा ढोका बन्द भइसकेको थियो। डेविड रुने र कराउने गर्नुभएन, तर चुपचाप रात बिताउन ढोका अगाडि बस्नुभयो। कुनै समयपछि उहाँकी आमाले उहाँलाई देखेर भित्र लैजानुभयो। यसरी बाल्यकालदेखि नै नियम पालन गर्ने स्वभावले उहाँको पछिको समयहरूमा एकदम नमिल्ने परिस्थितिमा पनि असल कुरा भेट्टाउन सक्ने तुल्यायो। उहाँ ९ वर्षको हुँदा नै भजनसंग्रह ११९ लाई मनन गरेर सिर्फ पाँच वटा भूलको साथ भन्नुभएकोले नयाँ करारको किताब इनाम–स्वरूप पाउनुभएको थियो, जुन कुराले उहाँको लगनशीलतालाई देखाउँदछ।

उहाँको आमा–बुवा यति दरिद्र थिए, कि उहाँ १० वर्षको हुँदा काम गर्न कारखानामा भर्ना हुनपर्ने भयो। उहाँको पहिलो हप्ताको ज्यालाको केही अंशलाई प्रयोग गरेर ल्याटिन ग्रामर किताब किन्नुभयो। बिहान ६ बजेदेखि राति ८ बजेसम्म काम गर्नु परे तापनि बेलुकी ८ देखि १० सम्म चल्ने कक्षामा भर्ना भएर आफ्नो अध्ययनलाई उत्साहसहित अगाडि बढाउनुभयो। धेरै समयहरू, घर फर्केपछि उहाँकी आमाले नरोकेको खण्डमा मध्य–रातसम्म परिश्रम गरिरहनुभयो। आफू १६ वर्षको हुँदा वेर्जिल र होरेस जस्ता प्रख्यात लेखकहरूको किताबसँग परिचित हुनुभयो। उहाँले उपन्यास बाहेक हातमा पर्ने सबै किताबहरू पढ्नुभयो। किताबलाई चर्खामा राखेर कामको साथ–साथै छिन–छिनमा किताबलाई हेर्दै काम गर्दा–गर्दै पढ्नुभयो। उहाँले बीच–बीचमा किताबलाई हेर्न पाएको समय एक मिनेट भन्दा बढी हुँदैन थियो, तर पछि उहाँ लेख्नुहुन्छ:

"यसरी मैले यन्त्रहरूको आवाजले बिघ्न पार्न नसक्ने गरी अध्ययनलाई असल तरिकाले निरन्तरता दिन सकेँ। पछिको समयहरूमा बच्चाहरूको आवाज र असभ्य मानिसहरूको बीचमा पनि बिघ्नविना पढ्न लेख्न सक्ने क्षमता पाएको

यो बानीबाट नै हो।"

अरू केटाहरू जसरी नै उहाँले पनि खेल्न र रमाइलो गर्न मन पराउनुहुन्थ्यो, तर उहाँको ज्ञानप्रतिको तृष्णा बढ्दै गयो। यात्रा र विज्ञानसम्बन्धी किताबहरू उहाँको रुचिका विषयहरू थिए; विरलै पाइने आधा दिनको बिदा पाउँदा उहाँ ढुङ्गा फुटाउने ठाउँमा गएर भौगर्भिक नमुना सङ्कलन गर्ने गर्नुहुन्थ्यो, अथवा जडीबुटी र फूलहरू खोजी हिँड्नुहुन्थ्यो। एउटा असल जडीबुटीको ज्ञान भएको मानिसको हातमा शरीरको सबै रोगलाई निको पार्ने महौषधी हुन्छ भन्ने विचार उहाँको जीवनको सुरुको समयहरूदेखि नै स्थापित हुन थाल्यो।

धार्मिक किताबहरूमा डेविडको चासो थिएन, र उहाँले हँसाउने तरिकाले बताउने नबिर्सिने घटनाचाहिँ अन्तिम पल्ट उहाँले बुवाको हातबाट पिटाइ खाएको कारणचाहिँ विल्बेर्फोर्सले लेखेको 'प्राक्टिकल ख्रीष्टियनीटी' भन्ने किताब पढ्न नमानेकोले थियो। उहाँको यो अरुचि धेरै वर्षहरूसम्म रहिरह्यो, तर थोमस डिकले लेखेको 'फिलासफी अफ रिलिजियन एन्ड फिलासफी अफ अ फ्युचर स्टेट' भन्ने किताब जब पढ्नुभयो तब खुशी हुनुभयो, र धर्म र विज्ञान एक-अर्काको साथी नै हो भन्ने विचार यसले उहाँमा ल्यायो।

यो किताब पढिरहेको हुँदा नै ख्रीष्टले दिने उद्धारलाई स्वीकार गर्नु आफ्नो कर्तव्य साथै ठुलो सुअवसर भन्ने कुरालाई डेविडले बुझ्नुभयो। यतिखेर उहाँ २० वर्षको हुनुहुन्थ्यो, र धेरै वर्षहरूसम्म धर्मप्रति गम्भीर विचार उहाँमा भए तापनि अहिले मात्रै एउटा उल्लेखनीय आत्मिक परिवर्तन उहाँमा आयो।

उहाँ भन्नुहुन्छ: "यो परिवर्तनलाई एउटा रङ नदेखिने अन्धोपनबाट निको हुनुको बराबर भनी हामीले मान्न सक्छौँ। जुन पूर्णतासाथ हाम्रा सम्पूर्ण पापहरूको क्षमा दियो, त्यो कुरालाई धर्मशास्त्रमा पढ्दा आफ्नो रगतलाई मूल्यको रूपमा तिरेर हामीलाई किन्नुभएको ख्रीष्टप्रति त्यसले मलाई खिच्यो, र थोरै रूपमा भए पनि त्यो दिनदेखि मेरो स्वभावलाई प्रभाव पार्न थाल्यो।"

हामीले विनाशङ्का मान्न सक्छौँ, कि लिविङ्स्टनको हृदयमा नयाँ जीवन पूर्ण रूपमा बग्न थाल्यो। उहाँले सिर्फ सत्यलाई बुझ्नु मात्र भएन। सत्यले उहाँलाई बलियो रूपमा पक्रियो।

सुरुमा उहाँमा मिशनरी भन्ने इच्छा केही नभए तापनि, जुन बेला मानवको उद्धार नै हरेक इसाईको प्राथमिक लक्ष्य हुनुपर्छ भन्ने कुरा बुझ्नुभयो, त्यति बेलादेखि आफ्नो जीवन यापनको लागि चाहेको थोकहरूबाहेक बाँकी आफ्नो सारा कमाइलाई मिशन कामको लागि दिने निर्णय गर्नुभयो। एक वर्षपछि डा. गट्सलफले लेख्नुभएको 'चीनको पक्षबाट अर्जी' पढ्दा आफ्नो जीवनलाई त्यो देशको लागि दिने निर्णय गर्नुभयो। करोडौँ आफ्नो सह–मानवको बिन्ती, र मिशन कामको जिम्मा लिन चाहेको सक्षम मानिसहरूको अभावको बारेमा गरिएको उजुर, यी कुराहरूले नै उहाँलाई यो निर्णयमा पुऱ्याएको हो भनी उहाँले भन्नुहुन्छ; त्यसैले कुनै हेरफेरविना उहाँको सम्पूर्ण प्रयासहरू त्यो दिशामा भइरहेको थियो। चाहेको ईश्वरशास्त्र तालिमको साथ, एउटा चिकित्सकले लिने तालिम पनि लिने निर्णय गर्नुभयो। चीनमा त्यो ज्ञानलाई प्रयोग गर्नु उहाँको भागमा नपरे तापनि, त्यो उपचारसम्बन्धी ज्ञान अफ्रिकामा अति उपयुक्त हुन पुग्यो, र त्यो असल तरिकाले उहाँको विज्ञानप्रति भएको चासोको साथ विकास हुँदै गयो।

उहाँले आफ्नो उपचारसम्बन्धी अध्ययनलाई ग्लासगौमा (Glasgow) पछ्याइरहेको समयमा, गर्मी याममा कमाएको सबै पैसालाई आफ्नो आवश्यकता पूरा गर्न प्रयोग गर्नुपर्दा उहाँले अति नै आफैलाई इन्कार गर्ने जीवन जिउनुपरेको थियो। उहाँमा भएको भन्दा अलिकता कम स्थिरता भएकाहरू हो भने त्यहीँ नै त्यतिखेर नै तुरुन्तै आफ्नो प्रयासलाई बन्द गर्थे। तर लिविङ्स्टन छुट्टै प्रकारले बनिएको व्यक्ति हुनुहुन्थ्यो, जुन कुरालाई धेरै वर्षपछि लेखेको उहाँको शब्दहरूले देखाउँछन्:

"यदि मेरो जीवनलाई फेरि सुरु गर्नुपरेकोमा, मैले पाएको कडा तालिमलाई नै फेरि चाहन्छु। मैले कसैबाट एक सिक्का पनि लिइनँ, र मेरा साथीहरूले लन्डन मिशनरी सोसाइटीको बारेमा, विशेष गरी त्यसको सबै सम्प्रदायलाई स्वीकार गर्ने गुणको बारेमा नबताएको भए, एउटा चिकित्सक मिशनरी भएर चीन जाने मेरो उद्देश्यलाई आफ्नै प्रयासद्वारा नै पूरा गर्थें। यो संस्थाले अन्य जातिहरूको बीचमा, न ता एपिसकोपसी (Episcopacy), न ता प्रस्वीटेरीयन, न ता स्वतन्त्र मानिसलाई पठाउँछ, तर ख्रीष्टको सुसमाचारलाई पठाउँछ। एउटा मिशनरी सोसाइटीले काम गर्नुपर्ने तरिकाको बारेमा ममा भएको विचारसँग

उहाँहरूको सिद्धान्त ठीक मिल्यो; तर स्वतन्त्र तरिकाले काम गर्ने बानी भएको मानिसलाई, कुनै हदसम्म अरूमाथि भर परेर काम गर्नु स्वीकार गर्न सक्ने कुरा होइन।"

लिविङ्स्टनले पहिले नै कंग्रिगेसनल मण्डलीसँग मिलेर काम गर्ने गर्नुहुन्थ्यो। साँचो इसाई जीवन र गुणको आधारचाहिँ गहिरो आत्मिक परिवर्तन नै हो भन्ने धारणा उहाँले बोक्नुहुन्थ्यो। उहाँले यो कुरामा कंग्रिगेसनल मण्डलीलाई छान्नुको मुख्य कारणचाहिँ त्यति बेलाको प्रस्वीटेरीयन मण्डली र सरकारबाट स्वीकृति पाएको मण्डलीहरू प्रभु–भोजको कुरामा धेरै फितलो थिए। यस्तो धारणा बोके तापनि उहाँ साम्प्रदायिकताबाट पूर्ण रूपमा स्वतन्त्र हुनुहुन्थ्यो।

सन् १८३८ मा लिविङ्स्टनले आफ्नो जीवनलाई लन्डन मिशनरी सोसाइटीद्वारा मिशनरीको रूपमा सेवा गर्नको लागि दिएर निवेदन पेश गर्नुभयो, र उहाँको निवेदन सर्तको साथ स्वीकृत भयो। त्यो वर्षको सेप्टेम्बर महिना संस्थाको निर्देशकहरूलाई भेट्नको लागि लन्डन आउन निमन्त्रणा आयो। दुई वटा जाँचहरूपछि तीन महिना अध्ययन गर्नको लागि रेभ. रिचर्ड सिशीलकहाँ उहाँलाई पठायो, जसकहाँ प्रायः सबै मिशनरी विद्यार्थीहरूलाई तालिमको लागि पठाइन्छ। उहाँको कर्तव्यहरूमा एउटाचाहिँ प्रवचनहरू तयार गर्नु थियो, जुन प्रवचनहरूलाई सुधारिन्थ्यो, र त्यसपछि मनन गरेर गाउँहरूमा भएको मण्डलीहरूमा दोहोऱ्याउनुपर्थ्यो।

एक पल्ट नजिकै भएको एउटा मण्डलीको पास्टर अचानक बिरामी हुनुभएकाले  लिविङ्स्टनलाई त्यहाँ प्रचार गर्न पठाइएको थियो। उहाँले आफूले लेखेको कुराहरूलाई निकालेर बिस्तारै पढ्नुभयो, र त्यसपछि उहाँको दिमाग खाली भयो; उहाँले ध्यानसित मनन गरेको प्रवचनको एक शब्द पनि याद गर्न सक्नुभएन; "साथीहरू, मैले भन्नुपर्ने सबै कुरा बिर्सें" भनी छिटो–छिटो भनेर हतारसहित पुलपिटबाट ओर्लेर मण्डलीबाट निस्कनुभयो। यो असफलताको साथै उहाँको प्रार्थनामा अभाव भएको देखिने प्रवाह, यी कुराहरूले तीन महिना अन्त हुँदा उहाँको बारेमा एउटा प्रतिकूल नतिजा पठाइयो; तर कुनै एक जना मानिसले उहाँलाई अझै तालिमको समय दिनुपर्छ भनी आग्रह गरेकाले थप समय दिइयो, र कुनै महिनाहरू पछाडि उहाँलाई संस्थाले स्वीकार गऱ्यो।

चीनमा सुसमाचार प्रचार गर्नु भन्ने उहाँको पहिलो उद्देश्यलाई पूरा गर्न नपाउनु उहाँको लागि निराशको कुरा थियो। अफिम युद्धले बेलायतीहरूको लागि बाटो बन्द गऱ्यो, र नयाँ मिशनरीहरूलाई पठाउन सक्दैन थियो। यी परिस्थितिहरूमा नै उहाँले २३ वर्ष दक्षिण–अफ्रिकामा सेवा गरेर फर्केको रबेर्ट मफेटलाई भेट्नुभयो, जसले आफ्नो साहसपूर्ण कामहरूको विवरणहरू दिएर बेलायतका मानिसहरूलाई प्रभाव पारिरहनुभएको थियो। उहाँले त्यो अन्धकारमय महादेशलाई अन्वेषण गर्नु र सुसमाचार प्रचार गर्नु भन्ने आगो आफ्नो देशको जवान मानिसहरूको हृदयमा सल्काउनुभयो।

मफेटको प्रभावमा परेर डेविड लिविङ्स्टनले तुरुन्तै अफ्रिका जाने निर्णय गर्नुभयो, र उहाँको यो निर्णयमा निर्देशकहरू पनि सहमत हुनुभयो। त्यसैले अफ्रिका उहाँको कार्यस्थल बन्न पुग्यो। औषधी अध्ययन अति उपयुक्त हुन्छ भन्ने विचार सबैलाई भयो, र  लिविङ्स्टनले सन् १८४० नोभेम्बर महिना अध्ययन पूरा गरेर प्रमाण–पत्र पाउनुभयो। आफ्नो परिवारसँग बिताउनको लागि डेविडलाई एक दिन मात्र रह्यो, र उहाँहरूसँग बातचित गर्न धेरै कुराहरू थिए। डेविडले रातभरि ब्युँझिरहेर बातचित गर्ने विचार ल्याउनुभयो, तर उहाँकी आमाले मान्नुभएन। उहाँकी बहिनीले लेख्नुहुन्छ: “मेरो बुवा र दाइ दुवै इसाई मिशन सेवाको भविष्यको सफलताको बारेमा बातचित गरेको कुरा मलाई याद छ। समय आउँदा धनी मानिसहरूले आफ्नो पैसालाई कुकुर र घोडाहरूमाथि लगानी गर्नुभन्दा मिशन क्षेत्रमा लगानी गर्नु असल हुन्छ भनी ठान्नेछन् भन्ने कुरामा उहाँहरू दुवै जना सहमत हुनुभएको थियो। नोभेम्बर महिनाको १७ तारिख हामी बिहान ५ बजे उठ्यौँ; मेरी आमाले कफी बनाउनुभयो। डेविडले भजनसंग्रह १२१ र १३५ पढेर प्रार्थना गर्नुभयो। मेरो बुवा र दाइ लिवरपूल जाने रेल गाडी पक्रिनको लागि ग्लासगौतिर हिँड्नुभयो।” ब्रूमिला सडकमा आइपुग्दा बुवा र छोरा एक–अर्काको मुहारलाई पृथ्वीमा अन्तिम पल्ट हेर्नुभयो। **हृदयमा दुःख र खुशी मिसिएको भावनासहित एक जना फर्केर ब्लानटायरतिर हिँड्नुभयो। अर्कोको मुहारचाहिँ ‘अँध्यारो महादेश’ तिर फर्क्यो।**

# अध्याय - २

# कुरुमनदेखि कोलोभेङ्ग

सन् १८४० नोभेम्बर २० तारिख लिविङ्स्टनलाई मिशनरीको रूपमा अभिषेक गरियो, र डिसेम्बर ८ तारिखमा दक्षिण–अफ्रिकामा रहेको अल्गोअ बे (Algoa Bay) जान जहाज चढ्नुभयो। यात्रामा रहँदा उहाँको मुख्य साथीचाहिँ जहाजको कप्तान हुनुहुन्थ्यो, जो धेरै सहयोगी भावनाको हुनुहुन्थ्यो, र आफ्नो साथमा रहेको कोण नाप्ने यन्त्रलाई प्रयोग गर्नुको बारेमा सबै जानकारी दिनुभयो। धेरै रातहरू चन्द्रमा निरीक्षण गर्न कप्तानसँग मध्य–रातसम्म बस्नुभयो, यसरी उहाँको जीवनमा अर्को एउटा योग्यता पनि थपियो। उहाँले लन्डन मिशनरी सोसाइटीको निर्देशकहरूलाई लेखेको पहिलो पत्रमा उहाँको इमानदारीता देखिन्छ। आफ्नो यात्राको प्रायः समयहरू ईश्वरशास्त्र अध्ययनमा नै बितेको र जहाजमा भएको अरू कसैलाई आत्मिक लाभ नल्याएको कुरालाई उहाँले दुःखसहित पत्रमा इमानदारीतासाथ व्यक्त गर्नुभयो।

अल्गोअ बे मा ओर्लिसकेपछि लिविङ्स्टन त्यहाँबाट बेछुअनामा रहेको कुरुमनतिर अगाडि बढ्नुभयो, र सन् १८४१ जुलाई महिनामा त्यहाँ आइपुग्नुभयो। यो नै लन्डन मिशनरी सोसाइटीको साउथ अफ्रिकामा अन्तिम उत्तरीय मिशन केन्द्र थियो। राजधानीबाट ७०० माइल दूरीमा रहेको यो ठाउँमा नै श्रीमान् मफेटको बसोबास थियो, जो बेलायतबाट फर्किसक्नुभएको थिएन। लिविङ्स्टनले मफेट नफर्केसम्म त्यहीँ रहने र उहाँ फर्किसकेपछि अझै उत्तरीय भागहरूमा मिशन केन्द्र स्थापना गर्न अगाडि बढ्ने आदेश पाउनुभएको थियो। अझै विशेष आदेशको लागि पर्खिरहेको हुँदा इथियोपियातिर जानुको बारेमा सोच्न थाल्नुभएको थियो। त्यो देशको लागि मिशनरीको आवश्यकता स्पष्ट देखिन्थ्यो, किनभने त्यहाँ मिशनरीहरू कोही थिएनन्। तर उहाँलाई थाहा थियो, कि यदि आफू गएको खण्डमा कहिल्यै फर्किन सकिँदैन। यो योजनाको बारेमा हामीले पछि केही पनि थाहा पाउँदैनौँ, तर उहाँले आफ्नो साथीलाई यस विषयको बारेमा लेख्दा यस योजनाको बारेमा अगमवाणी बोले जस्तै शब्दहरू

प्रयोग गर्नुभएको थियो: "मेरो दयालु परमेश्वरको महिमालाई अगाडि बढाउन असल भएको बाटो जुनसुकै भए तापनि त्यसमा मेरो जीवनलाई खन्याउन म अति इच्छुक छु.... मेरो जीवन एउटा अग्रदूतको रूपमा जति लाभदायक हुन सक्छ, त्यति नै अरू कुनै पनि तरिकाले पनि हुन सक्छ।"

कुरुमनमा केही समय बिताएपछि स्थानीयहरूको भाषा सिक्नको लागि सबै युरोपेली समाजबाट अलग हुने गरी ६ महिना एउटा दुर्गम क्षेत्रमा बिताउनुभयो। यो कष्टपूर्ण अनुभवबाट लिविङ्स्टनले स्थानीयहरूको बानी, सोच्ने तरिका, कानुन र बकवाइन भाषा यी सबै सिक्नुभयो, जुन कुराहरूले पछिको समयहरूमा उहाँहरूसँगको सम्पर्कमा नाप्न नसक्ने भलाइ ल्याएको थियो।

अफ्रिकामा लिविङ्स्टनको जीवनको समय चार वटा भागहरूको रूपमा छुट्टिएको हामीले देख्न सक्छौँ। पहिलोचाहिँ उहाँको साधारण मिशन काम, जुनमा उहाँ अहिले पाइला टेक्दै हुनुहुन्छ; दोस्रो, लन्डन मिशनरी सोसाइटीको समर्थनसहित गरिएको पहिलो विशाल यात्रा; तेस्रो, सरकारी अभियान टोलीको निर्देशक भएर जम्बेसी (Zambesi) नदीको अन्वेषण; चौथो, रोयल जियोग्राफिकल सोसाइटीको नेतृत्वमा रहेर गरिएको यात्राहरू।

लिविङ्स्टनले कुरुमनमा आइपुगेको थोरै समयभित्र नै निर्णय गर्नुभयो, कि त्यो ठाउँमा मिशन कार्य सुरु गर्नको लागि चाहिँदो जनसङ्ख्या अहिले त्यहाँ छैन, र सबै परिश्रम अझै भित्रीय भागहरूमा बसोबास गर्ने असङ्ख्य मानिसहरूको बीचमा गरिनुपर्छ; साथै उहाँले विश्वास गर्नुभयो, कि विशाल जमिनहरूमा खेती गर्नको लागि स्थानीय माध्यमहरूलाई नै प्रयोग गर्नुपर्छ। अर्को एउटा मिशनरीको साथमा उहाँले गरेको ७०० माइलको यात्राले यी विचारहरूलाई बलियो रूपमा पुष्टि गर्‍यो; साथै कुरुमनदेखि २५० माइल उत्तरीय भागमा मिशन कार्यस्थल छान्न पनि पुर्‍यायो, तापनि सन् १८४३ सम्म लिविङ्स्टनले त्यहाँ प्रवेश गर्नुभएन।

त्यो देशमा लिविङ्स्टनले एक वर्ष बिताइसक्नुभन्दा अघि नै अफ्रिकाको मानिसहरूमाथि उहाँको प्रभाव स्पष्ट देखिन थाल्यो। उहाँको निडरता, नम्र बोली र उहाँमा देखिने दया यी सबै कुराहरू मिलेर मानिसहरूलाई खिचियो, जुन प्रभाव विरलै असफल भएको थियो। उहाँको औषधी उपचारको ज्ञानले उहाँलाई

धेरै सहायता गऱ्यो; तर भए पनि यदि उहाँले स्थिरतासाथ असल व्यवहार र चरित्रलाई कायम नगर्नुभएको भए, त्यो कुराले स्थायी प्रभाव पार्नुमा असफल नै हुन्थ्यो।

उहाँ अफ्रिकामा आएको एक वर्ष पूरा हुँदा आफ्नो बुवालाई पत्र लेख्नुभयो: "हाम्रो दुर्बलताहरूको बीचमा पनि परमेश्वरको काम अगाडि बढिरहेको छ। नयाँ आत्माहरूको सङ्ख्या निरन्तर रूपमा बढिरहेको छ, र परमेश्वरतिर फर्कन्छन् भनी हामीले सोच्नै नसकिने मानिसहरू पनि परमेश्वरतिर फर्किंदैछन्। गएको महिना २४ जना मानिसहरू मण्डलीमा थपिए, र बुझ्न चाहनेहरू धेरै छन्।"

अहिले नै लिविङ्स्टन एउटा उपभाषामा प्रचार गर्न सक्ने भइसक्नुभएको थियो, र अर्को एउटा भाषा पनि सिकिरहनुभएको थियो। उहाँको हृदय मिशनरी सेवाले भरिएको थियो, तर उहाँको दिमागको विचारहरूले अन्य कुरामा पनि ध्यान दिन लगायो। आफ्नो दिमागलाई पूर्ण शक्तिसहित एउटा कुरामा केन्द्रित बनाउन सक्ने र सँगसँगै सानो कुराहरूलाई सजिलोसँग गहिरो अध्ययन गर्न सक्ने एउटा विशेष क्षमता उहाँमा थियो। उहाँको मिशनरी यात्राहरूमा, अफ्रिकालाई अन्वेषण गर्ने व्यक्तिको मुख्य दुई वटा शत्रुहरूसँग परिचित हुनुभयो, त्योचाहिँ ज्वरो र विषालु सेट्से (Tsetse) झिँगा। देशमा सुसमाचार फैलाउनको लागि मुख्य बाधाचाहिँ ज्वरो हो भनी उहाँले ठान्नुहुन्थ्यो, र सेट्से झिँगाचाहिँ सामान बोकिदिने जनावरहरूको महान् शत्रु थियो, त्यसले बारम्बार उहाँहरूको समूहले प्रयोग गरिरहेको सबै गोरुहरूलाई नाश पारिदिन्थ्यो। त्यसको खील जनावरहरूको तुलनामा मानिसहरूलाई हानिकारक थिएन, त्यसो भएको भए अन्वेषण सोच्नै नसक्ने कुरा हुन्थ्यो।

सन् १८४३ मा लिविङ्स्टनले बकवाइन जातिको प्रधान हुनुभएको शेशेललाई भेट्न जानुभयो, जो पछिको समयमा उहाँको अति नजिकको मित्र बन्नुभयो। त्योभन्दा अघिल्लो साल लिविङ्स्टन शेशेलको भूभागको आसपास हुँदै यात्रा गर्दा आफूलाई नभेटेकोमा उहाँ क्रोधित हुनुभएको थियो, र लिविङ्स्टनलाई दुःख दिने धम्की दिनुभएको थियो। तर लिविङ्स्टनले उहाँलाई भेट्न आउँदा उहाँको एक मात्र छोरो अस्वस्थ थिए, साथै उहाँको मुख्यहरूमध्येको एक जनाको नानी पनि बिरामी थियो। लिविङ्स्टनको वास्ताद्वारा दुवै बच्चाहरू

निको भए, र शेशेल तुरुन्तै लिविङ्स्टनसँग मिलापमा आउनुभयो।

सन् १८४३ को जुन महिनामा यो यात्राबाट फर्केर कुरुमनमा आइपुग्दा उहाँ अति खुशी हुने गरी, यो ठाउँभन्दा उता पनि मिशन केन्द्रहरू स्थापना गर्न अनुमति दिएर निर्देशकहरूबाट चिठी आएको भेट्टाउनुभयो। उहाँ समयलाई खेर नफालीकन मबोट्सा (Mabotsa) भन्ने सुन्दर उपत्यकामा अर्को एउटा मिशन केन्द्र स्थापना गर्नुभयो।

नयाँ इलाकामा भएको एउटा बेफाइदा चाहिँ त्यो सिंहहरूले फिँजिएको ठाउँ थियो। यहाँ नै लिविङ्स्टन सिंहको आक्रमणमा पर्नुभयो, जुन कुराले उहाँको जीवनको सेवालाई नै झण्डै अन्त गर्‍यो। यो गम्भीर आक्रमणको बारेमा आफ्नो बुवालाई चिठी लेख्दा आफूलाई बचाउनुभएकोमा परमेश्वरलाई धन्यवाद दिँदै यसरी लेख्नुभयो: "यो कुरा कसैलाई नबताउनुहोस्। मेरो बारेमा अरूले चर्चा गरेको म चाहन्नँ।" तर साथीहरूको बिन्तीले गर्दा आफ्नो मिशन यात्राको विवरण दिँदा यो घटनाको बारेमा केही थप जानकारी दिनुभयो।

उहाँ भन्नुहुन्छ, मानिसहरू सिंहहरूले गर्दा धेरै दुःख भोगिरहेका थिए, सिंहहरूले दिउँसै उहाँहरूको गाईबस्तुहरूलाई आक्रमण गर्थ्यो। सिंहको बथानमा एउटालाई मार्‍याैं भने बाँकी सबै त्यो भूभागलाई छोडेर जान्छ भनी थाहा पाएर एउटालाई मार्ने प्रयास गर्न स्थानीयहरूलाई उत्साह दिनुभयो। उहाँ आफैले एउटा सिंहलाई पहिलो गोली हान्नलाई सफल हुनुभयो, अर्को गोली बन्दुकमा हाल्न प्रयास गरिरहँदा त्यो सिंह उहाँमाथि हाम्फाल्यो। "सिंहले मलाई पाखुरामा समात्यो, हामी दुवै भुईंमा लड्यौँ, डरलाग्दो प्रकारले गर्जिंदै शिकार खेल्ने कुकुरले मुसालाई समातेर हल्लाए जसरी मलाई हल्लायो। बिरालोको पञ्जामा मुसा पर्दा उसले तुरुन्तै अनुभव गर्ने एक प्रकारको अचेत अवस्थाजस्तो अवस्था ममा सिर्जना भयो। योचाहिँ क्लोरोफामको प्रभावमा परेको बिरामीको अवस्था जस्तै हो; तिनीहरू शल्यक्रिया भइरहेको देखिरहेका हुन्छन्, तर छुरीको अनुभव चाहिँ गर्दैनन्। शायद यही अनुभव अरू जनावरद्वारा मारिने सबै जनावरहरूले गर्छन् होला, त्यस्तै हो भने योचाहिँ मृत्युको पीडालाई कम गर्न अनुग्रही सृष्टिकर्तीले गरिदिनुभएको परिबन्ध हो।" मेबल्बी भन्ने एक जना स्थानीयले त्यो सिंहलाई गोली हान्न खोज्दा लिविङ्स्टनलाई छोडेर सिंहले उनलाई आक्रमण गरेर उनको तिघ्रामा टोक्यो। अर्को एक जनाले त्यो जङ्गली जनावरलाई भालाले

मार्न खोज्दा मेबल्बीलाई छोडेर सिंह उसप्रति फर्क्यो, जब त्यो पहिलो गोलीले काम गर्न थाल्यो, त्यो सिंह भुईंमा लड्यो, र मऱ्यो। हड्डीलाई टुक्रा टुक्रा पार्नुको साथै त्यो सिंहको दाँत लिविङ्स्टनको देब्रे हातको माथिल्लो भागमा गाडिएको थियो, जुन हातलाई पछि मिलाउने क्रममा भएको गल्तीले हड्डीहरू सोझै नजोडेकाले गर्दा उहाँको त्यो हात जीवनभरिको लागि कमजोर भयो।



**डेविड लिविङ्स्टनको सालिक - उजिजि, तान्जनिया**

लिविङ्स्टनको मृतक शरीरलाई बेलायतमा ल्याइँदा गलत तरिकाले जोडिएको यो भाँचेको हातद्वारा नै उहाँको शरीरको पहिचान गरियो भनी मानिन्छ। तर यो मिशनरीलाई आर्थिक सहयोग गरेका मानिसहरूचाहिँ उहाँ आफैले तालिम दिएर हुर्काएको स्थानीय शिक्षक मेबल्बी र स्कटल्यान्डको एक जना इसाई नारी हो भन्ने कुरा प्रायःले जान्दैनन्। आफूले दिने १२ पाउण्ड भेटी नै जीवन यापन गर्ने स्रोतको रूपमा रहेर अफ्रिका महादेशको लागि ठुलो लाभ ल्याएको मानिसको जीवनलाई आउने ३० वर्षको कामको लागि जोगाउँछ भन्ने कुरा तिनले जानेकी थिइनन्। सन् १८८१ मा मेबल्बी अझै जीवित हुनुहुन्थ्यो, एउटा असल प्रचारक, जसले आफ्नो मानिसहरूलाई ख्रीष्टमा ल्याउन धेरै परिश्रम गरिरहनुभएको थियो।

अर्को वर्ष लिविङ्स्टनले नयाँ घर बनाउनुभयो, जसको नक्सा बनाउने र डकर्मी उहाँ आफै हुनुहुन्थ्यो, जुन घरमा उहाँ आफ्नो नयाँ दुलही मेरी मफेटसँग

खुशीसाथ पारिवारिक जीवन सुरु गर्नुभयो, जोचाहिँ उहाँलाई अफ्रिकामा आउन प्रभाव पारेको रबर्ट मफेटकी जेठी छोरी हुनुहुन्थ्यो। लिविङ्स्टन सन् १८४० देखि १८४५ सम्म तयारीको परिश्रममा हुनुहुन्थ्यो; र कुरुमन र मबोट्सामा अन्य मिशनरीहरूसँग मिलेर सेवा गरिरहनुहुन्थ्यो; तर यो पढ्नको लागि दुःख लाग्ने कुरा हो, कि उहाँले स्थापना गरेको मिशन केन्द्र र घरबाट आफ्नो सहकर्मीको डाहाले गर्दा निस्कनुपर्ने भयो, जसले लिविङ्स्टनको मिशनरी पत्रहरूद्वारा उहाँले बेलायतमा पाएको आदरले सताइएको हुनुहुन्थ्यो। लिविङ्स्टनले उहाँलाई भएको अन्यायलाई बलियो रूपमा महसुस गरे तापनि अन्य जातिहरूको बीचमा साथीको कुरा काट्नुको सट्टामा लिविङ्स्टनले नयाँ ठाउँमा घर र विद्यालय बनाएर परिश्रम सुरु गर्नुभयो।

मबोट्सालाई छोडेर निस्कँदा लिविङ्स्टनले आफ्नो सेवालाई बकवाइनहरूको बीचमा दिने निर्णय गर्नुभयो, जसको प्रधान शेशेल र उहाँको मानिसहरू आफ्नो बीचमा मिशनरी रहनुपर्छ भन्ने कुरामा बलियो इच्छा प्रकट गरेका थिए। मबोट्साबाट ४० माइल दूरीमा रहेको चोनुअनेमा नयाँ वासस्थान छानियो, तर यहाँको वास छोटो समयको लागि मात्र भयो। वर्षाको अभाव खेतीपातीको लागि विनाशकारी थियो, र झण्डै त्यति नै मिशन कामको लागि पनि थियो। खेतीपातीको जमिनको लागि सिँचाइको व्यवस्थापन गर्नुमा साध्य हुने तरिका चाहिँ कुनै अटुट नदीको आसपासमा खेतीपाती गरेर त्यहाँको पानीलाई कुलोद्वारा जमिनमा ल्याउनु नै हो भन्ने कुरा डा. लिविङ्स्टनले प्रधानलाई देखाउनुभयो। ती मानिसहरूमाथिको उहाँको प्रभाव यति स्पष्ट देखिन्थ्यो, कि उहाँले कोलोभेङ्गमा आफ्नो बसाइँ सार्ने कुरा बताएको त्यही नै बिहान उहाँसँगै जानको लागि सबैले तयारी गर्न थाले। त्यहाँ पुगेर कुलो, छाप्रोहरू र बगैँचाहरू बनाउनुको साथसाथै एउटा विद्यालयको भवन बनाउन पनि सुरु गरे। त्यो जातिको २०० जना मानिसहरूलाई काममा लगाउने जिम्मेवारीचाहिँ शेशेलको थियो। उहाँले भन्नुभयो, “मलाई इच्छा छ, कि हाम्रो सहरको रक्षक परमेश्वरको लागि पनि एउटा भवन यहाँ बनाउनुपर्छ, जसको लागि तपाईंले केही पनि खर्च गर्नुपरेको हुनुहुँदैन।” कोलोभेङ्गमा लिविङ्स्टनले आफ्नो तेस्रो घर बनाउनुभयो, जुनमा उहाँ पछिको ५ वर्ष बिताउनुभयो, जुनचाहिँ संसारमा उहाँको अन्तिम घर थियो।

“अफ्रिकी घर व्यवस्थापनको एउटा विवरण” भन्ने उहाँको पहिलो किताबमा यसो लेख्नुभएको छ:

“पसलहरूको पूर्ण अभावमा हामीलाई जे जति चाहेको हुन्छ ती सबै थोकहरू हामी आफैले कच्चा मालबाट तयार गर्नुपरेको थियो। इँटाको आवश्यक परेमा आफै जङ्गलमा गएर रूख काटेर त्यसलाई फल्याकको रूपमा चिरेर फर्म बनाउनुपर्छ। स्थानीयहरूले हामीलाई त्यति धेरै सहायता गर्न सक्दैनन्; ज्यालाको लागि काम गर्न तयार भए तापनि, कुनै पनि वस्तुलाई चार पाटे आकार दिनुमा उहाँहरूमा एउटा अनौठो अक्षमता देखिन्छ। सबै बेछुअना मानिसहरू जसरी नै यिनीहरूको घर पनि गोलो आकारमा नै छ। मैले तीन पल्ट तीन वटा विशाल घरहरू बनाएँ, र हरेक इँटा र हरेक लौरोलाई मेरो आफ्नै हातले चार पाटे आकार दिनुपरेको थियो। अति ठुलो परिश्रमको आवश्यक पर्ने एउटा विशाल घरद्वारा नै हामीले स्थानीयहरूको आदर प्राप्त गर्न सकिन्छ।

“रोटीचाहिँ, वल्मीकमा (कमिलाको घर) एउटा खाल्डो तयार गरेर त्यसमाथि एउटा सिलौटो राखेर अस्थायी रूपमा हतारमा तयार गरिएको चुलोमा पकाइन्छ। अर्को तरिकाचाहिँ जमिनमा आगो लगाएर जमिन तातिसकेपछि तावामा हातले मुछेको पिठो त्यसमा राखेर अथवा सिधै खरानीमाथि राखेर माथिपट्टि एउटा फलामको भाँडो राखी त्यसमा आगो सल्काएर पकाउने हो।

“मैन बत्तीहरू हामी आफैले बनायौँ, र साबुनचाहिँ सल्सोला बोटको खरानीबाट अथवा काठको खरानीबाट बनाइन्छ; अफ्रिकामा पाउने काठहरूको खरानीमा क्षार हुने भएकाले त्यसलाई ५ / ६ हप्तासम्म उमालेपछि मात्रै त्यो साबुन बन्न पुग्छ।

“हामी बिहान सबेरै उठ्थ्यौँ, किनकि दिनमा जति गर्मी भए तापनि कोलोभेङ्गमा बिहान, बेलुकी र राति अति शीतल हुन्थ्यो। बिहान ६ देखि ७ बजेको समयलाई पारिवारिक सङ्गति र खाजामा बिताइसकेपछि हामीले विद्यालय चलाउँथ्यौँ, जसमा पुरुष, स्त्री र बच्चाहरू सबैलाई निम्तो दिइन्छ। योचाहिँ दिउँसो ११ बजेसम्म चल्दथ्यो; त्यसपश्चात् मिशनरीकी श्रीमतीले घरायसी काम गर्न थाल्नुहुन्थ्यो, र मिशनरी आफैचाहिँ अरू कुनै परिश्रमहरूमा समय लगानी गर्नुहुन्थ्यो, जस्तै: सिकर्मी, फलामको काम र माली। भोजनपछि

एक घण्टा आराम गर्नुहुन्थ्यो, जुन बेला उहाँकी श्रीमतीले बालबच्चाहरूको विद्यालय चलाउनुहुन्थ्यो, झण्डै १०० जना जति बच्चाहरू भेला हुन्थे, साथै उहाँले केटीहरूको लागि सिलाइ कक्षाहरू पनि चलाउनुहुन्थ्यो। घाम अस्ताइसकेपछि सामान्य अथवा धार्मिक विषयहरूमा बातचित गर्न श्रीमान् सहरतिर जानुहुन्थ्यो। हामीले हप्तामा तीन रात सङ्गति गर्थ्यौं, र अर्को एक रात सामान्य विषयहरूलाई नक्सा र नमुनासहित सिकाउनलाई प्रयोग गर्थ्यौं। यी सबै कामहरूको साथ हामीले रोगीहरूको लागि औषधी उपचार गर्थ्यौं, साथै गरिबहरूको लागि भोजनको व्यवस्थापन पनि गर्थ्यौं। सन्त जेभिएरको विचार जसरी नै मित्रताको सानुतिनु कामहरू, जस्तैः उत्साह दिने शब्दहरू र देख्दा मुस्कुराउने स्वभाव, यी सबै एउटा मिशनरीको तुच्छ ठान्न नसकिने हतियारहरू हुन्। साथै अति तुच्छ ठानिएको मानिसको भए तापनि असल विचारहरूलाई इन्कार गर्नुहुँदैन। यस्ता कुराहरूले एउटा आदरलाई सिर्जना गर्छ, जसले सुसमाचारको लागि सहायता गर्छ। इसाईत्वको विरोधीहरूलाई पनि उहाँहरूको अस्वस्थ अवस्थामा दया देखाउनुपर्छ, र तिनीहरू कहिल्यै हाम्रो शत्रु बन्दैनन्, यसरी नै प्रेमले प्रेमलाई जन्माउँछ।"

उहाँ फेरि लेख्नुहुन्छः "एक जना स्थानीय फलामको काम गर्ने मानिसले मलाई फलामहरू जोड्न सिकाए, यससम्बन्धी साथै सिकर्मी र माली कामसम्बन्धी पनि थप जानकारीहरू श्रीमान् मफेटबाट प्राप्त गरेर औषधी उपचार र प्रचारको साथसाथै अन्य कामहरूमा पनि म सिपालु हुन थालेँ। मेरी श्रीमतीले साबुन, मैनबत्ती र लुगाहरू बनाउन सक्ने भएकी थिइन्, र यसरी मध्य–अफ्रिकामा एउटा मिशनरी परिवारलाई नभई नहुने कुराहरू हामीले सिक्यौँ – श्रीमान् घरभन्दा बाहिरको सबै काममा सिपालु र श्रीमती घरभित्रको सबै कुरामा बुद्धिमान्।"

हामी देख्न सक्छौँ, उहाँहरूले अति मितव्ययी जीवन बिताए पनि कुनै बेला महिनाको अन्तिम समयहरूमा पैसाको अभाव हुन्थ्यो। सन् १८५३ सम्म, उहाँको पारिवारिक खर्चको लागि दिएको अल्प तलबबाट (वार्षिक १०० पाउण्ड) नै सबै सुसमाचारीय यात्राहरूका खर्चहरू पनि उहाँले गर्नुपरेको थियो। यो तलबसहित उहाँले दक्षिण–अफ्रिकाको भित्रीय भागहरूमा आफूलाई चाहेको सागसब्जीहरूको लागि एउटा बगैँचासहित जिउनुभएको भए, उहाँ आरामसहित

जिउन सक्नुहुन्थ्यो, त्यस्तो भएन भने यो तलब गरिब अवस्थामा साधारण जीवन जिउनको लागि मात्र पुग्छ। मिशनरी यात्राहरूको खर्चहरू, जातिहरूको प्रधानहरूलाई उदार चित्तले दिनुपर्ने उपहारहरू र बढेको आफ्नो परिवारको (यतिखेर तीन जना छोरा र एक जना छोरीसहित उहाँको परिवारको सङ्ख्या ६ पुगिसकेको थियो।) खर्चहरू, यी सबै उहाँको अत्यावश्यक खर्चहरूमा पर्न आए, र आर्थिक भारलाई बढाए; कति पल्ट उहाँहरू भोजनको अभाव र परीक्षाहरूमा परेका थिए। यस्तो भए तापनि उहाँहरूको परिवार एउटा खुशीको परिवार थियो। यो समयको जीवनको बारेमा समीक्षा गर्दा आफ्नो बच्चाहरूसँग बढी समय नबिताएको कुरामा मात्र लिविङ्स्टनले अफसोस मान्नुहुन्छ; तर उहाँले जे जति त्यो समयमा गर्नुभएको थियो, ती सबै गर्न कसरी समय पाउनुभयो भन्ने कुरामा हामीले आश्चर्य मान्नुपरेको छ। उहाँले दिनभरिको दिमागी र शारीरिक परिश्रमद्वारा बेलुकी पूर्ण रूपमा थकित भएर अरू काम गर्न नसकेको कुरा बताउँदा हामीले आश्चर्य मान्नको लागि केही पनि छैन।

# अध्याय - ३

# शेशेलको उद्धार

लिविङ्स्टनको मिशनरी परिश्रमको पहिलो फलचाहिँ शेशेलको उद्धार थियो। तल दिइएको शब्दहरू “लिविङ्स्टनको मिशनरी यात्राहरू” भन्ने **किताबबाट** निकालिएको हो:

“उहाँको बुद्धि, र हामी दुई जनामा एक–अर्काप्रति भएको एउटा विशेष खिचाइलाई देखेर म आश्चर्यचकित भएँ। यो उल्लेखनीय मानिस इसाईत्वलाई अङ्गालेको मात्र नभएर आफ्ना मानिसहरूलाई बुझाउन पनि थाले। मैले पहिलो पल्ट उहाँहरूको बीचमा धार्मिक सङ्गति सञ्चालन गर्न प्रयत्न गर्दा शेशेलले भन्नुभयो, कि आफ्नो बीचमा ल्याएको नयाँ विषयलाई प्रश्नहरूद्वारा जाँच्ने चलन उहाँहरूको देशमा छ। त्यसपछि उहाँले मलाई सोध्नुभयो, कि मेरा पुर्खाहरूले न्यायको बारेमा जानेका थिए कि थिएनन्? तिनीहरूले जानेका थिए भन्ने जवाफ दिएर, त्यो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुने, जसको सामुन्नेबाट आकाश र पृथ्वी भागेर गए, उहाँको व्याख्या गरेँ। उहाँले जवाफ दिनुभयो: ‘तपाईंले मलाई चकित पार्नुहुन्छ, यी शब्दहरूले मेरो हड्डीहरूलाई हल्लाउँदछन्; ममा कुनै शक्ति नै छैन, तर तपाईंको पुर्खाहरू जिएको समयमा मेरो पुर्खाहरू पनि जिएको हुँदा, किन उहाँहरूले यो डरलाग्दो कुराहरूको बारेमा यहाँ सन्देश पठाउनुभएनन्? मेरा पुर्खाहरू सबै कहाँ जाँदैछन् भन्ने कुरा थाहा नहुँदा–नहुँदै अन्धकारमा गए।’

“उहाँले पढ्न सक्ने भइसकेपछि ध्यानसित अध्ययन गर्नुमा यति समर्पित हुनुभयो, कि पहिले बढी दौडने बानीले गर्दा एकदमै दुब्लो हुनुभएको उहाँ, अहिले एकै ठाउँमा बसेर पढिरहँदा व्यायामको अभावले मोटो हुनुभयो। म चोनुअनेमा बसोबास गर्न थालेको पहिलो दिनमै उहाँले सबै लिपिहरू जान्नुभयो, र म सहरतिर जान सकिनँ, तर उहाँले बाइबलबाट एक या दुई अध्याय पढेको सुन्न म अति इच्छुक भएँ। ‘यशैया’ उहाँको लागि मन पर्ने व्यक्ति हुनुभयो, र

उहाँले सधैँ आश्चर्य मान्दै भन्नुहुन्थ्यो, 'यशैया असल व्यक्ति हुनुहुन्थ्यो; कसरी बोल्नुपर्छ भनी जान्नुभएको मानिस हुनुहुन्थ्यो।'

"उहाँको प्रजाहरू सबैले ख्रीष्टलाई स्वीकार गर्नुपर्छ भन्ने कुरामा मलाई भएको चिन्तामा उहाँ सहमत हुनुहुन्थ्यो, र भन्नुभयो, 'तपाईंले यिनीहरूसँग खाली बोलेको भरले यी मानिसहरूले विश्वास गर्नुहुन्छ भनी कल्पना गर्नुहुन्छ? नतर्साईकन मैले यिनीहरूलाई केही पनि गर्न लगाउन सक्दिनँ; यदि तपाईंले चाहनुभयो भने, मैले मेरो सबै प्रमुख मानिसहरूलाई गैँडाको छालाले बनाएको कोर्रासहित बोलाउन सक्छु, हामीले यिनीहरूलाई चाँडै विश्वास गर्न लगाउन सक्छौँ।' आफ्नो प्रजाहरूलाई, जसको विचारलाई अरू कुनै पनि विषयमा स्वीकार गरिँदैन, यो विषयमा मनाउनुपर्ने भन्ने कुरामा उहाँ विशेष आश्चर्य मान्नुहुन्थ्यो। उहाँको विचारअनुसार आफ्नो आज्ञाद्वारा तिनीहरूले इसाईत्वलाई स्वीकार गर्न खुशी मान्नुपर्छ।

"उहाँले आफ्नो अप्ठ्यारो परिस्थितिलाई महसुस गर्नुहुन्थ्यो, र बारम्बार भन्नुहुन्थ्यो, 'हाम्रो यो संस्कृति भन्ने झन्झटमा म बाँधिनुभन्दा अगाडि तपाईं हाम्रो देशमा आउनुभएको भए कति असल हुन्थ्यो!' यथार्थमा चाहेको भन्दा बढी भएको उहाँको श्रीमतीहरूलाई उनीहरूको आमा–बुवाहरूको अगाडि अकृतज्ञ नदेखिने गरी त्याग्न सक्नुभएन, किनभने तिनीहरूले उहाँको दुःखमा धेरै सहायता गरेका थिए।

"यो नयाँ विश्वासलाई स्वीकार गर्न अरूलाई राजी गराउने आशाले, उहाँले आफ्नो घरमा एउटा पारिवारिक सङ्गति चलाउन मलाई अनुरोध गर्नुभयो। मैले सो गरेँ, दिन बित्दै जाँदा उहाँले आफ्नै सरल र सुन्दर तरिकाले प्रार्थनामा अगुवाइ गरेको देख्दा म आश्चर्यचकित भएँ। उहाँ आफ्नो मातृभाषामा अति सिपालु हुनुहुन्थ्यो। यतिखेरको समयमा हामी अनिकालले गर्दा दुःख भोगिरहेका थियौँ, जुन कुराको कारण इसाईत्व हो भनी तिनीहरूले मान्थे, र उहाँको आदेश मानेको उहाँको परिवारबाहेक अरू कोही पनि सभामा भेला हुन आएनन्। उहाँले भन्नुभयो, 'पहिलेको दिनहरूमा यदि प्रधान शिकार खेल्नुमा रमाउनुहुन्थ्यो भने, प्रजाहरूले पनि कुकुर पाल्न थाल्थे र शिकार खेल्नुमा रमाउन थाल्थे। प्रधान नाच्नु र गाउनुमा रमाउन थाल्नुभयो भने, प्रजाहरू पनि त्यही मनोरञ्जनमा

रमाउँथे। यदि प्रधान रक्सी पिउनुमा रमाउनुभयो भने, तिनीहरूले पनि त्यही गर्थे। तर यो कुरा एकदम फरक देखियो, म परमेश्वरको वचनलाई प्रेम गर्दैछु, तर मेरो जातिको कुनै पनि मानिसहरूले मसँग सहमत हुन मान्नुभएको छैन।'

"सन् १८४८ मा उहाँले बप्तिस्मा दिन अनुरोध गर्दा मैले उहाँलाई सोधेँ, कि कसरी यो निर्णयमा आउनुभयो; बाइबलसँग परिचित भइसकेपछि अब अगाडि बढ्नुपर्छ भनी निर्णयमा आएको कुरा उहाँले बताउनुभयो। उहाँ घरमा गएर आफ्नो श्रीमतीहरू सबैलाई नयाँ लुगा दिनुभयो, साथै तिनीहरूको छाप्रोमा आवश्यक पर्ने सबै सामग्रीहरू पनि दिनुभयो। त्यसपश्चात् तिनीहरूमा कुनै दोष भेटिएको छैन, तर आफूले परमेश्वरको इच्छालाई पछ्याउन चाहेकोले तिनीहरू सबैलाई आफूसँग राख्न मिल्दैन भन्ने खबरसहित एक जनाबाहेक बाँकी सबैलाई तिनीहरूका आमा-बुवाकहाँ पठाउनुभयो। उहाँ र उहाँको छोराछोरीहरू सबैले बप्तिस्मा लिँदा धेरै सङ्ख्यामा मानिसहरू हेर्न आएका थिए। कसैले फैलाएको हल्लाअनुसार नयाँ बप्तिस्मा लिनेहरूलाई मरेको मानिसहरूको दिमागको झोल खुवाइन्छ भनी तिनीहरूले मान्दथे, तर पानी मात्र प्रयोग भएको देख्दा आश्चर्यचकित भए। बप्तिस्माको सेवा भइरहेको हुँदा धेरै वृद्ध मानिसहरू रोइरहेका देखेर, पछि मैले उहाँहरूलाई किन रुनुभयो भनी सोधेँ। आफ्नो कुलको पिताले यसरी मूर्ख काम गरेर आफूलाई छोडे भनी सम्झेर रोएको कुरा बताए। मैले उहाँलाई मन्त्रद्वारा आफ्नो अधीनतामा ल्याएको हो भनी तिनीहरूले ठानेको जस्तो देखिन्थ्यो। यो घटनापछि उहाँका सबै मित्रहरू र छोडिएका श्रीमतीहरू सबै यो नयाँ धर्मको विरोधीहरू भए। विद्यालय र मण्डलीमा सहभागी हुनेहरूको सङ्ख्या धेरै घट्यो, प्रधानको परिवारबाहेक थोरै मानिसहरू मात्र भेला हुन्थे। हामीसँग तिनीहरू सबैले नम्रता र आदरसहितको व्यवहार गर्थे, तर शेशेलको बारेमा धेरै कुराहरू गर्न थाले, जुन कुरा बोलेबापत पहिलेको समयहरूमा भएको भए, तिनीहरूको जीवन नै गुम्थ्यो भनी शेशेलले भन्नुहुन्थ्यो।"

पछिको समयहरूमा शेशेल आफ्नै जातिका मानिसहरूको बीचमा मिशनरी बन्न पुग्नुभयो, र एउटा उल्लेखनीय प्रभाव पनि पार्नुभयो। हुन त त्यो प्रभाव धार्मिक कुराहरूभन्दा भौतिक कुराहरूमा नै बढी थियो। उहाँ सधैँ नै मिशन संस्थाहरूको लागि एउटा असल साथी हुनुहुन्थ्यो, र बाइबल धर्मशास्त्रहरूमा

उहाँको ज्ञान उल्लेखनीय थियो, र असल तरिकाले प्रचार पनि गर्न सक्नुहुन्थ्यो। लिविङ्स्टनको जीवनको विवरणप्रति उहाँको चासो अति बढी थियो, र उहाँको बारेमा जे जति थाहा पाउन सक्छ, ती सबै थाहा पाउन उहाँको बारेमा पढ्नुहुन्थ्यो। तर भए तापनि शेशेलको प्रयासहरूले ल्याएको सफलता, लिविङ्स्टनको प्रयासले ल्याएको सफलताको बराबर भएन। लिविङ्स्टनले एउटा असल जग बसाल्नुभएको थियो। सन् १८४७ मा डा. मफेटले त्यो मिशनको बारेमा लेख्दा यसो लेख्नुभयो: "बेछुअना देशमा भएका सबै मिशनहरूको बीचमा यो मिशन अति समृद्ध, विशाल र प्रभावकारी मिशन थियो।"

सन् १८८१ मा शेशेल अझै जीवित हुनुहुन्थ्यो, र आफ्नो विश्वासलाई पछ्याइरहनुभएको थियो, तर त्यो जीवनमा नमिल्ने कुराहरू नभएको चाहिँ होइन, जुन कुराहरू कसै–कसैले छोडेको गलत नमुनाबाट आएको हो भनी लिविङ्स्टनले भन्नुहुन्थ्यो। उहाँको मानिसहरू कोलोभेङ्गबाट केही माइलहरू टाढा बसोबास गर्थे, जसको बीचमा हनोवेरीयन सोसाइटीबाट सञ्चालित एउटा मिशन केन्द्र थियो।

# अध्याय - ४

# कठिनाइ र अन्वेषणहरू

यसरी मिशनरी परिश्रम गरिरहेको समयमा मात्र नभएर लिविङ्स्टनले जहाँ भए तापनि स्थानीयहरूलाई प्रचार गर्ने र उहाँहरूसँग बातचित गर्ने बानी बसाल्नुभएको थियो, विशेष गरी ख्रीष्टको प्रेम, परमेश्वरको पितृत्व र अन्तिम न्याय यी कुराहरूको बारेमा बताउनुहुन्थ्यो। डा. मफेटले भन्नुहुन्थ्यो, कि उहाँको प्रचार साधारण, धर्मशास्त्रीय, चाखलाग्दो, सीधा साथै स्थानीयहरूको बुझ्ने क्षमताअनुसार थियो।

बकवाइनहरूको बीचमा ख्रीष्टको काम यति छिटो तीव्र गतिमा अगाडि बढ्छ भनी लिविङ्स्टनले सोच्नुभएको थिएन, किनभने तिनीहरू बुझ्नमा ढिलो र अगाडि बढ्न धेरै समय लिने स्वभावका थिए; तर नामधारी रूपमा पछ्याउनेहरूलाई भेला गरेर एउटा ठुलो मण्डली स्थापना गर्नु उहाँको इच्छा थिएन। उहाँ लेख्नुहुन्छ, “एउटा अपवित्र मण्डली स्थापना गर्न लगाउन मलाई खिच्न सक्ने कुराहरू केही पनि छैन। ५० जना मण्डलीमा थपिए भनी लेखेर मेरो देशमा विवरण पठाउँदा त्यो त्यहाँ मिठो सुनिन्छ होला, तर तीमध्येमा ५ जना मात्र साँचो विश्वासीहरू छन् भनेता महान् दिनमा त्यो के लाभ ल्याउँछ होला ? मानिसको परिवर्तनको लागि नै हाम्रो बल खर्चिनुपर्छ भन्ने पहिले भन्दा अझै बलियो रूपमा मैले महसुस गर्न थालेको छु।” नयाँ विश्वासीहरूलाई २ वर्षसम्म उहाँले प्रभु भोजमा सहभागी हुन दिनुभएन, किनभने ‘विश्वास गर्छु’ भनी घोषणा गर्नेहरू एकनासले सत्यलाई पछ्याएको जस्तै उहाँलाई लाग्दैन थियो। यो कुराले सबै झूटो कुराहरूप्रति भएको उहाँको घृणा र पूर्ण रूपमा असल तरिकाले परिपक्व बनाएको कामप्रतिको उहाँको प्रेम, यी दुवै कुराको एउटा असल गवाही दिन्छ। सन् १८४८ जुलाई ५ तारिखमा आफ्नो बुवालाई यसो लेख्नुभयो: “ख्रीष्टको अगम्य सम्पत्तिको बारेमा, वास्तवमा अबुझ मानिसहरूको बीचमा प्रचार गरिसकेपछि लामो समय आफू निराश भएको महसुस गरिरहेको थिएँ, तर अब म महान् मध्यस्थकर्ताको प्रेममा वास गर्न

चाहन्छु, किनभने त्यसले मेरो हृदयलाई सधैँ न्यानो बनाउँछ, र म जान्दछु, कि सुसमाचार परमेश्वरको शक्ति हो – पूर्ण रूपमा नाश भएको संसारलाई पुनर्जीवित पार्न उहाँले प्रयोग गर्ने महान् माध्यम हो।"

फेरि उहाँ लेख्नुहुन्छ; "हाम्रो अगाडि रोप्नको लागि एउटा कठिनाइपूर्ण ढुङ्गेनी जमिन छ। मैले भन्न सक्ने सबैचाहिँ ज्ञान बढिरहेको छ। पवित्र आत्माले काम गर्दै हुनुहुन्छ र काम गर्नुहुनेछ भन्ने विश्वास ममा छैन भने मैले निराश भएर काम छोड्नुपर्ने हुन्थ्यो। हामी भलाइ गर्नुमा नथाक्नको लागि हामीलाई प्रार्थनामा सम्झिदिनुहोस्। शुद्ध उद्देश्य, जसको लागि हाम्रो जीवन समर्पित भएको छ, राखेर वर्षौंहरू परिश्रम गर्नु र जसको लागि सेवा गरिन्छ उनीहरूद्वारा नै दुष्ट लक्ष्य बोकेका भन्ने दृष्टिकोणले हेरिएको अवस्थामा सो गर्नु अति कठिनाइपूर्ण कुरा हो। निस्वार्थ परिश्रम र दया देखाउनु, यी कुराहरू उहाँहरूको विचारभन्दा यति बाहिर छन्, कि धेरैले हामीलाई लुकिएको उद्देश्य भएकाहरूको रूपमा हेर्छन्। तर जो हाम्रो लागि मर्नुभयो र जसको नक्कल हामीले गर्नुपर्छ, उहाँले अरू कसैको लागि हामीले गर्न सक्ने सबैभन्दा बढी हाम्रो लागि गर्नुभएको छ। पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरूलाई सहनुभएको छ। उहाँको पाइलाहरूलाई पछ्याउन हामीले अनुग्रह प्राप्त गर्न सकियोस्!"

सुसमाचार तीव्र गतिले फैलिनुमा भएको गम्भीर बाधाचाहिँ बकवाइनहरूलाई कोलोभेङ्गसम्म पछ्याइरहेको अनिकाल थियो। २ वर्षसम्म जम्मा परेको वर्षाचाहिँ १० इन्चभन्दा बढी थिएन, तर त्यति नै खेर उहाँहरूको वरिपरि ठाउँहरूमा प्रशस्त रूपमा पानी पर्थ्यो। सुसमाचार उहाँहरूको बीचमा पुग्नुभन्दा अगाडि यस्तो लगातार अनिकाल तिनीहरूले कहिल्यै सामना नगरेकाले सुसमाचारको बारेमा एउटा गलत निर्णयमा तिनीहरू आउनु स्वाभाविक नै थियो।

लिविङ्स्टन आफ्नो 'मिशनरी यात्राहरू' भन्ने किताबमा लेख्नुहुन्छ: "वर्षा ल्याउने शक्तिमाथि भएको यिनीहरूको विश्वास यो देशमा एउटा गहिरो रूपमा गाडिएको विश्वासको रूपमा रहँदै आएको छ। प्रधान शेशेल आफै पनि एउटा प्रख्यात वर्षा–उपचारक हुनुहुन्थ्यो, उहाँले धेरै पल्ट मलाई भन्नुभयो, कि यो अन्धो विश्वासलाई त्याग्नु इसाईत्वले माग्ने कुराहरूमध्येमा अति गाह्रो कुरा भएको छ। बकवाइनहरूले विश्वास गर्थे, कि शेशेललाई मैले कुनै मन्त्रद्वारा

बाँधेको छ, र शेशेललाई थोरै मात्र भए पनि वर्षा बनाउन अनुमति दिनुपर्छ भनी बिन्ती गर्न बुढापाकाहरू मलाई भेट्न आउँथे। 'तपाईंले मान्नुभएन भने मकैको बोट सबै सुकेर जानेछ, र हामी सबै तितरबितर हुनेछौँ। यो एक पल्ट मात्र वर्षा बनाउन अनुमति दिनुहोस्, र हामी पुरुष, स्त्री र बालबच्चाहरू सबै जना विद्यालयमा आउनेछौँ, र तपाईंले चाहेसम्म गाउँछौँ र प्रार्थना गर्छौं।' बकवाइनहरूले हामीसँग अझै पनि प्रेमसाथ व्यवहार गरी नै रहे, र हाम्रो विरोधी भनी कहिल्यै कसैलाई मैले त्यो समयमा देखेको थिएनँ; तर भइरहेको लगातारको अनिकाल र परमेश्वरको वचन, यी दुवैको बीचमा केही सम्बन्ध हुनुपर्छ भनी तिनीहरूले ठान्ने भएकाले मण्डलीप्रति उहाँहरूको विचार असल थिएन। शेशेलको काकाले, जो एउटा अति प्रभावशाली र विवेकी मानिस हुनुहुन्थ्यो, भन्नुभयो, हामीले तपाईंलाई मन पराउँछौँ, र तपाईं हाम्रो जातिको बीचमा जन्मनुभएको भए असल हुन्थ्यो जस्तो पनि लाग्छ। हाम्रो परिचयमा आएको एक मात्र गोरो मानिस तपाईं नै हुनुहुन्छ; तर हामी चाहन्छौँ, कि तपाईंले अनन्तकाल गरिरहेको यो प्रचार र प्रार्थनालाई छोडिदिनुहोस्, हामी त्यसलाई कहिल्यै बुझ्न सक्दैनौँ। हाम्रो वरिपरि भएका जातिहरूले, जो प्रार्थना गर्दैनन्, तिनीहरूले प्रशस्त मात्रामा वर्षा पाइरहेका छन्, तर तपाईंले देख्दै हुनुहुन्छ, हामीले वर्षा पाएका छैनौँ ।'"

कहिलेकाहीँ मण्डलीमा उपस्थित हुनेहरूको सङ्ख्या अति थोरै हुन्थ्यो। त्यस्ता एक दिन मण्डलीको घण्टी बजाएर मानिसहरूलाई भेला पार्न नियुक्त भएको एक जना अनौठो मानिसको बारेमा लिविङ्स्टन लेख्नुहुन्छ: "एउटा सानो मञ्चमाथि चढेर तिनले उच्च स्वरले चिच्च्याउन थाले, 'त्यो स्त्रीलाई ढाल्नु। तिनलाई कुट्नु, तिनी आफ्नो भाँडो बोकिरहेकी छिन्! लुकिरहेकी तिनलाई तिमीहरूले देख्दै छौ? तिनलाई मुक्काले हान्नु। ऊ उता छ – हेर! हेर! तिनलाई ढाल्नु!' आफूलाई भनेको सम्झेर सबै स्त्रीहरू एक–छिनमै सभा सञ्चालन हुने ठाउँमा आइपुगे। यो मानिस काममा अति प्रभावशाली भए तापनि हामीले तिनलाई त्यसपछि काम दिन सकेनौँ।"

कोलोभेङ्गमा बिताएका यी समयहरूमा, लिविङ्स्टन एउटा मिशनरी भएर गर्दै आएको प्रचार गर्ने, शिक्षा दिने, उपचार गर्ने र अन्य सबै कामहरू, धेरै पल्ट गर्नुपरेको ४०० / ५०० माइलको यात्राहरूले रोकिन्थ्यो। उहाँ उत्तरीय दिशामा

रहेको मकोलोलो देशतिर यात्रा गर्नुहुन्थ्यो, जहाँ एउटा ठुलो समूह थियो, जसले आफ्नो बीचमा एउटा मिशनरी पाउन धेरै इच्छुक पनि थिए। ढिलो नगरीकन कोलोभेङ्गलाई छोड्नुपर्छ भन्ने कुरा प्रत्यक्ष रूपमा देखिन्थ्यो। नदी सुकिसकेको थियो, र पानीको अभावले खेतीपाती पनि असम्भव भइसकेको थियो, भोजनको लागि शिकार खेल्न पुरुषहरू धेरै टाढा जानुपरेको हुन्थ्यो, र स्त्रीहरू पनि सलहहरू बटुल्नको लागि बस्ती छोडेर धेरै टाढा जान्थे, यसैले धेरै पल्ट मण्डली अथवा विद्यालयमा भेला हुन कोही पनि हुँदैन थिए। यो मिशन केन्द्रबाट पनि लिविङ्स्टन निस्कनुपर्छ भने, अब उहाँ कहाँ जाने? बकवाइनहरूको साथमा सधैँ रहनुपर्छ भन्ने विचार उहाँले कहिल्यै बोक्नुभएको थिएन, र मकोलोलोमा एउटा मिल्दो परिस्थिति हुन्छ कि हुँदैन भनी हेर्नु उचित नै थियो। यदि त्यो नयाँ इलाका उहाँको लागि उचित नभएमा कम्तीमा पनि उहाँले स्थानीय शिक्षकहरूको लागि बाटो खोलिदिन सक्नुहुन्छ।

ज्वरो र अन्य बाधाहरूले रोकिएको उहाँ, तेस्रो प्रयासमा मात्र मकोलोलो समुदायको प्रधान सेबिटुअने बसोबास गर्ने गाउँमा पुग्न सक्नुभयो। यो मानिसले लिविङ्स्टनसँग मित्रताको व्यवहार गर्नुभयो, र अहिलेसम्म लिविङ्स्टनले भेटेका प्रधानहरूमध्येमा एउटा असल नमुना हुनुहुन्थ्यो। उहाँले मिशन केन्द्रको लागि एउटा असल ठाउँ छानिदिने प्रतिज्ञा गर्नुभयो, यो असल प्रभाव उहाँको मानिसहरूको बीचमा असल पक्षमा प्रयोगमा आउन सकिन्थ्यो, तर लिविङ्स्टन त्यहाँ आएर उहाँलाई उद्धारको बाटोको बारेमा सुनाएको थोरै समयभित्र नै सेबिटुअने फोक्सोको रोगले ग्रसित हुनुभयो, र दुई हप्ताभित्र नै बित्नुभयो। उहाँ मरिरहेको हुँदा, उहाँको ध्यानलाई स्वर्गीय पितातिर फर्काउन वरिपरि जम्मा भएकाहरूले अनुमति नदिँदा उहाँको प्राणलाई परमेश्वरको हातमा समर्पण गर्नुबाहेक लिविङ्स्टनले केही पनि गर्न सक्नुभएन।

धेरै प्रयासहरूपछि पनि मिशन केन्द्रको लागि उचित ठाउँ पाउने सम्भावना डा. लिविङ्स्टनले देख्नुभएन, र अनिच्छुकतासहित फेरि कोलोभेङ्ग फर्किने यात्रा सुरु गर्नुभयो। यद्यपि यो यात्राहरू बेकामको भएनन्। उहाँको पहिलो यात्रामा गामी माललाई पत्ता लगाउनुभयो, जसको लागि त्यो वर्ष रोयल जियोग्राफिकल सोसाइटीबाट इनाम पनि प्राप्त गर्नुभयो। सोसाइटीको अध्यक्षले लिविङ्स्टनको सफलताको कारण एउटा मिशनरी भएर उहाँले स्थानीयहरूको बीचमा पारेको

प्रभाव हो भनी भन्नुहुन्छ। उहाँले पत्ता लगाएको अर्को एउटा कुराचाहिँ जम्बेसी नदी हो। यी दुई पटकको यात्राहरूमा एक पटक उहाँकी श्रीमती र परिवार पनि साथमा जानुभएको थियो, र अफ्रिकी ज्वरोले मृत्युको मुखमै पुग्नुभएको थियो, तर अनुग्रहले बाँच्नुभयो।

उहाँको सबै परिश्रमको बीचमा पनि देशको विज्ञानसम्बन्धी कुराहरू र सुसमाचार सुनाउनुमा भएको बाधाहरू यी कुराहरूले उहाँको दिमाग भरिएको थियो। यी कुराहरूको समाधानको रूपमा तीन वटा कुराहरू उहाँको मनमा आएको थियो, जुन कुराहरूलाई अपनाउन निर्देशकहरूलाई उहाँले निरन्तर रूपमा आग्रह गरिरहनुभयो। ती कुराहरूचाहिँ पहिलो, बलियो रूपमा कामलाई अझै भित्रीय भागहरूमा बढाउँदै लैजाने, दोस्रो, स्थानीय माध्यमहरूलाई प्रयोग गर्ने, र तेस्रो, स्थानीयहरूलाई तयार पार्नको लागि तालिम केन्द्रहरू स्थापित गर्ने।

समय बित्दै जाँदा लिविङ्स्टन काम गर्दै आएको बकवाइनहरूको बस्तीलाई नयाँ ठाउँमा सार्नुपर्ने देखियो। वर्षाको अभावको साथसाथै ट्रान्स्वालमा रहेको बोयरहरूको धम्की पनि थपियो, जसले लिविङ्स्टनले स्थानीयहरूलाई ख्रीष्टमा ल्याउन गरेको प्रयासलाई घृणा गर्थे, किनभने कालो जातिका मानिसहरू गोरो जातिका मानिसहरूको लागि सेवा गर्नको लागि नै जन्मेको र तिनीहरूको प्राण छैन भनी बोयरहरूले ठान्थे। तिनीहरूले मिशनलाई फुटाउनको लागि मौका खोजिरहेका थिए। बोयरहरूले स्थानीयहरूलाई कोलोभेङ्गमा रहेर शान्तिपूर्ण तरिकाले सिक्न दिँदैन भन्ने कुरा स्पष्ट देखिन्थ्यो। शेशेलले यो कुरा बुझेपछि आफ्नो पाँच जना बच्चाहरूलाई गोरो जातिका मानिसहरूले पाएको सम्पूर्ण ज्ञान हासिल गर्नको लागि डा. मफेटकहाँ कुरुमनमा पठाउनुभयो, जसले तिनीहरूलाई आफ्नै परिवारमा स्वागत गरेर सिक्न सहायता गर्नुभयो।

लिविङ्स्टन आफूले परिश्रम गर्दै आएको मानिसहरूको साथ अरू कुनै असल ठाउँ खोज्नुपर्ने पक्का भयो। यो कुरामा उहाँको विचार यस्तो थियो: “यदि मैले आफ्नो मनको इच्छालाई पछ्याएँ भने बकवाइनहरू अथवा अन्य कुनै जातिका मानिसहरूसँग कुनै एक ठाउँमा स्थापित हुनुपर्छ, र मेरो छोराछोरीको लागि पनि कुनै समय दिन पाउँछु, तर परमेश्वरको इच्छाले मलाई अझै कठोर ठाउँहरूमा परिश्रम गर्न बोलाउँदै छ।” उहाँको साथीहरूले उहाँलाई त्यस्तै गर्न आग्रह गरे, र उहाँ पनि अरू जस्तै साधारण मानिस भएको भए त्यही

गर्नुहुन्थ्यो, र सो गर्नु बुद्धिमानी पनि देखिन्थ्यो। तर उहाँ फराकिलो विचार भएको मानिस हुनुहुन्थ्यो। सुसमाचार नसुनेको अफ्रिकाको विशाल भित्रीय भागहरूले इन्कार गर्न नसक्ने गरी उहाँलाई बोलाइरहेको थियो, र उहाँ त्यो बोलावटको अगाडि अनाज्ञाकारी हुन आँट गर्नुभएन, जसलाई विनाशङ्का परमेश्वरबाट आएको भनी उहाँले ठान्नुहुन्थ्यो।

तर त्यस्तो गर्दा उहाँ आफ्नो परिवारबाट छुट्टिनुपर्ने देखियो। अर्को एउटा स्वस्थ र असल ठाउँ मिशनको लागि खोज्न जाने उहाँको यात्रामा आफ्नो परिवारलाई यो खतरापूर्ण ज्वरोले भरिएको देशमा साथमा लिएर जान उहाँले आँट गर्न सक्नुभएन। तर उहाँहरूलाई त्यहाँ छोडेर जानु पनि असल थिएन, किनभने उहाँका छोराछोरीको जीवनमा विनाशमा पुऱ्याउने प्रभाव स्थानीयहरूबाट पर्न सक्ने सम्भावना थियो। उहाँहरूको लागि अरू केही उपाय भएन, अझै दुई वर्ष पछाडि फेरि एकसाथ बस्न सक्ने समयको आशामा बेलायत फर्कनुपर्ने भए।

उहाँको परिवारले कोलोभेङ्ग छोडेर यात्रा सुरु गऱ्यो। निश्चय नै आफ्नो अफ्रिकी घरलाई अन्तिम पल्ट धेरै दुःखसहित उहाँहरूले हेर्नुभयो होला; फेरि एक पल्ट संसारमा आफ्नै घरमा एकसाथ मिलेर बस्न पाउने छैन भन्ने कुरा थाहा भएको भए अझै दुःखित बन्नुहुन्थ्यो होला!

# अध्याय - ५

# मकोलोलो मानिसहरूको बीचमा

आफ्नी श्रीमती र बालबच्चाहरूलाई केप टउनसम्म पुऱ्याउनुभयो, र उहाँहरू बेलायत जानको लागि जहाजमा जाँदा दुःखसहित बिदाइ गर्नुभयो। अब उत्तरीय भागहरूमा १००० माइल यात्रा गर्नको लागि तयार गर्नुमा लिविङ्स्टनले आफ्नो ध्यान लगाउनुभयो। यो यात्रामा उहाँले तीन वटा लक्ष्य बोक्नुभएको थियो। पहिलोचाहिँ मिशनको  लागि बरोट्से देशमा एउटा स्वस्थ ठाउँ खोज्नु, जहाँ उहाँले पछि आफ्नो परिवारलाई पनि ल्याउन सक्नुहुन्छ। तर पछि समाचार आदान–प्रदानको लागि बरोट्से केप टउनबाट धेरै टाढा भएको र समुद्रको किनारबाट बरोट्सेसम्म समाचार पुऱ्याउनु असम्भव भएको उहाँले महसुस गर्नुभयो; र पूर्व अथवा पश्चिमतिर अरू कुनै समुद्र किनारसम्म पुग्न सक्ने बाटो पत्ता लगाउन इच्छा गर्नुभयो। त्यो मात्र नभएर दास–व्यापारले उहाँ जान गइरहेको नयाँ देशलाई ढाक्न सुरु गरेको थियो। त्यसमा देखिने अमानवताको साथ त्यसले मिशन कामको लागि पार गर्न नसक्ने बाधा ल्याउँछ भन्ने कुरालाई लिविङ्स्टनले देख्नुभयो। स्थानीयहरूले जानेको एक मात्र लाभ ल्याउने व्यापार यो भएकाले तिनीहरूले त्यसलाई छोड्दैनन् भनी पनि उहाँले जान्नुहुन्थ्यो। त्यसैले यो दास–व्यापारलाई कमजोर पार्नको लागि अरू कुनै असल व्यापारलाई परिचय गराउनु अति नै महत्त्वपूर्ण कुरा थियो।

लिविङ्स्टन केप टउनबाट सन् १८५२ जुन महिना यात्रा सुरु गर्नुभयो, तर धेरै बाधाहरूले गर्दा सेप्टेम्बर महिना मात्र कुरुमन पुग्नुभयो। उहाँ त्यहाँ आइपुग्दा बकवाइनहरूलाई बोयरहरूले आक्रमण गरेको दुःखको सन्देश सुन्न बाध्य हुनुभयो। शेशेलको श्रीमतीले उहाँलाई त्यो कुरा बताउनुभयो, जो आफै पनि आफूलाई बचाउनको लागि चट्टानहरूको बीचमा लुक्न बाध्य हुनुभएको थियो। बकवाइनहरूले कोलोभेङ्ग छोडेर दक्षिणतिर यात्रा गरेर नयाँ ठाउँमा बस्ती लगाइसक्नुभएको थियो। बोयरहरूले खाली भएको त्यो पुरानो बस्तीमा आएर लिविङ्स्टनप्रति आफ्नो घृणालाई देखाउनको लागि उहाँको घरलाई पूरै खाली

गरिदिए, उहाँको फर्निचरहरू र हातमा भेटिएको सबै कुराहरूलाई फुटाइदिए, साथै उहाँको महत्त्वपूर्ण किताबहरू र दैनिकीलाई पनि च्यातिदिए। त्यहाँबाट बकवाइनहरूलाई पछ्याउँदै तिनीहरू लिमौएसम्म आए, जहाँ शनिवार बेलुकी आइपुगेर वादविवाद गरेर झगडा सुरु गर्न खोजेका थिए। तिनीहरूले शेशेललाई बेलायतका मानिसहरूलाई उत्तरतिर जान अनुमति दिएर (जुन कुरा नगर्नको लागि तिनीहरूले बारम्बार शेशेललाई भनेका थिए) अटेरी भएकाले झगडा गर्न आएको हो भनी बताए। शेशेलले जवाफ दिनुभयो, कि बेलायतीहरूले आफूलाई दुःख नदिएको र असल व्यवहार गरेको हुँदाहुँदै आफूले बेलायतीहरूलाई दुःख दिन सक्दिँन। सङ्गति गर्ने दिनमा झगडा नगरी दिनुहुन शेशेलले अनुरोध गरेकाले सोमबारसम्म पर्खिबसेर सोमबार बिहान तिनीहरूले आक्रमण सुरु गरे। तिनीहरूले बकवाइनहरूको बस्तीतिर गोली हान्न सुरु गरे, र बकवाइनहरूले साहससहित तिनीहरूलाई विरोध गरे, तर अन्तमा पानीको अभावले पछि हट्न बाध्य भए। ३५ जना बोयरहरू र ६० जना बकवाइनहरू मारिए। बस्ती र वरिपरिका ठाउँहरूमा आगो लगायो, अन्नहरू जलेर नष्ट भए, र गाईबस्तुहरूलाई कब्जामा लिएर गए; यी सबै कुरा बकवाइनहरूबाट कुनै पनि उक्साउने काम नभएको हुँदाहुँदै भएको थियो। तर यी सबै कुरा पूर्ण रूपमा मिशनप्रति भएको घृणा र भेट्टाएको खण्डमा लिविङ्स्टनलाई मार्न गरेको निर्णयले गर्दा भएको थियो। लिविङ्स्टनले गरेको निर्णयअनुसार नै अगस्ट महिनामा उहाँ कोलोभेङ्गमा आइपुगेको भए, उहाँले आफ्नो जीवन गुमाउनुपरेको हुन्थ्यो, अथवा बाँचेको भए पनि यात्रामा जाँदा सँगै लिएर गएको सम्पत्तिहरू पनि खोसिएको अवस्थामा उहाँको भविष्यको योजना सबै अन्त हुन आउँथ्यो।

बोयरहरूको निष्ठुरता र अधर्मप्रति आफ्नो धार्मिक रिसलाई देखाउन लिविङ्स्टन पछि पर्नुभएन। साधारण धैर्य गर्ने मानिस भएको उहाँमा एउटा ठुलो क्रोधको कचौरा थियो, जसलाई उहाँले परिस्थितिले माग गर्दा खन्याउनुभयो। उहाँले बोयरहरूको बारेमा बोक्नुभएको विचार गलत होइन भन्ने कुरालाई त्यसपछिको ट्रान्स्वाल रिपब्लीकको(जुनचाहिँ अहिले दक्षिण अफ्रिकाको एउटा प्रान्त हो) इतिहासले स्पष्ट पारेको थियो।

यो अधर्मले लिविङ्स्टनमा ल्याएको परिणामचाहिँ स्थानीयहरूसँग बाँधिएको अवस्थाबाट छुटकारा पाउनु, र बोयरहरूले बन्द गर्न अति प्रयास गरिरहेको

देशलाई पूर्ण रूपमा खोल्नैपर्छ भन्ने उहाँको निर्णयमा ताजा जोश थपिनु थियो। उहाँको जेठानलाई चिठी लेख्दा उहाँले लेख्नुभयो, "म देशभित्र बाटो खोल्छु, अथवा मर्छु।"

सन् १८५३ जुन महिनामा लिविङ्स्टन मकोलोलो पुग्नुभयो। उहाँको दैनिकीहरूले कसरी उहाँले नथाकीकन स्थानीयहरूलाई सिकाउन प्रयास गर्नुभयो भनी देखाउँदछ, स्थानीयहरू प्रायः स्वर्गीय कुराहरूलाई बुझ्नु र स्वीकार गर्नुमा सुस्त नै थिए। उहाँले भेटेको हरेक अफ्रिकी मानिस मृत्यु पछाडिको जीवन छ भन्ने कुरालाई स्वीकार गर्न आइपुग्थे, र तिनीहरूले पहिलेदेखि नै एउटा स्वाधीन परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई मान्दै आएका थिए। यस्तै अवस्थामा भएकाहरूलाई कयौँ वर्षहरूको उदाहरणीय जीवन र शिक्षाबाहेक अरू कुनै कुराद्वारा उद्धारमा डोऱ्याउन सकिँदैन। उहाँ लेख्नुहुन्छ, "हामीले उहाँहरूलाई पूर्ण रूपमा नयाँ लक्ष्यसँग परिचय गराउँदै छौँ, र त्यसलाई सुरु गर्ने स्वर्गीय लेखकले त्यसलाई स्वीकार गर्न मन र हृदयमा काम गर्नुभएन भने हामीले सफलताको आशा गर्न सक्दैनौँ। हामीले विश्वासको आधारमा काम गर्न सक्छौँ, किनभने प्रतिज्ञालाई पूरा गर्न सर्वशक्तिमान्को शक्ति त्यसको पछाडि छ। हाम्रो परिश्रम र त्यसका फलहरू सञ्चय हुँदै जानेछ; अर्को एउटा अवस्थामा पुऱ्याउनको लागि हामीले काम गर्दै गएका छौँ। भविष्यका मिशनरीहरूले आफ्नो हरेक प्रचारद्वारा मानिसहरूले उद्धार पाएको देख्नेछन्। हामी नै अग्रदूत र सहायकहरू हौँ। रातमा काम गरेको हामी पहरेदारहरूलाई उहाँहरूले नबिर्सिऊन्, जो सबै कुरा अँध्यारो हुँदा र मानिसहरूको उद्धार भन्ने सफलताहरू पाउने प्रमाण केही नहुँदा काम गरेका थियौँ। तिनीहरूले हामीले भन्दा बढी ज्योति पाउनेछन्; तर हामीले हाम्रो मालिकको सेवा उत्साहसहित गऱ्यौँ, र उहाँहरूले घोषणा गर्न गइरहेको त्यही नै सुसमाचारलाई हामीले पनि घोषणा गऱ्यौँ।"

एउटा स्वस्थ वासस्थान खोज्ने उहाँको प्रयासमा लिविङ्स्टन बरोट्से देशको भित्रीय भागहरूसम्म जानुभयो, तर उहाँले चाहे जस्तो ठाउँ भेट्टाउन सक्नुभएन। उहाँ गएको हरेक ठाउँमा, योभन्दा अगाडिको यात्रामा उहाँको परिवारलाई झण्डै मृत्युको मुखमा पुऱ्याएको, त्यही नै खतरापूर्ण अफ्रिकी ज्वरोलाई देख्नुभयो। यहाँ पनि दास–व्यापारको त्रास उहाँको लागि भय र बाधाको रूपमा थियो, साथै मिसावट नभएको निष्ठुर धर्मको रीति–रिवाजहरूलाई उहाँले त्यहाँ देख्नुभयो।

उहाँ भन्नुहुन्छ, "मेरो ९ हप्ताहरूको यात्राहरूमा पहिले कहिल्यै नभएझैँ स्थानीयहरूसँग नजिक सम्बन्धमा आउने मौका मैले पाएँ; हुन त तिनीहरू सबै मप्रति नरम, र मेरो कुरालाई सक्दो ध्यानसित सुने तापनि तिनीहरूको नाच, चिच्च्याइ र गीतहरू, चुट्किलाहरू, झगडाहरू र हत्याहरूलाई सहनु मेरो अहिलेसम्मको मिशनरी परिश्रमहरूमा बोकेको मनको पीडाहरूभन्दा ठुलो बोझ थियो। त्यसैले आजसम्म जति मैले यिनीहरूको धार्मिक रीति-रिवाजहरूलाई घृणा गर्थें, त्योभन्दा अझै गहिरो रूपमा घृणा गर्न थालेँ; र यी मानिसहरू जसरी नै जङ्गली मानिसहरू भनी मानिएको दक्षिणमा रहने जातिहरूको बीचमा मिशन परिश्रमले ल्याएको परिणामप्रति मेरो धारणा अझै उच्च भयो। साधारण मानिसको अगाडि महत्त्वहीन देखिने यी परिणामहरू सो ल्याउनको लागि गरिएको परिश्रम र खर्चिएको पैसाको तुलनामा मूल्यवान् छन्।"

मिशनरीहरूको परिश्रमद्वारा भएको नतिजाहरूको बारेमा अन्त एक ठाउँमा यसो पनि लेख्नुभएको छ: "सियरा लियोन र पश्चिम तटका केही अन्य भागहरूमा साथै दक्षिण-अफ्रिकाको एउटा ठुलो भूभागमा भ्रमण गरिसकेपछि हामी सफलताको प्रमाणहरूबाट अत्यन्तै खुशी भयौँ, जुन हाम्रो व्यक्तिगत अवलोकन भित्र परेको थियो। पश्चिम र दक्षिण दुवै ठाउँमा राम्रो पोशाक लगाएको बुद्धिमान् देखिने आराधकहरूको समूह, अझै आफ्नै अन्धविश्वासमा जिइरहेको समूहको बीचमा एउटा असल भिन्नताको रूपमा देखियो। सियरा लियोन, कुरुमन र अन्य ठाउँहरूमा आइतबारको दिन स्कटल्यान्डमा भन्दा असल तरिकाले पालन गरिएको जस्तै देखिन्थ्यो।"

तर एक ठाउँबाट अर्को ठाउँ गर्दै यात्रा गर्ने गरिरहनुभएको लिविङ्स्टनले आफ्नो सेवामा त्यस्ता नतिजाहरू देख्न पाएर खुशी हुने मौका पाउनुभएन, जुन कुरा वर्षौँहरू बिउ छरिसकेपछि मात्र देख्न पाइन्छ। तर उहाँको सबै कठिनाइहरूको बीचमा उहाँले धीरतापूर्वक एउटा मिशनरीको रूपमा आफ्नो काम गर्दै जानुभयो, हरेक आइतबार दुई पटक प्रचार गर्नुहुन्थ्यो, प्रायः उल्लेखनीय सङ्ख्या भएको समूहहरूको बीचमा, कहिलेकाहीँ हजारौँहरूको बीचमा। कहिलेकाहीँ एउटा असल प्रभाव परिसक्यो भन्ने आशामा उहाँ रहनुहुन्थ्यो, तर इसाई धर्म एउटा औषधी उपचारको धर्म हो, र त्यसले जे जति गर्न सक्छ, ती सबै मन्त्रद्वारा मात्र हो भन्ने धारणालाई उहाँले सधैँ सामना

गर्नुपरेको थियो।

उहाँको दैनिकीबाट फेरि उल्लेख गर्नुपर्दा – "यी मानिसहरूसँग व्यवहार गर्नुमा भएको ठुलो कठिनाइचाहिँ विषयलाई स्पष्ट पार्नुमा नै थियो। यिनीहरूसँग बढी घुलमिल नभएको व्यक्तिहरूले सुन्नेहरूको मन बुझ्न सक्दैनन्। क्षमाको लागि तुरुन्तै प्रार्थना गर्छन्, र फेरि पाप गर्छन्, त्यसपछि फेरि त्यो दुष्टताको लागि पश्चात्ताप गर्छन्, र कुरा त्यहाँ नै अन्त हुन्छ।"

दोभाषे मार्फत बोल्नुपर्दा लिविङ्स्टनले कहिलेकाहीँ बेफाइदा भएको अनुभव गर्नुभयो। तेस्रो व्यक्तिको माध्यमबाट सबै साधारण मामिलाहरूमा सञ्चार गर्नु सजिलो नै थियो। तर जब यो धार्मिक सत्यलाई बुझाउनको लागि प्रयोग भयो, जसमा अनुवादकले थोरै अथवा कुनै चासो लिएनन्, काम धेरै नै ढिलो भयो। कुनैले गोरो मानिसको परमेश्वरको बारेमा सुनेर गुप्तमा येशूसँग प्रार्थना गर्न थाले, तर आफूले के गर्दैछु भन्ने कुरा नबुझीकनै सो गरे। धेरैले भने, दक्षिणका केही जातिका मानिसहरूले जस्तै विश्वास नगर्ने दृढ अडान लिए, जसले आफ्नो सबै भाले कुखुराहरूलाई मारे, किनभने ती भालेहरू "त्लङ लो रपेलेङ" भनी बासेको जस्तो लाग्थ्यो, जसको अर्थ (तिनीहरूको भाषामा) "सबै मिलेर प्रार्थना गर्न आउनुहोस्"।

# अध्याय - ६

# महादेशभरि वारपार

उहाँ कुनै एक ठाउँमा स्थापित भएर साधारण रूपमा सुसमाचार प्रचार गर्दै, हरेक प्रचारको परिणाम–स्वरूप हुने उद्धारलाई हेर्दै रहेको भए असल हुन्थ्यो भनी लिविङ्स्टनका केही साथीहरूले सोच्थे। उहाँले आफ्नो बुवा र साथीहरूलाई सन् १८५३ सेप्टेम्बर महिना लेख्नुहुन्छ: "थोरै प्राणहरूको उद्धार, त्यो जति मूल्यवान् भए पनि, त्यसलाई सत्यको ज्ञान देशभरि फैलिने कुराको महत्त्वसँग जोख्नुहुँदैन। म यही गर्छु, र अत्यन्तै खुशी रहन्छु। भारतमा जसरी नै हामीले निरन्तर निराशको भविष्यलाई नै सामना गर्नुपरेको हुन्छ, तर ख्रीष्टको ज्ञान सबै मानिसहरूको बीचमा फैलिरहेको छ। **हामीचाहिँ उजाड स्थानमा कराउने आवाज हौँ, र हामी एउटा महिमित भविष्यको लागि बाटो तयार गर्दैछौँ, जुन समयमा यही नै प्रेमको कथालाई बताउने मिशनरीहरूले हरेक प्रचारमा मानिसहरू उद्धार पाएको देख्नेछन् ।** मैले स्कटल्यान्ड भन्दा अति नै विशाल भूभागमा परमप्रभुको राज्य स्थापना गर्न प्रयास गर्दैछु। ज्वरोले बाधा ल्याएको जस्तै देखिन्छ, तर म ख्रीष्टको राज्यको महिमाको लागि परिश्रम गर्नेछु, ज्वरो आएको अवस्थामा होस्, वा नआएको अवस्थामा होस्।"

मिशन केन्द्रको लागि एउटा स्वस्थ ठाउँ खोज्ने प्रयासमा पूर्ण रूपमा थकित भइसकेपछि लिविङ्स्टनले आफ्नो दोस्रो उद्देश्यतिर ध्यान फर्काउनुभयो। पश्चिमी समुद्र तट पुग्नको लागि एउटा बाटो पत्ता लगाउन प्रयास गर्नुभयो। यो प्रयासमा आफ्नो जीवन जोखिममा पर्ने सम्भावना सधैँ नै उहाँको अगाडि थियो, तर उहाँले सधैँ भन्नुहुन्थ्यो, **"दास-व्यापारले एउटा व्यापारीलाई जहाँ पुर्‍याउँछ, त्यहाँ ख्रीष्टको प्रेमले *(एउटा सेवकलाई)* पुर्‍याउन सक्दैन ?"** उहाँले सधैँ साथमा लिएर यात्रा गरेको मकोलोलो जातिका असल स्थानीयहरूको एक टोलीलाई साथमा लिएर निडरतासहित नचिनेको भूभागभित्र पस्नुभयो।

यद्यपि सबैभन्दा असल स्थानीय मानिसहरू पनि हरेक समस्याको अगाडि

निराश र कमजोर भइहाल्थे। लिविङ्स्टनको बल र साहसलाई हरेक पल्ट उहाँहरूमा हालिदिनुपर्थ्यो। शारीरिक बलको बारेमा कुरा गर्नुपर्दा उहाँ आफैमा पनि थोरै मात्र थियो। सन् १८५३ को नोभेम्बरदेखि सन् १८५४ को जुन महिनासम्मको यो डरलाग्दो ७ महिनाको यात्रामा ज्वरोले ३१ पल्ट उहाँलाई आक्रमण गऱ्यो। यो यात्रामा भएको कठिनाइहरू, रोगहरू, भोग, पार गरेको नदीहरू, थकाइलाग्ने ढिलाइहरू र कठोर जातिहरूले दिएको दुःखहरू यी सबैको बारेमा लिविङ्स्टनले पहिलो पल्ट प्रकाशित गर्नुभएको "यात्राहरू" भन्ने किताबमा लेख्नुभएको छ, जुन कुराले बेलायत र अमेरिकामा लिविङ्स्टन भन्ने नाउँलाई हरेक परिवारमा परिचित नाउँ बन्न पुऱ्यायो।

उहाँ अन्तमा पश्चिमी समुद्र तटमा भएको सेन्ट पाल डि लोआन्डा(Loanda) भन्ने ठाउँमा रहेको पोर्तगाली बस्तीमा आइपुग्दा झुत्रो लुगा लगाएको अस्थिपञ्जर जस्तै आइपुग्नुभएको थियो, र चाँडै नै एउटा लामो समयको दुःखदायी रोगले उहाँलाई ओछ्यानमा लडायो। यो परीक्षाले पनि केही आरामलाई साथमा ल्याएको थियो। महिनौँहरू भुइँमा सुतेर रात बिताएको हुँदा अहिले एउटा आरामदायी ओछ्यानमा सुत्न पाएकोमा भएको आनन्दलाई उहाँले व्यक्त गर्नुभएको थियो। पोर्तगाली व्यापारीहरू र अन्य मानिसहरूको स्नेहसहितको वास्ताले यो एक्लो अन्वेषकको प्राणलाई ताजा तुल्यायो।

उहाँको बल फर्किने बित्तिकै आफ्नो श्रीमती र बच्चाहरूलाई साथमा ल्याउनको लागि तुरुन्तै उहाँ बेलायततिर फर्कनुपरेको थियो। परिवारलाई बेलायत पठाएर दुई वर्ष बितिसकेको थियो, उहाँहरूलाई भेट्ने इच्छा ठुलो नै थियो होला। तर उहाँको साथमा आएका स्थानीयहरूलाई फेरि घरसम्म पुऱ्याउने प्रतिज्ञा उहाँले गर्नुभएको थियो, र यो भयानक यात्रालाई उहाँको अनुपस्थितिमा पूरा गर्न तिनीहरू सक्षम थिएनन्; त्यति मात्र नभएर उहाँले आफ्नो उद्देश्यलाई पूरा गर्नुभएको पनि थिएन। उहाँले मिशन केन्द्रको लागि एउटा स्वस्थ ठाउँ भेट्टाउनुभएको थिएन, नता समुद्रको तट पुग्नको लागि सधैँ प्रयोग गर्न सक्ने एउटा बाटो भेट्टाउन सक्नुभयो। यसैले उहाँ फेरि त्यो भयानक जङ्गलभित्र पस्नुभयो, र पहिलेको सबै कठिनाइहरूको साथ अझै बढी समय लिएर आफ्नो टोलीलाई उहाँहरूको घरसम्म पुऱ्याउनुभयो।

तिनीहरू सबैलाई सुरक्षित घरसम्म पुऱ्याउनु उहाँको ठुलो इच्छा थियो, र

त्यसरी नै बाटोमा भएको खतराहरूलाई पार गर्दै असल स्वस्थसहित २७ जना नै घरमा आइपुगे। यो विशेष उहाँको ध्यानसितको वास्ताको कारण भएको भन्ने कुरामा केही शङ्का छैन। त्यसैले उहाँलाई पछ्याएकाहरूले उहाँप्रति देखाएको असाधारण आदरमा आश्चर्य मान्नुपर्ने कुरा केही छैन। एक पटक एउटा नदीलाई पार गर्दा उहाँ चढेको गोरुले उहाँलाई पानीमा फ्याँकिदियो, र तुरुन्तै २० जना मानिसहरू एकै चोटि आत्तुरीसहित उहाँलाई बचाउन आए, र उहाँ सुरक्षित भएको देखेर सबै जना खुशी माने।

लिविङ्स्टन बरोट्से देशतिर फर्कंदै गर्दा बाथको रोगले गर्दा आउने ज्वरोले उहाँलाई ग्रसित बनायो। उहाँ भन्नुहुन्छ, "यो चिसो भुईंमा सुतेकोले आएको रोग हो, यसको उपाय पनि केही छैन। सम्म ठाउँहरू घुँडासम्मको पानीले जताततै भरेको थियो। हामी त्यो भूमि हुँदै हिँडेकाले भिजेका थियौँ, र एक ठाउँमा उभिएको भए, अझै पूर्ण रूपमा भिज्थ्यौँ।" यति ठुलो पानी पर्दै थियो, कि सबै पूर्ण रूपले भिजिसकेका थिए, र आफ्नो घडीलाई सुक्खा राख्नको लागि उहाँले त्यसलाई काखीमा राख्नुपरेको थियो। उहाँको ओछ्यानचाहिँ भिजेको घाँसहरू ओछ्याएर बनाएको थियो, र थोरै भए पनि चिसोपनलाई घटाउनको लागि गोरुमाथि ओछ्याएको लुगाहरू त्यसमाथि ओछ्याएको थियो। उहाँले लेख्नुहुन्छ, "यो सत्य हो, कि मलाई ज्वरोले अति नै सताएको थियो, तर मेरो यो अनुभवलाई मात्र लिएर अरूसँग तुलना गर्नु मिल्दैन। महिनैपिच्छे चिसो भुईंमा सुत्नुपरेको बाध्यता, ठुलो वर्षाको चपेटा र दिनमा दुई–तीन पटक आफ्नो हात–खुट्टाहरूलाई पानीमा भिजाउनुपर्ने बाध्यता, जराहरू र भातको भरले जिउनुपर्ने, तापक्रम छहारीमुनि नै ३६ डिग्री भन्दा माथि रहेको अवस्थामा हरेक दिन घण्टौँहरू सूर्यमुनि बिताउनुपर्ने – यी सबै कुराहरू अब आउने समयको मिशनरीहरू कसैले भोग्नुपर्ने भन्दा कठिनाइपूर्ण कुराहरू थिए।"

उहाँहरू आफ्नो घरको आसपासमा आइपुग्न लाग्दा सबै जना खुशी भए, र उहाँ लेख्नुहुन्छ, "बरोट्से उपत्यकातिरको हाम्रो यात्रा विजयोत्सव जस्तै थियो। हरेक गाउँका मानिसहरूले एउटा गोरु वा कुनै बेला दुई वटा गोरुसम्म दिएका थिए। म गहिरो रूपमा उहाँहरूप्रति धन्यवादी भएको महसुस गरेँ। दुःख परेको बेलामा सान्त्वना दिन सक्नुहुने ख्रीष्ट, र उहाँहरूलाई शिक्षा दिनुहुने साथै उहाँको राज्यतिर डोऱ्याउनुहुने पवित्र आत्माको बारेमा ज्ञानलाई बाँडेर उहाँहरूलाई

भलाइ ल्याउने प्रयास गरें।" सन् १८५५ जुलाई २३ तारिख उहाँहरूको यात्राको अन्तिम दिनलाई एउटा धन्यवादको दिनको रूपमा बिताए।

कुनै महिनाहरूको विश्रामपछि, जुन समयहरूमा उहाँले आफ्नो वरिपरि भएकाहरूको उद्धारको लागि काम गर्न र प्रार्थना गर्न छोड्नुभएको थिएन, लिविङ्स्टनले फेरि पनि आफ्नो थकाइपूर्ण यात्रा सुरु गर्नुभयो – यो पल्ट पूर्वीय तटतिर, जुनचाहिँ पश्चिम दिशाको भन्दा आशा दिने खालको थियो। उहाँले जम्बेसी नदीको किनार हुँदै जाने क्रममा विक्टोरीया झरनालाई पत्ता लगाउनुभयो, जुनचाहिँ दोस्रो नैयागरा जस्तै थियो, तर त्योभन्दा अझै उदेकलाग्दो थियो। यो यात्राभरि उहाँको मनलाई भरेको कुराहरूचाहिँ त्यो देशको आकार र मिशन चलाउन सक्ने असल तरिका र अफ्रिकीहरूलाई ख्रीष्टमा डोऱ्याउनु यी नै थिए।

उहाँको यात्रामा उहाँ बारम्बार स्थानीयहरूबाट आउने खतराहरूमा पर्नुभयो, तापनि प्रभुमाथिको उहाँको भरोसा कहिल्यै कमजोर भएन। उहाँ आफै भन्नुहुन्छ – (यस्तो काम गर्न प्रयास गर्ने सबैको गवाही यही नै हुन्छ) "दिनानुदिन जङ्गली मानिसहरूको बीचमा यात्रा गर्दा त्यसले प्राणमा धर्मप्रति एउटा निश्चेतन अवस्था ल्याउने प्रयास गर्दछ," तर उहाँको दैनिकीहरूलाई हेर्दा हामी थाहा पाउन सक्छौँ, यी सबै बाधा र परीक्षाहरूको बीचमा पनि उहाँको विश्वास अनन्तका चट्टान ख्रीष्ट येशूमाथि नै स्थिर रहिरह्यो।

जम्बेसी र लोन्वा नदीहरू सङ्गम हुने ठाउँमा झण्डै भइहालेको दुर्घटनामा पर्दा सन् १८५६ जनवरी १४ मा आफ्नो दैनिकीमा लेख्नुहुन्छ: "यहाँसम्म परमप्रभुले दिनुभएको अनुग्रहको लागि धन्यवाद दिन चाहन्छु। अबको कति समयभित्र मेरो धार्मिक न्यायकर्ताको अगाडि उभिनको लागि मलाई बोलाइन्छ, मलाई थाहा छैन। सबैको जीवन उहाँको हातमा छ, र उहाँ दयालु र अनुग्रही परमेश्वर हुनुहुन्छ। हे प्रभु येशू, तपाईंको इच्छालाई स्वीकार गर्न मलाई सहायता गर्नुहोस् , र तपाईंको शक्तिशाली बाहुलीमा भरोसा गर्न मलाई अनुग्रह गर्नुहोस् । तपाईंको वचनलाई मैले पक्रेको छु। तर अफ्रिकाको लागि मध्यस्थ–बिन्ती गर्न मलाई अनुग्रह गर्नुहोस् । अहिले म मरे भने, अफ्रिका खोलिएको छैन भन्ने यो कुरालाई त्यसले कति असर पार्छ होला ! प्रभु हेर्नुहोस् , तपाईंको पुत्रको विरोधमा भएझैँ यो अन्य जातिका मानिसहरू कसरी मेरो विरोधमा उठ्दैछन् । मेरो मार्गहरू म तपाईंलाई सुम्पिँदै छु; मलाई अगुवाइ गर्नुहुन्छ भन्ने

भरोसा पनि तपाईंमाथि राखेको छु। तपाईंसँग माग्ने हरेकलाई तपाईंले उदार चित्तले बुद्धि दिनुहुन्छ – बुवा मलाई पनि दिनुहोस् । मेरो परिवार तपाईंको हो। तिनीहरू असल हातमा छन् । हे प्रभु, अनुग्रही हुनुहोस् , र हाम्रो सबै पापहरूलाई मेटिदिनुहोस् ।

*'दोषी, कमजोर र सहाराहीन किरा*
*तपाईंको हातहरूमा म पर्दैछु ।'*

मलाई नत्याग्नुहोस् , र मलाई नछोड्नुहोस् । म आफैलाई र मेरो सारा फिक्रीहरूलाई तपाईंको पाउदानमा राख्दैछु। यहाँ र अनन्तकालको लागि मलाई आवश्यक पर्ने सबै कुराको बारेमा तपाईं जान्नुहुन्छ।"

यो समयमा लोन्वा नदीको मुखमा(जम्बेसी नदीमा मिसिने ठाउँमा) उहाँले दुई वटा माथि उठिएको जमिनको भागहरू भेट्टाउनुभएको थियो, जुन कुराले उहाँमा मिशन र व्यापारको भविष्यको बारेमा नयाँ आशा फलेको थियो। त्यसैले उहाँले अझै कुनै समय सेवा गर्नको लागि पृथ्वीमा रहने अनुमति दिऊन् भनी उत्कटतासहित प्रार्थना गर्नुभयो। अन्तमा एउटा स्वस्थ ठाउँ पत्ता लगाएको उहाँको सफलताको बारेमा अरूहरूले थाहा पाउनुपर्छ भन्ने कुरामा चिन्तित हुनुहुन्थ्यो, र निर्देशकहरूले त्यहाँ एउटा मिशन केन्द्र स्थापना गर्छन् भन्ने उत्कट आशा बोक्नुभएको थियो।

सन् १८५६ को मे महिना पूर्वीय तटको कुलाइमेन (Quilimane) मा रहेको अर्को पोर्तगालीहरूको बस्तीमा लिविङ्स्टन आइपुग्दा, उहाँ केप टउनबाट यात्रा सुरु गरेको दिनदेखि चार वर्ष बितिसकेको थियो। यो पल्ट उहाँले पूरै महादेशलाई पार गरिसक्नुभएको थियो – कुनै पनि युरोपेली मानिसले नगरेको उल्लेखनीय काम ! यी सबै यात्राहरू, कठिनाइहरू र खतराहरूको बीचमा नै भएको थियो, जुन यात्रामा साहसी र सबै परिस्थितिलाई सामना गर्न सक्ने मानिस पनि असफल हुन्थ्यो। उहाँको यो सफलता सबैको अगाडि आश्चर्यपूर्ण थियो भन्ने कुरालाई सन् १८५५ मे महिना जियोग्राफिकल सोसाइटीले त्यसको लागि उहाँलाई सुनको पदक दिएकोबाट थाहा पाउन सक्छौं, जुनचाहिँ सबैभन्दा उच्च आदरको थियो।

केप टउनमा त्यतिखेर रहेको खगोल शास्त्र वैज्ञानिक श्रीमान् मेक्ल्याएरले उहाँको बारेमा यसो भन्नुभएको थियो, "थोरै यात्रीहरूले मात्र गरेको यो गर्व गर्न सक्ने काम उहाँले गर्नुभएको छ। उहाँ एउटा साधारण मिशनरी मात्र हुनुभए तापनि भौगोलिक बिन्दुहरूलाई उहाँले एकदम सही तरिकाले चिन्ह लगाइदिनुभएको छ।" तर डा. लिविङ्स्टन सभ्य समाजहरूको बीचमा जाँदा, अहिले आफूलाई एउटा नचिनिएको मिशनरीको रूपमा भेट्टाउनुको सट्टामा विश्व प्रख्यात अन्वेषकको रूपमा भेट्टाउनुभयो।

तर एउटा अन्वेषकको रूपमा उहाँले मिशनरी आत्मालाई गुमाउनुभयो भनी हामीले सोच्नुहुँदैन। उहाँको यो सबै यात्राहरूमा विभिन्न देशहरूमा विभिन्न जातिहरूलाई उहाँले सुसमाचार प्रचार गर्नुभयो। उहाँले आइतबारको सङ्गति चलाउन नसक्ने गरी धेरै रोगी भएको अवस्थामा पनि नक्साहरू र बत्ती(Magic lantern) राखेर धर्मशास्त्रको सत्यहरूलाई त्यो असभ्य मानिसहरूको बीचमा आकर्षक तरिकाले प्रस्तुत गर्नुहुन्थ्यो। उहाँले यो यात्रा सुरु गर्नुभन्दा अघि आफ्नो बुवालाई लेख्नुभयो: **"म एउटा मिशनरी हुँ, हृदय र प्राण दुवैमा । परमेश्वरको एक मात्र छोरो हुनुहुन्थ्यो, उहाँ मिशनरी हुनुहुन्थ्यो, र चिकित्सक पनि हुनुहुन्थ्यो । उहाँको एउटा कमजोर नक्कल म हुँ, अथवा हुन चाहन्छु । यही सेवामा नै रहिरहेर जिउन चाहन्छु, र यही अवस्थामा नै मर्न चाहन्छु ।"** यो यात्राको अन्तमा उहाँले लेखेको वाक्यहरूले कुन प्रकारको आत्माले उहाँले यो काम गर्नुभयो भन्ने कुरालाई दर्शाउँछ, "मेरो बोलावटलाई आधार मानेर हेर्दा यो सफलता कामको सुरुवात मात्र हो।"

# अध्याय - ७

# बेलायततिरको पहिलो यात्रा

लिविङ्स्टन कुलाइमेनमा हुँदा नै लन्डन मिशनरी सोसाइटीबाट प्राप्त गरेको पत्रले उहाँलाई अति नै दुःखित तुल्यायो। सोसाइटीको आर्थिक परिस्थितिले गर्दा अब उप्रान्त विकट र कठिनाइपूर्ण भागहरूमा सेवा विस्तार गर्न सकिँदैन भन्ने कुरालाई त्यो पत्रमार्फत जनाएको थियो। आफ्नो प्रस्ताव अस्वीकृत भयो भन्ने कुरालाई लिविङ्स्टनले बुझ्नुभयो। पूर्व अथवा पश्चिमतिर तटसम्म पुग्नको लागि नयाँ बाटो बनाउने उहाँको योजना निर्देशकहरूद्वारा स्वीकृति पाएको थियो, र त्यसलाई पूरा गर्न गरेको प्रयास ख्रीष्टको राज्यको भलाइको लागि गरिएको भनी उहाँले ठान्नुहुन्थ्यो। कठिन परिश्रमसहित आफूले आफ्नो कर्तव्य पूरा गर्दैछु भन्ने कुरामा कुनै शङ्काविना यो काम गरेको बेलामा, सात पल्टसम्म उहाँको जीवन असभ्य मानिसहरूद्वारा जोखिममा परेको थियो। उहाँले सोसाइटीलाई लेख्नुभएको पत्रलाई यसरी अन्त गर्नुभएको थियो: “मैले जे गरेको थिएँ, त्यसमा घमण्ड गर्दिनँ; तर मैले प्राप्त गरेको अचम्मको अनुग्रहले मलाई विवश तुल्याउने भएकाले सोसाइटीले साथ नदिए तापनि म यो कामलाई अगाडि बढाउँछु। यदि परमप्रभुको इच्छा बमोजिम यो काम भएको हो भने, चाहेको स्रोत अन्य कुनै माध्यमबाट जुट्नेछ।”

लिविङ्स्टनले अन्तमा आफ्नो ‘प्यारो बेलायत’तिर जानुपर्छ भनी सोच्नुभयो, र लामो कठिनाइपूर्ण यात्रापछि आफ्नी श्रीमती र बच्चाहरूलाई भेट्नुभयो। तर उहाँको आनन्दमा दुःख पनि मिसिएको थियो, कारण उहाँको प्यारो बुवा, जसलाई उहाँले भेट्न अति नै इच्छुक हुनुहुन्थ्यो, अब उहाँ संसारमा हुनुहुन्न। आफ्नो छोरो घरतिरको यात्रामा हुँदा उहाँले विश्वास र शान्तिसहित संसार छोडेर जानुभयो। उहाँ मृत्युको नजिक हुँदा उहाँकी छोरीले भन्नुभयो, “तपाईंले डेविडलाई भेट्न अति नै इच्छुक हुनुहुन्थ्यो।” उहाँले जवाफ दिनुभयो, “हो, अति नै, अति नै; तर परमप्रभुको इच्छा पूरा होस्।” केही समय शान्त रहेपछि फेरि भन्नुभयो, “तर मलाई लाग्छ, उसको बारेमा जे थाहा पाउन योग्य छ, त्यो

थाहा पाउनेछु। तिमीले उनलाई भेट्दा मेरो विचार यही नै थियो भन्ने कुरालाई बताइदिनु।" लिविङ्स्टन आफ्नो बाल्यकालको घरमा आउँदा आफ्नो बुवाको खाली कुर्सीले उहाँलाई गहिरो रूपमा दुःखित तुल्यायो। उहाँको बहिनीहरूमध्येमा एक जनाले लेख्नुहुन्छः "पहिलो दिनको बेलुकी उहाँले बुवाको रोगी अवस्था र मृत्युको बारेमा सोध्नुभयो। हामीमध्येमा एक जनाले बतायौँ, कि उहाँ मर्न लागेको थाहा पाउँदा उहाँको आत्मा आनन्दित भएको थियो, यो सुन्ने बित्तिकै डेविड आँसुले भर्नुभयो। बेलुकाको पारिवारिक सङ्गतिमा गहिरो प्रभावसहित डेविडले भन्नुभयो, 'प्रभु, हामीले हाम्रो आमा-बुवाको लागि तपाईंलाई धन्यवाद दिन चाहन्छौँ; मृतकको लागि पनि, जो प्रभुमा बित्नुभयो।'"

आफ्नो प्यारो र नजिकको मानिसहरूद्वारा स्वागत गरिँदा पाएको आनन्दको साथ लिविङ्स्टनले माननीय र प्रख्यात मानिसहरूद्वारा सोसाइटीमा स्वागत पाउनुभयो, साथै विभिन्न प्रकारको सम्मानहरू पनि उहाँलाई दिइएको थियो। "यात्री, भूगोलबिद, प्राणी शास्त्री, खगोलबिद, मिशनरी, चिकित्सक र व्यापार निर्देशक, यस्ता विभिन्न स्थानहरू एउटै मानिसले योभन्दा अघि कहिल्यै पाएको छ त? अथवा यी सबै पेशाहरूमा आफ्नो कर्तव्यलाई होशियारीसित पूरा गरेर यस्तो महान् सफलताहरू अरू कुनै मानिसले पाएको छ त?"

उहाँको सबै यात्राहरूको नतिजालाई सङ्कलन गरेर किताबको रूपमा प्रकाशन गर्नको लागि उहाँलाई अनुरोध भयो, यसैले सन् १८५७ सालको प्रायः दिनहरू लेख्नुमा नै बित्यो। उहाँको दैनिकीमा चाहेको सबै जानकारीहरू भए तापनि त्यसलाई व्यवस्थित रूपमा मिलाएर फेरि लेख्नु एउटा कठिन काम थियो। यथार्थमा लिविङ्स्टनले भन्नुहुन्थ्यो, कि अर्को एउटा किताब लेख्नुको सट्टामा बरु अफ्रिकालाई फेरि एक पल्ट पार गर्न सकिन्छ। यो किताबमा मिशनरी कामको विवरण भन्दा विज्ञान, भूगोल, बोट-बिरुवाहरू र जनावरहरूसम्बन्धी नै बढी विवरण छ भनी गुनासोहरू आउँथ्यो। यदि यो किताबमा मिशनरी कामसम्बन्धी दिएको विवरण र व्यक्त भएको धारणाहरूलाई हामीले सङ्कलन गर्‍यौँ भने त्यो कम महत्त्वको हुँदैन। तर लिविङ्स्टनले आफूलाई मिशनरी प्रयासको अग्रदूत भनी मात्र ठान्नुहुन्थ्यो। हुन सक्छ, अरू कुनै मिशनरीले अफ्रिकामा यति धेरै मानिसहरूलाई प्रचार गरेको छैन होला, तर प्रायः समयहरूमा उहाँ एउटा बिउ छर्ने मात्रै हुनुहुन्थ्यो, कटनी गर्ने बन्नुभएन। यो

यथार्थ हो, कि केही मानिसहरू अन्धकारबाट ज्योतिमा फर्किनको लागि उहाँ माध्यम हुनुभएको थियो, तर अफ्रिकाको भित्रीय भागहरूमा मिशनरी काम हुन बाँकी नै छ भनी उहाँले ठान्नुहुन्थ्यो। अफ्रिकाको विशाल भूभागहरू कटनीको लागि तयार भएको कुरालाई प्रकाशमा ल्याएर इसाईहरूको बीचमा उत्साह ल्याउन चाहनुहुन्थ्यो, र अफ्रिकालाई ख्रीष्टको लागि जित्न उनीहरूलाई अगुवाइ गर्न चाहनुहुन्थ्यो। अफ्रिकाको भलाइको लागि वैज्ञानिकहरू, व्यापारीहरू र सबै तहका मानिसहरूलाई प्रभाव पार्न चाहनुहुन्थ्यो। इमानदारीसाथ आफूले थाहा पाएको कुराहरूलाई उहाँले लेखिराख्नुहुन्थ्यो, र त्यसमाथि बनाउनको लागि अरूलाई ठाउँ दिनुहुन्थ्यो, र सधैँ भन्नुहुन्थ्यो, "भौगोलिक कुराहरूमा हासिल भएको सफलताहरू मिशन कामको सुरुवात मात्र हो।"

लेख्नुमा व्यस्त र थकित भए तापनि उहाँको जीवनको एउटा खुशीको समय यो हुनुपर्थ्यो। प्रायः आफ्नो बच्चाहरू वरिपरि भएको अवस्थामा नै काम गर्नुहुन्थ्यो, र उनीहरूको हल्ला र खेलले उहाँलाई बाधा पुऱ्याउँदैन थियो। धेरै वर्षको एक्लोपनको पछाडि सिर्फ उनीहरूको उपस्थितिले नै उहाँलाई सन्तुष्टि ल्याएको हुनुपर्ने। धेरै पल्ट तिनीहरूसँग हिँड्नुहुन्थ्यो, र मिलेर उधुम मच्चाउनुहुन्थ्यो। नानीहरूसँगको खेलमा उहाँलाई मनपर्नेचाहिँ जङ्गलतिर उहाँहरूको साथमा हिँड्दा अचानक लुकेर तिनीहरूलाई खोज्न लगाउनु थियो, जसरी उहाँ अफ्रिकाको जङ्गलमा हराउँदा मानिसहरूले खोज्थे, र अचानक नसोचेको भागबाट निस्कनुहुन्थ्यो।

प्रकाशकहरूको असल काम र 'मिशनरी यात्राहरू' भन्ने किताबको सफलताले उहाँलाई अलिकति धन ल्यायो। उहाँले पाएको त्यो धनबाट आफ्नो बालबच्चाहरूलाई पढाउनको लागि जति पैसाको आवश्यक पर्छ, त्यो जुटाइराख्नु आफ्नो कर्तव्य ठान्नुभयो, र बाँकी रहेको ठुलो भागचाहिँ उहाँको हृदयमा उहाँले राख्नुभएको उद्देश्यतिर प्रयोग हुन गयो।

सन् १८५७ को शरद ऋतुमा लेख्ने काम सिद्धिएको हुँदा लिविङ्स्टनले देशभरि यात्रा गर्नुभयो, र धेरै सभाहरूमा प्रचार गर्नुभयो। तर आफूले सो गर्नुपर्छ भन्ने विचारमा नभएर आफूप्रति देखाएको प्रेमको खातिर निम्तोहरूलाई स्वीकार गर्नुभयो। आफूले छानेको जीवनको काममा फर्किन उहाँ अति इच्छुक हुनुहुन्थ्यो, र पाएको मान र इज्जतमा नरमाउने नम्र स्वभावको व्यक्ति उहाँ

हुनुहुन्थ्यो। तर मौका पाएसम्म अफ्रिकामा सुसमाचार पुऱ्याउने इच्छालाई मानिसहरूमा जगाउन खुशीसाथ त्यसलाई प्रयोग गर्नुहुन्थ्यो, र आफ्नो मालिकको पक्षमा रहेर बोल्नुहुन्थ्यो।

यो सालमा नै उहाँले लन्डन मिशनरी सोसाइटीबाट छुट्टिने निर्णय गर्नुभयो, जुन कुराको बारेमा मानिसहरूले धेरै आलोचना गरेका थिए। यद्यपि यो निर्णय ध्यानसित गरिएको थियो, र आफूलाई परमेश्वरले अफ्रिकालाई सुसमाचारको लागि खोल्न अग्रदूतको रूपमा बोलाउनुभएको जस्तो महसुस गर्नुभयो, जुन काम मिशनरी सेवाको लागि भनी दिएको पैसाबाट तलब लिएर गर्नको लागि नमिल्ने काम जस्तो धेरैलाई देखिन सक्छ। यसैले आफूलाई पूर्वीय तट र अफ्रिकाको केही भित्रीय भागहरूको लागि वाणिज्य दूतको रूपमा रहेर काम गर्न सरकारले दिने तलबलाई लिनु उचित हुन्छ भनी सोच्नुभयो। यी कुराहरूको लागि तयारी गरिरहेको हुँदा क्यामबृजमा बोल्दा, आफूलाई सुनिरहेकाहरूले मिशनरी सेवामा प्रवेश गर्नुपर्छ भनी अपिल गर्दै यी शब्दहरूद्वारा प्रचारलाई अन्त गर्नुभयो।

"यदि तपाईंहरूले यो सेवा गर्दा पाउने सन्तुष्टि र आफूलाई महान् र पवित्र कामको लागि बोलाउनुभएको परमेश्वरप्रति मिशनरीले महसुस गर्नुपर्ने कृतज्ञताको बारेमा थाहा पाउनुभयो भने, तपाईंहरूले यो कामलाई अँगाल्न आनाकानी गर्नुहुन्न। मेरो आफ्नो व्यक्तिगत अनुभवको बारेमा भन्नुपर्दा, परमेश्वरले मलाई यो कामको लागि नियुक्त गर्नुभएकोमा म सधैँ आनन्दको अनुभव गर्दै आएको छु। मैले मेरो जीवनको प्रायः समयहरूलाई अफ्रिकामा बिताएको बलिदान हो भनी मानिसहरूले कुरा गर्छन्। परमेश्वरप्रति हामी सबै ऋणी छौँ, जुन ऋण तिर्न नसक्ने गरी विशाल छ, त्यसको केही अंशहरूलाई फिर्ता दिएको कुरालाई के हामी बलिदान भन्न सक्छौँ त? बारम्बार हुने मनको पीडा, रोग, शरीरको पीडा र खतराहरू साथै यो जीवनलाई आवश्यक पर्ने अत्यावश्यक कुराहरू र प्रेमलाई गुमाउनु, यी सबै कुराहरूले हाम्रो आत्मालाई हल्लाउन सक्छ, र प्राणलाई डुबाउन सक्छ, र हामीलाई रोक्न सक्छ, तर यी सबै क्षणिकको लागि मात्र हो। यी कुराहरू हामीमा र हाम्रो लागि प्रकाश हुन गइरहेको महिमाको तुलनामा केही पनि होइन। मैले कहिल्यै बलिदान गरेको छैन। उहाँले उच्च स्थानमा रहेको बुवाको सिंहासनलाई छोडेर हाम्रो लागि

आफूलाई दिनुभयो, र उहाँले गर्नुभएको यो महान् बलिदान सम्झिँदा हामीले अरू बलिदानको बारेमा कुरा गर्नुहुँदैन; 'जो परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सँभाल्नुहुन्छ। पाप शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा विराजमान हुनुभयो।' तपाईंको ध्यानलाई अफ्रिकातिर फर्काउन म बिन्ती गर्छु; मलाई थाहा छ, कि अझै केही वर्षहरूभित्र त्यो देशमा मेरो जीवन अन्त हुन्छ, जुन देश अहिले खोलिएको छ; फेरि त्यसलाई बन्द हुन नदिनुहोस्! व्यापार र इसाईत्वको लागि बाटो खोलिदिन म फेरि अफ्रिका जाँदैछु; मैले छोडेको कामलाई तपाईंहरूले पूरा गर्नुपर्छ। म तपाईंहरूलाई त्यो जिम्मेवारी छोडेर जाँदैछु!'

अर्को एक ठाउँमा सम्बोधन गर्दा यसो भन्नुभएको थियो: "मेरो व्यक्तिगत तर्फबाट भन्नुपर्दा म मिशनरी भएर जाँदैछु... अफ्रिकामा मेरो उद्देश्य मानिसहरूको उन्नति मात्र होइन, तर देश यस्तो प्रकारले खोलिएको होस्, ताकि मानिसहरूले आफ्नो प्राणको उद्धारको आवश्यकतालाई देख्न सकियोस्।"

उहाँको परिश्रमहरूको तुलनामा बेलायतको उहाँको यात्रा छोटो अवधिको नै थियो, तर अफ्रिकाको बारेमा मानिसहरूले बोकेका धारणामा एउटा विशाल परिवर्तन ल्यायो। बालुवाले भरिएको मरुभूमि भनी मानिएको अफ्रिकालाई एउटा उब्जनी दिने जमिन र प्राकृतिक रूपले सम्पन्न भएको देशको रूपमा देख्न पाउँदा मानिसहरू आश्चर्यचकित भए। सुरुदेखि नै कालो मानिसहरू निर्बोध र निर्दयी हुन्छन् भन्ने प्रभाव मानिसहरूको बीचमा थियो, तर लिविङ्स्टनले, पहिले मफेटले बुझाए जसरी नै, सही प्रकारले व्यवहार गर्दा सिकाउन सक्ने, प्रेमिलो र असल गुण भएको मानिसहरूको रूपमा तिनीहरूलाई भेट्टाउन सकिन्छ भनी देखाउनुभयो। भित्रीय भागहरूमा हुने दास–व्यापारको बारेमा लिविङ्स्टनले भयानक विवरणहरू दिइसक्नुभएको थियो, यद्यपि पछि उहाँ भित्री भागहरूमा फेरि यात्रा गर्दा त्यो डरलाग्दो दुष्टताद्वारा अझै बढी प्रभावित हुनुभयो। आफूले पत्ता लगाएको ठाउँहरूलाई अफ्रिकाको मानचित्रमा निशान लगाएर अफ्रिकाको रूपरेखालाई स्पष्ट रूपमा प्रकाशमा ल्याउनुभयो, र मिशन कामको लागि उहाँले पहिले नै अपिल गर्नुभएको थियो, जसले मानिसहरूको बीचमा उल्लेखनीय चासो विकास गरेको थियो।

आफ्नो साथीहरू भएको मकोलोलो मानिसहरूको साथमा रहन उहाँको हृदय तृषित थियो,  र उहाँहरूको बीचमा मिशनरी भएर रहन पाएकोमा सन्तुष्ट बन्नुहुन्थ्यो, र कर्तव्यले उहाँलाई अर्को दिशातिर बोलाउँदै थियो। आफ्नो सालो श्रीमान् जोन मफेटलाई आफ्नो सट्टामा तिनीहरूको मिशनरी बन्न व्यवस्था गर्नुभयो, र आफ्नै स्रोतबाट ५ वर्षसम्म उहाँलाई तलब दिनुभयो। उहाँले त्यसरी प्रतिज्ञा गरेर दिएको त्यो तलबलाई जम्मा गर्दा, त्यो एउटा वाणिज्य दूतको रूपमा लिविङ्स्टनले ३ वर्षसम्म पाएको तलबको बराबर थियो।



**लिविङ्स्टनको सालिक - विक्टोरीया झरना, जाम्बिया**

# अध्याय - ८

## जम्बेसी नदीको अन्वेषण

आफ्नो फर्की आउने निर्णयलाई मृत्युबाहेक अरू कुनै पनि कुराले रोक्न सक्दैन भनी डा. लिविङ्स्टनले आफ्नो विश्वासयोग्य मानिसहरूलाई अफ्रिकामा वचन दिनुभएको थियो, र आफ्नो वचनलाई उहाँले पूरा गर्नुभयो। सन् १८५८ मार्च महिना आफ्नो प्रिय श्रीमती, कान्छो छोरो र अन्वेषण गर्ने सदस्यहरूको साथ लिवरपूलदेखि समुद्र यात्रा सुरु गर्नुभयो। जहाजमा उहाँहरूको साथमा एउटा वाष्पीय यन्त्रबाट चल्ने डुङ्गाको पुर्जाहरू लैजानुभएको थियो, जसको नामचाहिँ 'मा रबेर्ट' थियो; यो नामचाहिँ लिविङ्स्टनकी श्रीमतीको अफ्रिकी नामबाट आएको हो, जसको अर्थ रबेर्टको(उहाँको जेठो छोरो) आमा थियो। यो डुङ्गा जम्बेसी नदी र त्यसको उप-नदीहरूलाई अन्वेषण गर्न अति उपयुक्त हुन्छ भन्ने आशा गरेका थिए। अन्तमा, अहिले भविष्य उहाँको अगाडि उज्यालो देखियो। पर्याप्त कोषहरू उहाँको जिम्मामा थियो, साथसाथै यस्तो अन्वेषणलाई चाहेको जनशक्ति पनि उहाँको साथमा थियो। अब थकाइपूर्ण यात्राहरूको सट्टामा जान चाहेको ठाउँमा उहाँलाई पुऱ्याउन वाष्पीय डुङ्गा पनि उहाँको साथमा थियो, र अब उप्रान्त उहाँको श्रीमतीले उहाँलाई छोडेर जानुहुन्न भन्ने कुरा पनि एउटा महत्त्वपूर्ण कुरा थियो।

तर यो उज्यालो आशाहरू सबै पूरा हुन आएन। केप टउनमा आइपुग्नेबित्तिकै लिविङ्स्टनकी श्रीमतीको अस्वस्थपनाले तिनलाई लिविङ्स्टनको साथमा जान दिएन। उहाँ कुनै समय पछाडि श्रीमान्‌को साथ फेरि काममा सामेल हुने आशासहित कुरुमनमा रहेको आमा-बुवाको साथमा रहन जानुभयो।

केही बाधाहरू आए पनि सुरुमा अन्वेषण अगाडि बढ्यो। सन् १८५८ को बाँकी समयहरू र सन् १८५९ को पूरै समयहरू जम्बेसी नदी र त्यसको उपनदी भएको सयर नदीलाई अन्वेषण गर्नुमा बित्यो। सन् १८५९ को सेप्टेम्बर महिना उहाँहरूले नयासा माललाई पत्ता लगाउनुभयो। उहाँले पहिलो पल्ट त्यो माललाई

देखेको समयदेखि नै त्यो ताल र सयर उपत्यकालाई मध्य–अफ्रिकाको महत्त्वपूर्ण ठाउँहरूको रूपमा मान्नुभयो। समय बित्दै जाँदा उहाँको धारणा सही हो भन्ने कुरा स्पष्ट हुँदै गयो। २० अथवा ३० वटा गरिब स्कटिस अथवा बेलायती परिवारहरूलाई त्यहाँ ल्याएर त्यो ठाउँमा एउटा बेलायती बस्ती बसाउन उहाँले अति इच्छा गर्नुभयो, र त्यसको लागि २००० पाउण्ड दिन पनि तयार हुनुहुन्थ्यो। दास–व्यापारलाई निरुत्साहित तुल्याउन भरपर्दो माध्यमचाहिँ कपासको व्यापार सुरु गर्नु हो भनी उहाँले महसुस गर्नुभयो, र ती इसाई परिवारहरूले एक्लो मिशनरीले स्थानीयहरूको बीचमा गर्न सक्ने भन्दा अझै बढी ख्रीष्टको लागि गर्न सक्छन् भनी मान्नुहुन्थ्यो। सयर उपत्यका खेतीपातीको लागि योग्य ठाउँ थियो।

लिविङ्स्टन फेरि अन्वेषणको लागि तयार हुँदा वाष्पीय डुङ्गाले उहाँहरूलाई धोका दियो, जुनचाहिँ सुरुमा आशा गर्न सक्ने र भरपर्दो देखिन्थ्यो। डुङ्गाले अति बढी कोइला नाश गऱ्यो, र यात्राभन्दा धेरै घण्टा अगाडि नै वाष्पीय यन्त्रलाई चालु गरिराख्नुपर्थ्यो, र यति बढी आवाज निकाल्यो, कि सबैले दमको रोगी भएछ भन्थे, साथै हातले चलाएको नाउहरूभन्दा ढिलो चल्थ्यो। आफू ढाँटिएको कुरा बुझ्दा लिविङ्स्टन धेरै दुःखित हुनुभयो। वाष्पीय डुङ्गा बनाएको मानिसले लिविङ्स्टनको कामप्रति भएको प्रेमले बनाइदिन्छु भनी उहाँलाई भनेको कुरालाई विश्वास गरेर लिविङ्स्टनले पैसा तिर्नुभएको थियो।

यस्ता अन्वेषणमा हुने समस्याहरूलाई बुझ्नु हामीलाई कठिन कुरा हो। गर्मी, मच्छर, ढिलाइ र बालुवाहरूमा डुङ्गा अड्किने र कोइला पाउनको लागि हुने समस्या(लिविङ्स्टनले लेख्नुभएको छ, कि एक दिनको लागि चाहिने कोइला तयार गर्नको लागि सबै मिलेर डेढ दिनसम्म दाउरा काट्नुपरेको थियो), समान रूपमा भइरहने एकै प्रकारको काम, औलो ज्वरो फैलिएको वातावरण, बारम्बार दोहोरिने अस्वस्थपन, यी सबै मिलेर अति नै ठुलो थकाइ ल्याउँथ्यो। लिविङ्स्टन लेख्नुहुन्छ: “अफ्रिकी ज्वरोको प्रभाव अनौठो छ। उत्साह हराउँदछ, र मनलाई कालो बादलले ढाक्दछ। एकदम असल तरिकाले बताएको चुट्किलाले पनि सानोभन्दा सानो मुस्कान पनि ल्याउन सक्दैन। ज्वरोले तल परेको बिरामीलाई कुनै पनि कुराले खुशी ल्याउन सक्दैन।”

यो कप्तानले आफ्नो देशको मानिसहरूलाई अगुवाइ गर्नुमा पनि समस्याहरू

सामना गर्नुभयो, जुन कुरा उहाँले स्थानीयहरूको बीचमा गर्नुभएन। लिविङ्स्टन आफ्नो कर्तव्यप्रति अति समर्पित हुनुहुन्थ्यो, र ध्यानसित आफ्नो जिम्मेवारलाई पूरा गर्नुहुन्थ्यो; आफ्नो कामलाई पूरा गर्नुमा खेलबाड गरेको कुरालाई मन पराउनुहुन्नथ्यो।


सबै सुविधासँग आजको समयहरूमा सभ्य मानिसहरूको देशमा यात्रा गर्दा पनि कुनै समय पछाडि त्यसले एउटा मानिसमा भएको नमिल्ने स्वभावहरूलाई प्रकट गराउँदछ। तर लिविङ्स्टनसँग मिलेर यात्रा गरेकाहरूले सधैँ नै उहाँको असल गुणहरू र मिलनसार स्वभावको बारेमा प्रशंसा गर्न पाउँथे।

लिविङ्स्टन जहाँ-जहाँ जानुभयो, त्यो ठाउँको रूख, बोट-बिरुवा र फलफूलहरूलाई व्यापारिक दृष्टिकोणले अध्ययन गर्नुहुन्थ्यो। साथै आफूले बनाएको औषधीद्वारा ज्वरो निको भएको देख्न पाउनुमा पनि अति खुशी मान्नुहुन्थ्यो।

पहिले सिंहबाट उम्के जसरी नै, एक पल्ट गैँडाबाट उम्केको उल्लेखनीय घटना पनि उहाँको जीवनमा घटेको थियो। त्यो जनावर उहाँकहाँ झम्टेर आयो, तर नजिक आइसकेपछि बुझ्न नसकिने अनौठो कारणले अचानक रोक्यो, र उहाँ उम्किने मौका पाउनुभयो। कहिल्यै नदेखेको सेतो मानिसलाई अगाडि देख्दा जनावर छक्क परेर त्यसको होश उडेको हुन सक्छ।

सन् १८६० मा लिविङ्स्टन पुरानो साथीहरू भएको मकोलोलो मानिसहरूको बीचमा आइपुग्दा तिनीहरूको उहाँप्रतिको प्रेम र विश्वासले उहाँको हृदयलाई छोयो। तर यो विश्वास पूर्ण रूपमा उहाँले तिनीहरूप्रति गरेको व्यवहारद्वारा स्थापित भएको थियो। उहाँ भन्नुहुन्छ, "सभ्य मानिसहरूको बीचमा जसरी नै निरन्तर रहिरहने भलाइ गर्ने स्वभाव र असल व्यवहारद्वारा मात्र असभ्य मानिसहरूलाई पनि हामीले प्रभाव पार्न सक्छौँ।" उहाँको सिद्धान्त यही नै थियो, र उहाँको व्यवहार योभन्दा कम थिएन। उहाँले पनि उहाँहरूलाई विश्वास गर्नुको कारण थियो, लिन्यान्टीबाट फर्किंदा उहाँले ७ वर्ष अगाडि छोडेको मालगाडी (गोरु गाडी) र अन्य सामानहरू त्यहीँ नै थिए, र मौसम र धमिराबाहेक अरू कसैले छोएको थिएनन्।

लिविङ्स्टनले उहाँहरूको बीचमा परिश्रम गर्दा उहाँहरूको आत्मिक भलाइको लागि नथाकीकन परिश्रम गर्नुभएको थियो। त्यति बेला उहाँहरूको बीचमा प्रचार गरेको अन्तिम विषयचाहिँ महान् पुनरुत्थान थियो। तिनीहरूले भनेका थिए, कि शरीरको टुक्राहरू फेरि एकसाथ मिलेर आउन सक्छ भनी विश्वास गर्न सकेन। डा. डेविड लिविङ्स्टनले रासायनिक कुराहरूलाई उदाहरणको रूपमा दिएर त्यो सिद्धान्त सिकाउने किताबको (बाइबल) अधिकारको बारेमा बोल्नुभयो। ती दयनीय मानिसहरू रासायनिक उदाहरणहरूभन्दा किताबको अधिकारलाई स्वीकार गर्न बढी समर्थन देखाए। यहाँ पनि सदा जसरी नै उदाहरणको चलाखीपनले भन्दा धर्मशास्त्रको सत्य र त्यसको लेखकले बढी स्थानीयहरूलाई प्रभाव पारेको जस्तै देखिन्छ, हुन त त्यो उदाहरण पनि महत्त्वपूर्ण थियो भनी हामीले विनाशङ्का भन्न सकिन्छ।



**डेविड लिविङ्स्टन प्रचार गर्दै**

# अध्याय - ९

# लिविङ्स्टनकी श्रीमतीको निधन

सन् १८६१ को सुरुमा एउटा नयाँ वाष्पीय यन्त्र भएको पाइनियर भन्ने नाउँको डुङ्गा आइपुग्यो, हुन त पूर्ण रूपमा सन्तोषजनक नभए तापनि अहिले काम नलाग्ने भइसकेको 'मा रबेर्ट' (पहिलेको डुङ्गा) डुङ्गाको तुलनामा यो असल थियो। यो डुङ्गा जम्बेसी र सयर नदीको अन्वेषणको लागि बेलायत सरकारबाट दिइएको थियो, जसलाई लिविङ्स्टनले ६००० पाउण्ड पैसा तिरेर किन्नुभएको थियो, जुन पैसाको ठुलो भागचाहिँ उहाँको किताबबाट आएको लाभबाट थियो।

यो वर्ष रोवुमा नदीलाई अन्वेषण गर्नुभयो, साथै सयर उपत्यकामा युनिभर्सिटीस मिशन स्थापना गर्न बिशप म्याक्केन्सी र उहाँको सह–कर्मचारीहरूलाई सहायता गर्नुभयो, जसको स्थापनाचाहिँ बेलायती युनिभर्सिटीलाई लिविङ्स्टनले व्यक्तिगत रूपमा गरेको अनुरोधद्वारा भएको थियो। बिशप म्याक्केन्सी लिविङ्स्टनको हृदयअनुसारको मानिस हुनुहुन्थ्यो, र मिशन एउटा उज्ज्वल सफलताको आशासहित खोलिएको थियो। हाय! तर चाँडै सबै निराश हुने गरी बन्द भयो। मिशनले काम सुरु गर्नुभन्दा अघि नै बिशप म्याक्केन्सी र उहाँको सहकर्मीहरूको मृत्युले गर्दा बन्द भयो। यो घटना डा. लिविङ्स्टनको लागि एउटा ठुलो ठक्कर थियो, तर त्योभन्दा ठुलो अर्को एउटा ठक्करले त्यसलाई पछ्यायो, त्योचाहिँ उहाँकी श्रीमतीको मृत्यु थियो।

सन् १८६२ को जनवरी महिनाको सुरुको समयहरूमा ४ वर्षको अनुपस्थिति पछाडि लिविङ्स्टनकी श्रीमती मेरी (Mary) उहाँको साथमा हुनुहुन्थ्यो। उहाँले स्कटल्यान्डमा आफ्नो बालबच्चाहरूको साथ एक वर्ष बिताउनुभयो, जहाँ उहाँले गहिरो एक्लोपन र निराशलाई सामना गर्नुभयो, र आफ्नो श्रीमान्लाई भेट्न अति इच्छुक भएर अफ्रिकामा आउनुभएको थियो। वाष्पीय डुङ्गा मार्फत जम्बेसी आइपुगेर श्रीमान्लाई भेट्नुभयो, र नयासामा एउटा नयाँ घर बनाएर परिवारसहित जिउने खुशीको उद्देश्य बोक्नुभएको थियो।

उहाँहरू एकसाथ बसेर ३ महिना मात्र बितेको थियो, लिविङ्स्टनकी श्रीमती अस्वस्थ हुनुभयो, र छोटो अवधिको रोगले ४१ वर्षको उमेरमा उहाँले प्राण त्याग्नुभयो। धेरै मृत्युहरूलाई शान्तसँग सामना गरेको र धेरै खतराहरूलाई निडरतासहित पार गरेको यो मानिस अहिले हृदय फुटेर बच्चा जस्तै रुँदै उहाँकी श्रीमतीको खाटको छेउमा घुँडा टेक्नुभयो।

लिविङ्स्टनले 'जम्बेसी र त्यसको उप–नदीहरू' भन्ने आफ्नो किताबमा श्रीमतीको मृत्युको बारेमा थोरै मात्र लेख्नुभएको छ। उहाँले आफ्नो हृदयको गहिरो भावनाहरूलाई विश्वलाई प्रकाशन गर्न चाहनुभएन, तर आफ्नो दैनिकीमा श्रीमतीलाई गुमाउँदा आफूले सामना गरेको पीडालाई लेख्नुभएको छ: "मैले भोगेको पहिलो सबैभन्दा ठुलो पीडा यही नै थियो, र यसले मेरो सबै बललाई हटायो। धेरै आँसुको योग्य भएकी तिनको लागि म धेरै नै रोएँ। तिनलाई विवाह गरेको बेलामा मैले तिनलाई प्रेम गरेँ, र जति बढी तिनीसँग जीवन बिताएँ, त्यति नै बढी तिनलाई प्रेम गरेँ। तिनलाई अति बढी प्रेम गर्ने बच्चाहरूलाई परमेश्वरले दया देखाऊन्। मैले मेरो जीवनको एक भाग ठानेको मेरी श्रीमतीले मलाई संसारमा एकलै छोडेर गएको अनुभव गरेँ। स्वर्ग नै मेरो घर हो, र यात्रामा तिनी मभन्दा अगाडि गएकी छिन् भनी बुझ्न यसले मलाई परमेश्वरको अनुग्रहद्वारा सहायता गर्छ भनी म आशा गर्छु। मेरो प्यारी मेरी, मेरो प्यारी मेरी, कोलोभेङ्गमा हामी दुई जना छुट्टिएको दिनदेखि फेरि एकसाथ घरमा बस्न हामीले इच्छा गरेका थियौँ! हाम्रो सबै आकारहरूलाई चिन्नुहुने दयालु पिताले तिमीलाई यहाँबाट लैजानुभयो भन्ने कुराको अर्थचाहिँ तिम्रो लागि उहाँले एउटा अनन्त घर स्वर्गमा इनाम–स्वरूप दिनुभएको छ.... मेरो जीवनमा पहिलो पल्ट आफू मर्न तयार भएको महसुस गर्दैछु।"

श्रीमती बितेको दुई दिनपछि उहाँले लेखेको पत्रमा यसरी लेख्नुभएको छ: "यो ठुलो पीडाले मेरो मुटुलाई मबाट निकालेको जस्तै अनुभव गर्न लगाउँदै छ.... स्वर्गीय पिताले दिनुभएको मुक्काको सामु म झुक्दैछु.... मेरो कर्तव्यलाई पूरा गर्नेछु, तर आफ्नो अगाडि एउटा अँध्यारो क्षितिज हुँदा सो गर्नेछु।"

उहाँले पछि दैनिकीमा लेखेको एउटा विवरणले उहाँहरूको पारिवारिक जीवनको बारेमा एउटा सानो प्रकाश दिँदछ: "मैले सधैँ प्यार गर्ने मेरी श्रीमतीको मृत्यु मेरो मुटुमा एउटा ठुलो बोझको रूपमा रहँदै आएको छ। एउटा साधारण

परिवारमा जति आनन्द र घनिष्ठतासहितको हाँस–खेल हुन्छ, त्योभन्दा बढी हाम्रो बीचमा अनुभव गरेका थियौँ। उनी मर्नुभन्दा केही दिनहरू अघि रोगले ग्रसित भएको हुँदा तिनलाई मैले भनेँ, 'हाम्रो वृद्ध शरीरहरूलाई विश्राम चाहिन्छ, र हाँस–खेल गर्नुहुँदैन।' तिनले भनिन्, 'त्यस्तो होइन, तपाईं पहिले जसरी नै खुशीसाथ हाँस–खेल गर्नुपर्छ। मैले देखेको कुनै मानिसहरूजस्तै तपाईं कालो अनुहार बनाएर बस्नुहुँदैन।' योचाहिँ, मलाई मेरो महान् काममा सहायता र सान्त्वना दिनको लागि आफूलाई परमेश्वरले बाँच्ने मौका दिनुपर्छ भनी तिनी प्रार्थना गरिरहेको बेलामा थियो। उसको यो धारणाले मैले पहिलेदेखि विश्वास गर्दै आएको जसरी नै दिमाग ज्ञानमा बढ्दै जानुपर्छ, तर हृदयलाई चाहिँ जवान र हाँस–खेल गर्ने अवस्थामा राख्नुपर्छ भन्ने कुरा सत्य हो भनी महसुस गर्न पुऱ्यायो। उनी काम गर्न तयार र इच्छुक थिइन्, तर अझै उच्च स्थानहरूमा परमप्रभुको सेवा गर्न निम्तो पाइन्।"

आफ्नी श्रीमतीको मृत्युपछिको दिनहरूलाई डा. लिविङ्स्टनले आफ्नो बच्चाहरू, परिवार र मित्रहरूलाई यो ठुलो पीडादायक घटनाहरूको बारेमा चिठी लेख्नुमा बिताउनुभयो। आफ्नी श्रीमतीकी आमालाई उहाँले लेख्नुभएको पत्र बेलायत हुँदै कुरुमनमा आइपुग्यो। यो दुःखको सन्देश व्यापारीहरू मार्फत उनीकहाँ आइपुग्नुभन्दा अघि तिनले आफ्नो छोरी श्रीमान्को साथ रहन पाएकोमा खुशी र धन्यवाद व्यक्त गर्दै असल भविष्यको कामना गर्दै एउटा पत्र आफ्नो छोरीलाई लेख्नुभएको थियो, तर त्यो पत्र लेख्नुभन्दा एक महिना अगाडिदेखि नै दयनीय मेरी शुपङ्गमा बेआबाब रूखमुनि रोगको ओछ्यानमा थिइन् !

यी सबै दुःखको साथसाथै लिविङ्स्टन र उहाँकी श्रीमती बदनाम गर्ने जिब्रोहरूबाट उम्कन पाउनुभएन भन्ने कुराको बारेमा पढ्नु अझै दुःख लाग्ने कुरा हो। आफ्नो सासू–आमालाई पत्र लेख्दा यो कुराको बारेमा यसरी लेख्नुभएको थियो: "कुनै मिशनरीहरूले गरेको निन्दा तिनको कानमा पुग्यो भन्ने कुराले प्रभावित भएर नयासामा असल तरिकाले व्यवस्थापन गर्नुभन्दा अगाडि तिनलाई मकहाँ आउन दिएकोमा मलाई दुःख लाग्छ। एउटा ईश्वरशास्त्रीले यसरी भन्नुभयो, 'तिनी ठिक छैन; तिनको श्रीमान् तिनीसँग जिउन सक्दैनन्, यसैले त यिनी यता घरमा छिन्।' तर अन्तिम दिनले सत्यलाई प्रकट गराउने छ।"

उहाँकी सासू–आमाले यसरी उत्तर दिएर पत्र लेख्नुभयो: "तिमीहरू दुवैलाई चोट पुऱ्याएको यो क्रूर निर्लज्ज निन्दाको बारेमा भन्नुपर्दा, जसले त्यो बताएका थिए, तिनीहरूलाई तिमीहरूको परिवारको बारेमा थाहा छैन। तिमीसँग हामीले बातचित गर्दा, तिमीहरू एकसाथ बस्नुमा कुनै समस्या थिएन भन्ने कुरालाई शङ्का गर्न हामीलाई केही थिएन। केही बढी बोल्ने स्त्रीहरू छन् भनी मलाई थाहा छ, जसले श्रीमान् बारम्बार घर छोडेर जाँदा, त्यो जति महान् कामको लागि भए पनि, ऊ घरमा बस्नुमा सहज मानेको छैन भनी कुरा काट्छन्। तर हामीले यो कुरालाई देखेर हाँस्न सक्छौँ, र भन्न सक्छौँ: 'त्यो दिनले बताउने छ।'"

आमाको मृत्युको बारेमा लिविङ्स्टनले आफ्नी छोरी एग्नेसलाई लेख्नुभयो: "प्रिय न्यानी (Nannie) आमाले तिमीलाई धेरै सम्झनुहुन्थ्यो, र एक पल्ट रोगले ग्रस्त हुँदा अचानक आमा चिच्च्याउनुभयो, 'हेर्नुहोस्, एग्नेस भीरबाट खस्दै छिन्।' तिम्रो पिता र मार्ग–निर्देशक भएको स्वर्गीय उद्धारकर्ताले परीक्षा भन्ने भीरमा चिप्लेर पाप भन्ने खाल्डोमा खस्नुबाट तिमीलाई बचाऊन्.... प्रिय एग्नेस, अहिले म संसारमा एक्लो भएको अनुभव गर्दैछु, र आफ्नो आमाविना दयनीय बच्चाले के गर्छ होला? उनले बारम्बार तिम्रो कुरा गरेकी थिइन्, र कति पल्ट उनको आँखाबाट आँसुको नदी बगेको थियो, जसरी अहिले मेरो १८ वर्षको जीवन–साथीले छोडेर गएको कुराहरूलाई मिलाउन थाल्दा मेरो आँखाबाट आँसु बग्दैछ.... स्वर्गीय हातले ताडना दिँदा म त्यसको अगाडि झुक्दैछु। परमप्रभुले सिकाउन चाहनुभएको कुरालाई सिक्न मलाई अनुग्रह गरून्। आमाले तिमीलाई पछ्याउन बताएको कुराहरूलाई पछ्याउनु; न्यानी, उनलाई त्यहाँ भेट्नु। आमाले अहिले पहिरेको आनन्दको मुकुटलाई नगुमाउनु, र परमप्रभुले सबै कुरामा तिमीलाई अनुग्रह दिऊन्.... यो कुरालाई स्वीकार गर्नु दुःख लाग्ने कुरा हो; तर यो सबै परमप्रभुले गर्नुभएको हो। –तिम्रो दुःखित र एक्लो बुवा।"

यस्तै नै दुःख व्यक्त गर्दै उहाँले आफ्नो नजिकको सबैलाई पत्र लेख्नुभयो। उहाँले अति नै प्रेम गरेको श्रीमतीको बारेमा, जसलाई उहाँले संसारमा फेरि भेट्नुहुन्न, प्रशंसा व्यक्त गर्नुमा मनमा आराम पाउनुभएको जस्तो देखिन्छ। यसरी एक्लो छोडिएको अवस्थामा आफ्नो इष्टमित्रहरूको सान्त्वना र उपस्थितिको लागि, जो हजारौँ माइलहरू टाढा छन्, कति इच्छा गर्नुभयो होला! तर जसले

मात्र साँचो सान्त्वना दिन सक्नुहुन्छ, र जो बेलायतमा रहेको शान्तिपूर्ण घरमा जति नजिक हुनुहुन्छ, त्यति नै नजिक आफूलाई पछ्याउनेहरूको साथमा अफ्रिकी जङ्गलहरूमा पनि हुनुहुन्छ, उहाँ आफैले नै शान्ति र साहस दिनुभयो, ताकि लिविङ्स्टनले आफ्नो यात्रा अगाडि बढाउन सकून्; एक्लो तर साहसी, थकित तर नलोटेको।



**मेरी मफेटको कबरस्थान**

# अध्याय - १०

## दास-व्यापार

फेरि आफ्नो कामलाई निरन्तरता दिनु लिविङ्स्टनको लागि सजिलो कुरा हुँदैनथ्यो होला, तर कसरी उहाँले सो गर्नुभयो भन्ने कुरालाई उहाँले त्यति बेला युनिभर्सिटीस मिशनको आफ्नो साथी रेभ. वालरलाई लेखेका यी शब्दहरूबाट बुझ्न सकिन्छ: "तपाईंले व्यक्त गर्नुभएको सहानुभूतिको लागि धन्यवाद; र म तपाईंलाई भन्न चाहन्छु, तपाईंले गर्न सुरु गरेको महान् कामप्रति उच्च विचार सधैँ राख्नुहोला। इमानदारीसाथ काम भयो भने अनन्तको समयहरू बित्दै जाँदा सन्तुष्टिसहित आफ्नो कामको परिणामलाई तपाईंले फर्केर हेर्नुहुन्छ। शैतानले काममा बाधा ल्याउनको लागि, भित्रबाट र बाहिरबाट सक्दो प्रयास गर्छ, तर तपाईंसँग रहेको र तपाईंसँगै सधैँ रहनुहुने उहाँलाई नै सम्झनुहोस्।"

काम गर्न सक्ने अवस्थामा आउने बित्तिकै लिविङ्स्टनले तुरुन्तै 'लेडी नयासा' डुङ्गालाई फेरि तयार गरेर काममा ल्याउने प्रयास सुरु गर्नुभयो। फलाम कसरी तैरिन सक्छ भनी बुझ्न नसकेर स्थानीयहरू आश्चर्यचकित भइरहेको हुँदा डुङ्गा सन् १८६२ जुन महिनामा तयार भयो। यो एउटा असल वाष्पीय यन्त्र भएको डुङ्गा थियो, र तालमा यो पुगेको भए असल हुन्थ्यो। तर सबै बेखुशी हुने गरी वर्षाको ऋतु पार भइसकेको थियो, र डिसेम्बर महिनासम्म यसलाई तालमा पुऱ्याउन सक्दैन थियो। लिविङ्स्टनको लागि यो अर्को एउटा ठुलो निराशको कुरा थियो। यी समयहरूमा लिविङ्स्टनले पहिले छोडेको अर्को एउटा अन्वेषणलाई सुरु गर्नुभयो, जुन अन्वेषण बिशप म्याक्केन्सीलाई सघाउन जाँदा सुरु गर्नुभएको थियो। नयासा तालमा पुग्नको लागि अर्को एउटा पानी–मार्ग पत्ता लगाउने आशा गर्नुभएको थियो, तर असफल हुनुभयो। जम्बेसी र सयर नदीहरूद्वारा नै नयासा ताल पुग्नु असल देखिन्थ्यो, तर उहाँहरूले सन् १८६३ को सुरुको समयहरूमा मात्रै लेडी नयासा डुङ्गा लिएर यी नदीहरू हुँदै मुहानको दिशातिर सो गर्न सक्नुभयो।

जम्बेसी नदीको मुखमा रहेको तटलाई शासन गर्ने पोर्तगालीहरूबाट सहकारिता हासिल गर्नुपर्छ भन्ने विचार लिविङ्स्टनलाई सुरुदेखि नै थियो, र उहाँले पोर्तगाली राजाबाट त्यो पाउनुभयो, साथै कामको लागि सहायता पनि पाउनुभयो। अफ्रिकामा रहेका सबै पोर्तगाली अधिकारीहरूलाई उहाँलाई आवश्यक पर्ने सबै सहायताहरू गर्नको लागि साझा पत्र पठाइयो। तर अधिकारीहरूको विचारचाहिँ ठिक विपरीत थियो; कुख्यात दास–व्यापारलाई, जुन व्यापारले यी अधिकारीहरूलाई धन ल्याउँथ्यो, निर्मूल पार्न लिविङ्स्टनले गरिरहेको महान् प्रयासलाई रोक्नको लागि गर्न सक्ने सबै कुराहरू गरे। अझै ठुलो कुराचाहिँ उहाँको परिश्रमहरूले यो खतरनाक दास–व्यापारलाई रोक्नुको सट्टामा अगाडि बढ्न सहायता गरिरहेको जस्तै देखिन्थ्यो। जति चाँडो देशलाई खोल्नुभयो, तुरुन्तै दास–व्यापारीहरूले उहाँलाई पछ्याउँदै आए, कति पल्ट आफूहरू लिविङ्स्टनका छोराहरू हो भनी बताएर शङ्का नगर्ने स्थानीयहरूको भरोसा पनि पाए।

अन्वेषण गर्ने टोलीले नदीको मुहानतिर यात्रा सुरु गर्दा, वरिपरिका ठाउँहरूको उजाड अवस्थाले उहाँहरूको हृदय फुट्यो। लासहरू यति धेरै सङ्ख्यामा नदीमा तैरिएर उहाँहरूलाई पार गरियो, कि हरेक दिन बिहान डुङ्गाको चक्रमा अड्किएका लासहरूलाई हटाउनुपरेको थियो। "हामी जहाँ–जहाँ हिँड्यौँ, ती सबै दिशाहरूमा अस्थिपञ्जरहरू थिए, र यी दयनीय मानिसहरूले कुन अवस्थामा आफ्नो अन्तिम सास फेरेका थिए भन्ने कुरालाई हेर्नु दुःखलाग्दो चासोको विषय थियो.... कतिपय मानिसहरूले आफ्नो दुर्दशालाई रूखमुनि अन्त गरेका थिए, कतिले भीरमुनि, कतिपय मानिसहरूले छाप्रोमा ढोका बन्द भएको अवस्थामा, जुन छाप्रोहरूको ढोका खोल्दा कुहिरहेका लासहरू कम्मरमा थोरै लुगा लगाएको अवस्थामा, खप्पर छुट्टै खसेको अवस्थामा भेटिए, पहिले मरेका बच्चाहरूका अस्थिपञ्जरहरू ठुला दुई वटा अस्थिपञ्जरहरूको माझमा गुन्द्रीमा बेरिएको अवस्थामा भेटिएको थियो। १८ महिनाभन्दा अगाडि मानिसहरूले भरिएको उपत्यका अहिले मानिसहरूको हड्डीले भरिएको अवस्थामा देख्दा, यहाँ भएको मानव जीवनको क्षति, त्यो जति ठुलो भए तापनि, यो त्योभन्दा अझै ठुलो विशाल दुष्टताको एक भाग मात्र हो भन्ने कुरालाई विश्वास गर्ने ठाउँमा हामीलाई पुर्‍यायो, र अफ्रिकालाई अँध्यारोपनले ढाकिरहेको दास–व्यापार भन्ने दुष्ट भूतको अन्त नहुञ्जेल कुनै पनि


असल व्यापारहरू सुरु गर्न सकिँदैन भन्ने महसुस हामीमा आयो।"

दास–व्यापारको दुष्ट परिणामको विवरणहरू बढाइचढाइ गरेर बनिएको हो भनी लिविङ्स्टनले कुनै बेला ठान्नुहुन्थ्यो। तर अहिले, त्यो बताएको भन्दा पनि अझै बढी हो भनी मान्ने ठाउँमा आउनुभयो।

कुनै बेला उहाँले दास–व्यापारीहरूको हातमा परेकाहरूलाई छुटाउन सक्नुभयो। लोआन्डा जान सुरु गरेको एउटा यात्रामा उहाँले एक पल्ट निडरतासहित एउटा दास–व्यापारीलाई उसको कब्जामा रहेका १८ जना अफ्रिकीहरूलाई तुरुन्तै छोडिदिन आह्वान गर्नुभयो, र त्यसैले गर्दा ती १८ जना स्वतन्त्र भए, लिविङ्स्टनले तिनीहरूलाई नभेट्नुभएको भए तिनीहरू जीवनभरि दास भएर दयनीय अवस्थामा जिउनुपरेका हुन्थे। अर्को एउटा समयमा पनि उहाँ र उहाँको साथमा भएकाहरू मिलेर दास–व्यापारीको हातमा परेको अर्को एउटा समूहलाई पनि छुटाउनुभयो। यस समूहमा हात–खुट्टा बाँधिएको अवस्थामा पुरुषहरू, स्त्रीहरू र बच्चाहरू थिए। हरेक पुरुषको घाँटीलाई हाँगाको कापोमा राखी अगाडिपट्टि कापोलाई फलामको डण्डीले किला लगाएर बन्द गरेको थियो। दास–व्यापारीको हातबाट छुटाएपछि घाँटीमा लगाएका बन्धनहरूलाई करौँतीले चिरेर उनीहरूलाई छुटाएको थियो। एक दिन अघि मात्रै अरू सबैलाई तर्साउनको लागि आफ्नो कम्मरमा बाँधेको लुगालाई मिलाउन खोजेको दुई जना स्त्रीहरूलाई गोली हानी मारेको थियो; अर्को एक जना स्त्रीले आफ्नो भारी र बच्चा सँगसँगै बोक्न नसकेकाले बच्चालाई हिर्काएर त्यसको गिदी निकालिएको थियो, र एउटा पुरुषलाई अति थकित भएर हिँड्न नसकेकाले करौँतीले चिरेर मारेको थियो। ८४ जना मानिसहरू, प्रायः स्त्रीहरू र बच्चाहरूले छुटकारा पाए; र आफूलाई इच्छा लागेको ठाउँमा जान सक्छ, अथवा छुटाएकाहरूसँग रहन सक्छ भनी बताउँदा, तिनीहरू सबैले छुटाएकाहरूको साथमा नै रहने निर्णय गरे; बिशपले इसाई परिवारको रूपमा तिनीहरूलाई शिक्षा दिनको लागि मिशनमा जोड्नुभयो, जुनचाहिँ भर्खरै खोलिएको थियो। यसरी मिशन स्थापनामा हुने कठिनाइलाई पार गरियो, किनभने स्थानीयहरूलाई प्रभाव पारी यस्तो ठुलो समूहको विश्वास जितेर अन्य देशको मानिसहरूको शिक्षामा ल्याउनको लागि वर्षौंहरू लाग्थ्यो।

तर यसरी तटतिर लैजाँदै गरेका दासहरूलाई छुटाउने काम कति पल्ट

असम्भव हुन्थ्यो, कारण धेरै पल्ट त्यो गर्न नसक्ने हुन्थ्यौँ, अथवा गरेको खण्डमा ती दासहरू छुटाइसकेपछि कतै त्यो दयाहीन दास–अभिकर्ताको हातमा परे भने उसको पछिको अवस्था पहिलेको भन्दा अझै बढी दुःखदायी हुन्छ।



**तटतिर लैजाँदै गरेको दासहरू**

डेविड लिविङ्स्टनले लेखेको 'जम्बेसी र त्यसको उप–नदीहरू' भन्ने किताब र उहाँको अन्तिम समयको दैनिकीहरूले यो विषयमा उहाँमा भएको गहिरो चासोको कारण के हो भनी देखाउँछन्: "सबैले यसो मात्र आइपुगेका थिए, कि दास–व्यापार अन्य व्यापारहरूजस्तै एउटा व्यापार हो, जुनचाहिँ माग र पूर्ति भन्ने नियमको अधीनतामा चल्छ, त्यसैले त्यो स्वतन्त्र तरिकाले चल्नुपर्छ; किनभने यो कुरालाई इन्कार गर्न सक्ने अवस्थामा कोही पनि थिएनन्। हामीले देखेअनुसार त्यसमा यति बढी हत्याको समावेश थियो, कि त्यसलाई व्यापारहरूको सूचीमा रहन दिन सक्दैनौँ; बन्धनमा पार्नु, मार्नु र लुट्नु भन्ने कुराहरूको सूचीमा यो रहन सक्छ।

"सन् १८२६ जुन २६ – गोली हानेर अथवा छुरी प्रहार गरेर मारिएको अवस्थामा बाटोमा लडिरहेकी दास–स्त्रीलाई हामीले पार गरेर हिँड्यौँ। सबैले भन्थे, कि ती स्त्री हिँड्न नसकेकाले उसको लागि दिएको पैसा गुमाएको रिसमा

एक जना अरबीले त्यस्तो गरेको हो।

"जुन २७ – भोकले मरेको मानिसलाई आज हामीले भेट्टायौँ, त्यो मानिस धेरै दुब्लो थियो। हाम्रो टोलीको एक जना मानिस वरिपरि हेर्न जानुभयो, र लौरो राखेर बाँधिएको अवस्थामा धेरै दासहरूलाई भेट्टाउनुभयो, तिनीहरूलाई भोजनको अभावमा मालिकले छोडेका थिए। आफू कहाँबाट आएको हो भनी भन्न नसक्ने गरी तिनीहरू अति नै कमजोर थिए; त्यसमध्येमा कोही–कोही धेरै जवान उमेरका थिए।

"पाँच जनामा एक जनाभन्दा बढी क्युबा अथवा अन्य देशहरूमा रहेको आफ्नो मालिककहाँ पुग्न सक्दैनन्, दासहरूको मालिकहरूले धर्मशास्त्रको वचनलाई गरिने व्याख्याअनुसार, यो दासहरूलाई दिइएको अनुग्रह हो।

"हामीले दास–व्यापारको बारेमा लामो विवाद गरेका थियौँ। अरबीहरूले गाउँको मुखियाहरूलाई भन्थे, कि दास बनाउनुको मुख्य उद्देश्यचाहिँ तिनीहरूलाई आफ्नो सम्पत्ति बनाएर आफ्नो धर्मलाई पछ्याउन लगाउनु हो। हामीले देखेको दुष्टताहरू, खप्परहरू, नष्ट पारिएको गाउँहरू, तट पुग्ने यात्रा र समुद्रमा मर्नेहरूको सङ्ख्या, अरू कुनै ठाउँमा अरबी गाउँ बसाल्नको लागि वाइयौ जातिका मानिसहरूले ठुलो सङ्ख्यामा गर्ने हत्याहरू – यी कुराहरूलाई गाउँको मुखिया मुकटेले हाँसोमा उडाउन खोज्नुभयो, जो यी मानिसहरूको कुरालाई विश्वास गरेर आफ्नो मानिसहरूलाई बेच्नुहुन्थ्यो, तापनि हाम्रो कुराहरू कतिपय मानिसहरूको हृदयमा पस्यो (लामो समयको बातचित पछाडि यो कुरा मुकटेको मनमा पनि पसेजस्तै लिविङ्स्टनलाई लागेको थियो)। भोलिपल्ट हामी यात्रा गर्दै जाँदा हाम्रो साथमा रहेको बाटो देखाउनेहरूले अन्य गाउँहरूमा पनि यी कुराहरूलाई बताउँदै गए.... हामीले गर्न सक्ने थोरै यही नै थियो; तर यो दुष्ट सम्प्रदायको विरुद्धमा उहाँहरूको मनमा एउटा विचार हाल्न पायौँ, र समयले परिणाम ल्याउनेछ। उहाँहरूको ठुलो विवादको विषय यही नै थियो, कि: 'अरबको लुगाविना हामीले के गर्ने?' मेरो जवाफचाहिँ यस्तो थियो: 'अरबीहरू देशमा आउनुभन्दा अगाडि तिमीहरूले जे गरेका थियौ त्यही गर।' अहिलेको दरमा जनसङ्ख्या नाश हुँदै गयो भने देश चाँडै नै मरुभूमि हुनेछ।

"यो देशमा मैले देखेको अनौठो रोगचाहिँ हृदयको गहिरो पीडा थियो, र

यसले दास बनाएको स्वतन्त्र मानिसहरूलाई आक्रमण गर्दछ। यो रोगले मरेका धेरैसँग पहिले गरेको कुराअनुसार तिनीहरूले आफ्नो पीडा मुटुको हो भनी भन्थे, र हातलाई त्यो ठाउँमा राखेर देखाउँथे। प्रशस्त खान्की पाइरहेको हुँदा र काम पनि नहुँदा आफू मर्नुपरेको कुराको बारेमा कुनै दासहरूले मकहाँ आश्चर्य व्यक्त गर्थे.... तिनीहरू मुटुको वेदनाले मर्दैछन् भन्ने कुरा देखिन्छ।"

डा. लिविङ्स्टनका परिचारकहरूले पछिको समयहरूमा सोधिएको प्रश्नको उत्तर दिँदा भन्थे, कि कब्जामा परेकाहरूको पीडा भयानक हुन्थ्यो। घाँटीमा जुवा लगाएको अवस्थामा, जुनचाहिँ १५ / २० किलोको हुन्थ्यो, टाउकोमा भारी बोकेर हिँड्न नसकेकाले धेरै मानिसहरू मर्थे। बच्चाहरू केही समयको निम्ति आश्चर्य मान्दै साथमा हिँड्थे, तर कहिलेकाहीँ नाचको आवाज र सानो ड्रमको खुशीको आवाज गाउँहरूको नजिक हुँदै जाँदा कानमा पर्थ्यो; त्यसले ल्याउने खुशीको दिनहरू र घरको सम्झना उनीहरूको लागि सामना गर्न अति कठिन कुरा हुन्थ्यो; उनीहरू रुन्थे, विलाप गर्थे र त्यही नै मुटुको वेदना तिनीहरूमा आउँथ्यो, र तिनीहरू द्रूत रूपले मृत्युमा डुब्थे। अफ्रिकीहरूको एउटा नियम भएजस्तो पुरुषहरू कहिल्यै दासत्वमा रहँदैन थिए, तर अहिले विश्वासघातद्वारा दास भएका थिए। प्रायः अरबीहरूले कुनै टाढाको ठाउँसम्म आफ्नो लागि मार्ग-निर्देशक भएर पुऱ्याएबापत केही उपकार दिने प्रतिज्ञा गर्थे। तिनीहरू आफ्नो साथीभाइहरूबाट टाढा आइसकेपछि तिनीहरूलाई समातिएर दासको लौरो अथवा जुवामा बाँधिदिन्थे, जहाँबाट कोही पनि उम्कन सकिँदैन थियो। यी दयनीय मानिसहरू माथि उल्लेख गरेअनुसार नै आफ्नो श्रीमती र बालबच्चाहरूको सम्झनामा मर्छन्, जसले यिनीहरूलाई के भयो भनी कहिल्यै थाहा पाउनेछैनन्।

यो भयानक मानव-बेचबिखनको बारेमा धेरै कुरा उल्लेख गर्न सकिन्छ, तर लिविङ्स्टनको यो एउटा कुरालाई बताउँदा पर्याप्त हुन्छ होला: "पूर्वीय अफ्रिकाको दास-व्यापारको बारेमा केही विवरण दिन प्रयास गर्दा सत्यको घेराभित्र रहनु आवश्यक पर्छ, ताकि बढाइचढाइ भयो भन्ने दोष नआओस्। तर गम्भीरतासाथ मात्र बोलिने यो विषयले बढाइचढाइको लागि ठाउँ दिँदैन। यसको दुष्टतालाई बढाइचढाइ गर्नु असम्भव नै छ। मैले देखेको दास-व्यापारको सामान्य घटनाहरू पनि यति घिनलाग्दो हुन्छन् , कि सधैँ त्यसलाई सम्झनाबाट

हटाउन प्रयास गर्छु। अन्य घिनलाग्दो घटनाहरूलाई त्यसरी दिमागबाट हटाउनुमा समय बित्दै जाँदा म सफल भएको छु; तर दासत्वको दृश्यहरू नचाहँदा–नचाहँदै फर्की आउँछन्, र त्यसका भयानक जीवितताले गर्दा म निद्राबाट अचानक बिउँझन्छु।"

# अध्याय - ११

## अन्वेषण बन्द गर्ने आदेश र बेलायतको अन्तिम यात्रा

अरू पनि धेरै मिशनरीहरू अफ्रिकी ज्वरोले मरे भन्ने खबर पाउँदा लिविङ्स्टनको हृदय दुःखले भरियो। उहाँको आफ्नै टोलीमा रहेको कतिपय युरोपका साथीहरू पनि अस्वस्थपनले असक्षम भएकाले बेलायत फर्किन बाध्य भए, र अब उहाँ बाहेक दुई जना युरोपेलीहरू मात्र साथमा थिए। सबै एक्लोपन र दुःखको बीचमा वरिपरि खतराहरू हुँदा लिविङ्स्टन त्यहाँ रहनुभयो, त्यो उहाँको महानता भनी त्यसलाई ध्यान दिनुपरेन। सबै बाधाहरूको बीचमा पनि उहाँमा भएको सेवाप्रतिको समर्पणता आफैले बोल्छ।

मुर्चिसन झरनाको छेउमा नदीको अप्ठ्यारो भागलाई पार गरेर लेडी नयासा वाष्पीय डुङ्गोलाई तालमा पुऱ्याउन टोलीले ३५ / ४० माइलको बाटो बनाउने प्रयास गर्दा डुङ्गोलाई भाग–भाग गरी खोलिराखे। तर यो काम पूरा हुनुभन्दा अघि नै यर्ल रुस्सेलबाट लिविङ्स्टनले अन्वेषणको टोलीलाई फिर्ता बोलाउने चिठी प्राप्त गर्नुभयो। यथार्थमा यो ठुलो निराशको कुरा भए तापनि चकित पार्ने कुराचाहिँ थिएन। अन्वेषणले आफ्नो उद्देश्यलाई पूरा गरेन (हुन त लिविङ्स्टनको गल्तीले गर्दाचाहिँ होइन), साथै पहिले सोचेको भन्दा बढी खर्चालु भयो भन्ने कुराहरू फिर्ता बोलाउने कारणहरूको रूपमा दिइएको थियो। हुन सक्छ, पोर्तगाली सरकारलाई विरोध गर्न गरेको प्रयासबाट केही लाभ आएन भनी बेलायती सरकारले महसुस गरेको हुनुपर्ने, र तिनीहरू बीचको सम्बन्ध बिग्रँदै पनि गएको थियो।

तर यो दुःखको कुरा हो, कि डुङ्गोलाई नयासा तालमा पुऱ्याउनुभन्दा अगाडि नै अन्वेषण टोली फिर्ता बोलाइयो, जुन डुङ्गोमा लिविङ्स्टनले धेरै लगानी गर्नुभएको थियो। खर्चिएको त्यो पैसाको सट्टामा क्षतिपूर्तिको रूपमा बेलायती सरकारले केही रकम दिन्छ भनी उहाँले आशा गर्नुभयो, तर त्यो कहिल्यै भएन।

यो पल्ट जसरी निराशपनले आफूलाई घेरेको अनुभव लिविङ्स्टनले पहिले कहिल्यै गर्नुभएन। अन्वेषण बन्द गरियो, र लेडी नयासा तालमा तैरेको देख्ने उहाँको सबै आशाहरूको अन्त भयो। उहाँ पहिले बिशप म्याक्केन्सी र उहाँको साथीहरूको मृत्युले अति दुःखित हुनुभएको थियो, र त्योभन्दा ठुलो पीडाको रूपमा उहाँको श्रीमतीको मृत्यु आएको थियो; यी सबैको साथमा रोगले उहाँलाई कमजोर र निराश तुल्याएको थियो, र उहाँले धेरै असफलता र ढिलाइहरूलाई सामना गर्नुपरेको थियो, साथै असल गर्न उहाँले गरेको सबै प्रयासहरू खराबको रूपमा परिवर्तन भएको थियो। तर यी सबै समस्याहरूले पनि उहाँलाई रोक्न सकेन, र नयासा तालको किनारहरूलाई अन्वेषण गर्न एउटा प्रयास गर्ने निर्णय गर्नुभयो; त्यो हिँडेर मात्र गर्न सक्छ भन्ने परिस्थिति भए पनि सो गर्ने निर्णयमा हुनुहुन्थ्यो। उहाँ किन घर जानुहुँदैन थियो, किन आफ्नो बालबच्चाहरू र साथीहरूको सान्त्वनाको साथ आफूलाई अत्यावश्यक पर्ने विश्राम लिनुहुँदैन थियो ? अन्वेषण बन्द गर्ने कुरा मात्र चलिरहेको हुँदा उहाँले साथीलाई लेखेको एउटा पत्रमा लेखिएको एउटा वाक्यले यसको जवाफ दिन्छ: “मेरो जीवनमा यो मेरो कर्तव्यले घरसम्म मलाई पुऱ्याउँदैन, र त्यसैले म घर जाँदिनँ।”

त्यसैले डेविड लिविङ्स्टन परिचारकहरूको सानो समूहलाई साथमा लिएर तालको उत्तरी किनारसम्म जानको लागि यात्रा सुरु गर्नुभयो, र सम्भव भएमा त्यसको पश्चिममा केही दूरीमा रहेको भनी उहाँले सुन्नुभएको मोइरो तालसम्म जाने निर्णय पनि गर्नुभयो। तर उहाँको यो उद्देश्य पूरा हुन सकेन, कारण रोगले उहाँहरूलाई बाधा ल्यायो, साथै नदीमा बाढी हुँदा नै पायनियर जहाजलाई समुद्रमा पुऱ्याउनुपर्छ भन्ने सरकारको कडा आदेशले गर्दा पर्याप्त समय पनि उहाँहरूलाई थिएन। ४ देखि ६ हप्तासम्म समय पाउनुभएको भए उहाँले अन्वेषणलाई पूरा गर्न सक्नुहुन्थ्यो, तर अहिले उहाँले जोखिम लिन चाहनुभएन। सन् १८६३ नोभेम्बर महिनामा उहाँ जहाज भएको ठाउँमा पुग्दा बाढी आउनको लागि अझै दुई महिना पर्खिनुपर्छ भन्ने थाहा पाउनुभयो, र साह्रै निराश हुनुभयो। सदा जसरी नै नमिलेको परिस्थितिहरूलाई असल समयहरूको रूपमा परिवर्तन गर्नको लागि उहाँले प्रयास गर्नुभयो। उहाँले लेख्नुभएको छ: “जहाज भएको ठाउँमा आइसकेपछिको १४ दिनलाई, अति कठिन परिश्रमद्वारा हरेक मानिसले निभाएको भूमिकालाई प्रशंसा गर्ने गरी हामीले विश्राम गर्नु भन्ने खुशीको समयमा

बितायौँ। हाम्रो अवस्थाको बारेमा कुरा गर्नुपर्दा हात–खुट्टाको मासुहरू काठ जस्तै कडा भइसकेका थिए, र हाम्रो टोलीमा भएको कसैको शरीरमा अलिकति पनि बोसो थिएन।"

उहाँ त्यहाँ पर्खिरहेको हुँदा बिशप म्याक्केन्सी पछि मिशनको जिम्मा लिनुभएको बिशप टोजरबाट एउटा चिठी प्राप्त गर्नुभयो, त्यसमा उहाँले मिशन केन्द्रलाई सयर उपत्यकाबाट जान्जिबारमा सर्ने आफ्नो निर्णयको बारेमा बताउनुभएको थियो। जुन कुरालाई लिविङ्स्टनले विरोध गर्नुभयो, तर केही फाइदा भएन; यसरी सयर उपत्यकामा रहेको युनिभर्सिटीस मिशन त्यसको सबै आशासहित उहाँको जीवनकालभरिको लागि अन्त भयो। यसको बारेमा भन्दा उहाँले भन्नुभयो, कि अन्वेषणलाई बन्द गरेको भन्दा पनि अझै गहिरो रूपमा दुःखको अनुभव भयो। त्यसको बारेमा सम्झिँदा "बसेर रुनुपर्छ" जस्तो उहाँलाई लाग्थ्यो। त्यो ठाउँको मिशनको विरोधमा जे जति कुराहरू भए तापनि त्यहाँको हावापानी र वातावरण मिशन कामको लागि योग्य छ भनी विश्वास गर्नुहुन्थ्यो, र आफू जवान भएको भए, आफै त्यहाँ गएर सुसमाचारीय सेवा सुरु गर्थें भनी भन्नुहुन्थ्यो। आफू जीवित रहेर देख्न नपाए तापनि, त्यो ठाउँमा कुनै एक दिन मिशनको काम हुनेछ भनी उहाँले विश्वास गर्नुहुन्थ्यो। उहाँले बोक्नुभएको आशालाई कसरी मानिसहरूले बुझ्न आए भन्ने कुरालाई पछि हेर्नेछौं।

लिविङ्स्टनले भन्नुहुन्छ, कि उहाँको धीरता सिद्धिने बेलामा नदीमा पानी बढ्यो, र उहाँहरू पायनियर जहाजमा सयर नदी हुँदै यात्रा सुरु गर्नुभयो, र लेडी नयासालाई त्योसँग बाँधिएर लगिएको थियो। यात्रामा हुनुहुँदा एक दिनको रातलाई उहाँहरूले सिमसारमा बिताउनुपरेको थियो, जहाँको पानी कालो मसी जस्तै थियो, र त्यसबाट आएको सल्फर(गन्धक) हाइड्रोजनको दुर्गन्धले हावालाई एकदम हानिकारक तुल्याएको थियो। ज्वरो आउन सक्ने सम्भावना थियो, तर खुशीको कुरा, कसैलाई केही असर भएन। भोलिपल्ट बिहान हेर्दा जहाजको सेतो रङ्ग हरेक ठाउँमा पूरै कालो भइसकेको थियो, र साबुन पानीले सफा गर्दा पनि सफा भएन। पित्तलले तामाको रङ्ग लिइसकेको थियो, र फलाम र डोरीहरू पनि अर्कै रङ्गको भइसकेको थियो। उहाँहरू त्यहाँ बिशप म्याक्केन्सीले मिशनमा जोड्नुभएको ३० जना अनाथ बच्चाहरू र केही विधवाहरूलाई साथमा लैजानको लागि फर्किनुभएको थियो। बिशपले मिशनसँग

एउटा सानो स्वतन्त्र समूहलाई पनि स्थापना गर्नुभएको थियो, जसमा भएकाहरूलाई आफ्नो जीविकाको लागि खेतीपाती गर्न उत्साह दिएको थियो; तर अहिले मिशन केन्द्र छोडिएकाले बेलायतीहरूमाथि खराब धारणा नआउने गरी यिनीहरूलाई त्यहाँ छोड्ने सम्भावना थिएन, र जुन कुराले ख्रीष्टको काममाथि निन्दा ल्याउँछ। यसैले सबैलाई पालनपोषण र वास्ताको लागि केप टउन पुऱ्याएको थियो। केही वर्षहरूपछि सेन्ट जर्जस अर्फनेन्जमा 'दउमा' भन्ने अति कुशल शिक्षिकालाई भेटिएको कुरा श्रीमान् आर. एम. बेलान्टइनले भन्नुहुन्छ। दउमालाई दासहरूको बीचबाट बिशप म्याक्केन्सी आफैले छुटाएर काँधमा बोकेर लानुभएको थियो, र डा. लिविङ्स्टनले दोस्रो पल्ट उद्धार गर्नुभएको थियो।

सयर उपत्यकामा असल हावापानी भए तापनि अनिकालले मिशनरीहरूलाई त्यहाँबाट अझै तल रहेको मलिलो उपत्यकामा जान लगायो, र त्यहाँको मुख्य समस्या ज्वरो थियो।

जान्जिबारमा भएको मिशन काम मुख्यतः बेलायती सेनाहरूले समुद्रबाट उद्धार गरेको धेरै सङ्ख्यामा रहेको दासहरूको बीचमा थियो। तिनीहरूलाई जान्जिबारमा ल्याइसकेपछि भित्रीय भागहरूमा रहेको तिनीहरूको घरतिर पठाउनुभन्दा अघि शिक्षा र तालिम दिइन्थ्यो। साथै त्यहाँ बाइबल धर्मशास्त्रलाई विभिन्न उप–भाषाहरूमा अनुवाद गर्ने असल काम पनि हुन्थ्यो। जान्जिबारको दास–बजारमा त्यहाँ गरिएको सबै कामको सम्झना–स्वरूप असल मण्डली स्थापना भएको छ, जुन ठाउँ एक समयमा पृथ्वीको अति घृणित ठाउँ थियो। तर नयासा तालको वरिपरि छरिएर बसेकाहरूको बीचमा सुसमाचारको आशिष्लाई लैजानुपर्छ भन्ने लिविङ्स्टनको चाहना, जुनचाहिँ मिशनको खास उद्देश्य थियो, त्यो धेरै पछाडि मात्र चासोको विषय भएको थियो। यति ढिलो त्यो काम भएको थियो, कि स्वर्गको पर्खालहरू पारी उहाँको प्रेरणाले सुरु भएको कामलाई तल हेर्न अनुमति पाउनुभएको खण्डमा उहाँले हेर्न पाउनुभयो होला, नत्र लिविङ्स्टनले विश्वासको आँखाले मात्र त्यो देख्न सक्नुभएको थियो।

सन् १८७६ मा नयासाको भागहरूमा जान्जिबारमा तालिम पाएका ६० जना उद्धार गरिएका दासहरूको समूहलाई बस्तीको रूपमा बसालेको थियो। त्यो


समयदेखि अरू पनि त्यो काममा सहभागी भए; सुसमाचारको ज्ञानलाई फैलाउनुको साथसाथै नयासा तालदेखि समुद्रसम्म रहेको पुरानो दास–व्यापार गरिने बाटोहरूमा साङ्लो जस्तै मिशन केन्द्रहरू स्थापना गरेर दास बेचबिखनलाई रोक्नुमा पनि मिशनले प्रभावशाली काम गरेको थियो। तालमा एउटा मिशन केन्द्रको वाष्पीय डुङ्गो निरन्तर रूपमा सेवाको लागि ओहोरदोहोर गरिरहन्थ्यो। युनिभर्सिटीस मिशनको तेस्रो शाखा रोवुमा जिल्लामा स्थापना भयो। त्यति बेला मिशन केन्द्रमा काम गर्ने युरोपेलीहरूको सङ्ख्या ६२ थियो, जसमध्येमा आधाचाहिँ विभिन्न प्रकारको शिल्पकलाकार थिए, तर सबै नै परमेश्वरको सेवाप्रति भएको समर्पणताले त्यहाँ थिए।

मोजाम्बिक पुग्दा अङ्ग्रेज सेनाको सम्पत्ति भएको पायनियरलाई जिम्मा लगायो। लिविङ्स्टनको योजनाचाहिँ घर फर्कनुभन्दा अगाडि समुद्री यात्राद्वारा भारत पुग्नु र लेडी नयासालाई बेच्नु थियो। उहाँले आफ्नो छोरीलाई एउटा पत्रमा यसरी लेख्नुभयो, "पोर्तगालीहरूले लेडी नयासालाई दास–व्यापारको लागि किन्थे, तर त्यसको सट्टामा त्यो हिन्द महासागरको गहिराइमा डुबेको असल हुन्छ।"

जान्जिबार पुग्दा उहाँको साथमा भएको इन्जिनियरले असल जीवनको आशामा उहाँलाई छोडेर गए, यसैले अब लेडी नयासालाई चलाउने जिम्मा लिविङ्स्टन आफैले लिएर तीन जना युरोपेलीहरू र पहिले कहिल्यै समुद्रलाई नदेखेका ७ जना स्थानीयहरूलाई साथमा लिएर जान्जिबारदेखि मुम्बईसम्म २७०० माइलहरू समुद्री यात्रा गर्न बाध्य हुनुभयो, र यात्रामा प्रायः स्थानीयहरू अस्वस्थपनाले अशक्त भए। ४५ दिन समुद्र यात्रा गरेर त्यो बाटोलाई पार गर्नुभयो, जसमध्येमा २५ दिनहरू हावाको अभावले जहाज एकै ठाउँमा रहनुपरेको थियो। त्यो यात्रा एउटा स्मरणीय यात्रा थियो, तर यो महान् अन्वेषकले जमिनको भूभागहरूमा गरेको आश्चर्यपूर्ण कामहरूद्वारा त्यो ढाकियो, र त्यसको बारेमा हामीले थोरै मात्र सुन्छौँ।

मुम्बई पुगिसकेपछि जति मूल्यमा जहाज किन्नुभयो, त्यसको एक भाग मूल्यमा त्यसलाई बेच्नुभयो, र त्यहाँबाट समुद्र यात्राद्वारा बेलायत फर्कनुभयो। यसरी नै उहाँको अफ्रिकामा बिताएको जीवनको तेस्रो भागको समयहरू पनि निराश र असफलता जस्तै देखिने गरी अन्त भयो, तर यथार्थतः उहाँको सबै

परिश्रमहरूले पछिको समयहरूमा उहाँले आशा गरेको भन्दा ठुलो र ऐतिहासिक परिणामहरू ल्याएको थियो।



डा. डेविड लिविङ्स्टन (सन् १८६४)

# अध्याय - १२

# नील नदीको मूलहरूको खोजी

पोर्तगाली दास–व्यापारको विरुद्धमा जनभावनालाई फर्काउनको लागि प्रयास गर्नु आवश्यक छ भनी डा. लिविङ्स्टनले अब महसुस गर्नुभयो, ताकि बेलायती जहाजहरूले त्यो व्यापारको लागि समुद्रमा जति अप्ठ्यारो परिस्थितिहरू सृजना गरेका छन्, त्यति नै गाह्रो परिस्थिति जमिनको भूभागहरूमा पनि सृजना होस्। तर अफ्रिकाको मध्य–भागसम्म पुग्नको लागि पोर्तगाली बस्ती हुँदै जानुको सट्टामा अर्को एउटा मार्ग पत्ता लगाउनु उहाँको हृदयमा अझै पनि थियो, र जति सक्दो चाँडो सो गर्नको लागि फर्कने निर्णयमा उहाँ हुनुहुन्थ्यो।

बेलायतमा आएपछि एक वर्षलाई 'जम्बेसी र त्यसको उप–नदीहरू' भन्ने किताब लेख्नुमा बिताउनुभयो। सुरुमा उहाँको उद्देश्य थोरै पानाहरूद्वारा पोर्तगाली दास–व्यापारको विरोधमा तुरही फुक्नु थियो, तर त्यो बिस्तारै बढ्दै गएर एउटा असल आकार लियो, र जम्बेसीको अन्वेषणको इतिहासलाई पनि समेटियो। यो किताबमा अन्वेषणको केही समयसम्म उहाँको साथमा रहनुभएको उहाँको भाइ चार्ल्स लिविङ्स्टनको नाम पनि अगाडिको पानामा छ; चार्ल्स लिविङ्स्टनको दैनिकीहरू पनि यो किताब लेख्नको लागि प्रयोग गरिएको थियो।

यो काम बाहेक डा. लिविङ्स्टनले आफूले पाएको हरेक साझा सभामा बोल्ने मौकालाई अफ्रिकाको लागि बिन्ती गर्नुमा प्रयोग गर्न छोड्नुभएन।

उहाँलाई अति नै प्रभाव पारेको उहाँको साथी रोडेरिक मुर्चिसनको इच्छा थियो, कि अब लिविङ्स्टनले आफ्नो मिशनरी भन्ने जिम्मेवारीलाई पूर्ण रूपमा त्यागेर अफ्रिका महादेशको भौगोलिक समस्याको रूपमा रहँदै आएको तलाउहरू पत्ता लगाउनु र नील नदीको खास मूल पत्ता लगाउनु भन्ने कुरामा ध्यान दिनुपर्छ। यो प्रस्तावलाई लिविङ्स्टनले कसरी मूल्याङ्कन गर्नुभयो भन्ने बारेमा सन् १८६५ जनवरी ७ तारिखमा उहाँले आफ्नो दैनिकीमा लेख्नुभएको

उल्लेखनीय टिपोटबाट थाहा पाउन सक्छौँ: "बाहिर निस्कनुको बारेमा रोडेरिकलाई जवाफ दिएँ। मैले भने, कि यी सबै कुराहरू मिशनरीको रूपमा काम गर्दा गर्नुपर्ने कर्तव्यको रूपमा ठानेर मात्र गर्न सक्छु।" यद्यपि नील नदीको मूल जहाँ भेट्छ भनी उहाँले विश्वास गर्नुभयो, त्यही भागलाई अन्वेषण गर्नु उहाँको उद्देश्यभित्र पर्ने कुरा नै थियो, यसैले उहाँको कामको एक भागको रूपमा मध्य–अफ्रिकाको तलाउ पत्ता लगाउनको लागि जियोग्राफिकल सोसाइटीसँग करार बाँध्नुभयो। यो काम गर्नको लागि सोसाइटीबाट ५०० पाउण्ड पाउनुभयो, र सरकारबाट अर्को ५०० पाउण्डसहित वाणिज्य दूत भन्ने पद पनि पाउनुभयो, र जसको लागि केही तलब थिएन। यति विशाल काममा पर्न आउने खर्चहरूको लागि उहाँले आफ्नै स्रोतमाथि भर पर्नुपरेको थियो, अथवा परमेश्वरमाथि भरोसा राख्नुपरेको थियो।

यही वर्षको जुन महिनामा उहाँकी आमाले इच्छा गरे जसरी नै उहाँको अन्तिम समयमा उहाँको साथमा रहेर उहाँलाई अनन्तकालमा भेट्ने गरी बिदा दिनुभयो।

स्कटल्यान्ड छोडेर जानुभन्दा अघि विद्यालयको बच्चाहरूलाई एउटा छोटो प्रवचन दिनुभएको थियो, जसको अन्तचाहिँ उहाँको आफ्नै जीवनको आदर्श वचनको रूपमा रहेको "परमेश्वरको भय मान्नु र कठिन परिश्रम गर्नु" भन्नेद्वारा गर्नुभएको थियो। उहाँको आफ्नो मातृभूमिमा उहाँले साझा रूपमा बोलेका अन्तिम शब्दहरू यही नै थिए।

सन् १८६५ को शरद ऋतुमा बेलायतबाट फर्की आउनुभयो, र सन् १८६६ मार्च १९ तारिखमा आफ्नो ५३औँ जन्म दिवसमा अन्तिम पल्ट अफ्रिकाभित्र प्रवेश गर्नको लागि जान्जिबारतिरको यात्रा सुरु गर्नुभयो। उहाँले भन्नुहुन्छ, "मैले यात्रालाई पूरा गर्दिनँ भन्ने महसुसको साथ यात्रा सुरु गर्दैछु। यो भावनाले मेरो कर्तव्यमा बाधा ल्याएको छैन, तर मलाई भविष्यको बारेमा धेरै सोच्न लगायो, र भएको परिवर्तन हामीले सधैँ विश्वास गर्दै आएको जस्तो महान् होइन भन्ने निष्कर्षमा पुऱ्यायो। हामी सबैको लागि सबै हुनुभएको उहाँको स्वरूप विशेष गरी मानवस्वरूप थियो; र सन्त यूहन्नाले आराधना गर्न चाहेको त्यो भविष्यवक्ताको लागि, हामीले जसरी नै गर्नुपर्ने कामहरू थिए, र उहाँले गर्नु पनि भयो।"

महान् अन्वेषकले यस पटक कुनै गोरो साथीलाई साथमा लानुभएन, तर उहाँको यात्रालाई आवश्यक परेअनुसार काला परिचारकहरूलाई साथमा लैजानुभयो। त्यसमध्येमा ८ जना उद्धार गरिएको दासहरू थिए, जो मुम्बईको नजिक "नासिक मिशनरी विद्यालय"मा थिए, तिनीहरूमध्ये कति जनाले चाहिँ जीवन र मृत्यु दुवैमा आफ्नो मालिकप्रति यति इमानदारीता प्रकट गरे, कि त्यो प्रशंसाको योग्य थियो। तर जान्जिबार पुगिसकेपछि तिनीहरूको साथमा जोहन्ना (Johanna or Anjoun) टापुका मानिसहरू र बेलायतको सेनासँग काम गर्ने भारतका सिपाहीहरू पनि थपिए। जोहन्नाका मानिसहरू चोरहरू थिए, र सिपाहीहरू असहनीय थिए, यसैले लिविङ्स्टनले तिनीहरू सबैलाई निकाल्नुभयो, र त्यसपछि सहायताको लागि पठाइएका फौजहरू पनि राम्रा साबित भएनन्।

अन्वेषण गर्ने टोली अज्ञात महाद्वीपभित्र डुब्यो, र महिनौँसम्म तिनीहरूको बारेमा केही थाहा भएन। अन्तमा एक जना जोहन्नाको मानिसले विस्तृत विवरणको साथ जान्जिबारमा खबर ल्याए, कि नयासा तालको किनारहरूमा डा. लिविङ्स्टन मारिए। टोलीसँग जान मन नहुँदा स्वतन्त्र रूपमा फर्कन अनुमति पाइसकेपछि  आफ्नो गल्ती ढाक्नको लागि यो कथा ऊ आफैले आविष्कार गऱ्यो। बेलायती पत्रिकाहरू श्रद्धाञ्जलीको सूचनाले भरिए, तापनि यो खबरलाई सबैले विश्वास गरेनन्, र सत्य पत्ता लगाउनको लागि एउटा खोज–टोली पठाइयो। त्यो टोलीले लिविङ्स्टनलाई पत्ता लगाउन नसके तापनि त्यो खबर झूटो हो भन्ने कुराको चाहिँदो प्रमाणहरू पायो, र सन् १८६८ मा मिशनरी आफैबाट पत्र आयो, जसमा उहाँले जोहन्नाका मानिसहरूले छोडेर गएको कुरा, साथै मोइरो र बङ्वियोलो तालहरू पत्ता लागिएको कुरा पनि बताउनुभएको थियो।

डा. लिविङ्स्टनले सामना गरेका परीक्षाहरू र उहाँको सामान्य जीवनको बारेमा उहाँ आफैले स्ट्यान्लीको हातमा छोडेर गएको दैनिकीहरूबाट थाहा पाउन सक्छौँ।

सन् १८६७ जनवरी २० तारिख, आफ्नो साथमा रहेका दुई जना मानिसहरूले आफूलाई छोडेर गएको कुरा बताएर उहाँले भन्नुभएको थियो, कि ती मानिसहरूले औषधीको बाकस समेत लुटेर लगे, जसलाई पछि खोलेर हेर्दा

फ्याँकिदिए होला। उहाँले अझै लेख्नुभयो, "म पनि दयनीय बिशप म्याक्केन्सी जसरी आफ्नो लागि मृत्युदण्ड घोषणा भएको महसुस गरेँ।" बिशप म्याक्केन्सीको सबै औषधीहरू नाउमा यात्रा गर्दा पानीको प्रवाहले गर्दा नष्ट भए, र त्यसकै अभावले नै उहाँ चाँडै नै त्रासपूर्ण अफ्रिकी ज्वरोमा डुब्नुभयो। डा. लिविङ्स्टनको जीवनमा पनि औषधीको बाकसलाई गुमाएको नै अन्तको सुरुवात भयो, र उहाँको शरीरले रोगबाट निको हुने क्षमतालाई गुमाउँदै गएको थियो।

"जनवरी २७, लुगा फेर्दा मेरो शरीरमा हड्डी र छाला मात्र रहेको देखेर त्रसित भएँ।"

"अप्रिल १, १८६७। म अत्यन्तै कमजोर छु, नलरबराईकन हिँड्न सक्दिनँ, र टाउकोमा सधैँ केही आवाज सुनिरहेको छ, तर सर्वोच्चले मलाई अझै अगाडि बढाउनुहुन्छ। यहाँ कुनै दिन बिताइसकेँ, र अलिकति बिसुद्धीको अनुभव गर्दछु, जसले औषधीको अभावमा ज्वरोको शक्तिलाई देखाउँदछ। मेरो छाप्रो बाहिर धेरै अप्ठ्यारो तरिकाले लडिरहेको थिएँ, भित्र जान सकिनँ। खम्बाहरूलाई समातेर उठ्न प्रयास गरेँ, तर झण्डै सिधा उभिसकेपछि हात छोडिदिएँ, र जोरले पछारिँदा मेरो टाउको एउटा बाकसमा लाग्यो। अरूले मेरो दयनीय अवस्थालाई नदेखोस् भनी साथमा भएको केटाहरूले छाप्रोको ढोकामा एउटा पर्दा लगाइदिए; म कहाँ छु भन्ने कुरा थाहा पाउनको लागि केही घण्टाहरू लाग्यो।"

औषधीको बाकसलाई गुमाएको साथै लिविङ्स्टन भोकमरीमा पर्नुभएको थियो। उहाँलाई पिउनको लागि चिया, कफी अथवा चिनी केही थिएन, र खानको लागि पनि स्वादहीन खस्रो अफ्रिकी मकैबाहेक अरू केही थिएन, जुनचाहिँ एउटा अति असन्तुष्टि ल्याउने खालको खान्की थियो, जसले गर्दा लिविङ्स्टन प्रायः भोकै बस्नुपरेको थियो।

सन् १८६७ को दुई वटा उल्लेखनीय भौगोलिक सफलताहरूचाहिँ मोइरो काललाई पत्ता लगाएको र टन्गान्यीका काललाई पहिलो पल्ट देख्नु थियो। सन् १८६८ मा उहाँले बङ्गिवयोलो ताल पत्ता लागिएको कुरालाई साधारण रूपमा टिपोट गर्नुभएको छ। "जुलाई १८ तारिख, म अलि परसम्म हिँडेँ, र तालको किनारहरूलाई पहिलो पल्ट देखेँ, यहाँसम्म सुरक्षित आइपुगेकोमा म

धन्यवादी छु।"

सन् १८६९ को नयाँ वर्षको दिनमा पहिले अनुभव गरेको भन्दा अझै रोगको एउटा जटिल आक्रमणसँग लिविङ्स्टन लडिरहनुभएको थियो।

६ हप्ताको निमोनियाँ रोगले उहाँको जीवनमा धेरै नराम्रो समस्याहरू छोडेर गएको थियो, जसबाट उहाँ पूर्ण रूपमा कहिल्यै निको हुनुभएन। उहाँ यस्तो बिरामी हुनुभएको थियो, कि हप्ता र महिनामा कति दिन हुन्छ भन्ने कुरा पनि बिर्सनुभयो। यो अनुभवको बारेमा लेख्दा उहाँ भन्नुहुन्छ: "उजीजी जाने बाटोमा मृत्युसँग लडिरहेको अवस्थामा आफैलाई भेट्टाएँ.... र मेरो बच्चाहरूको बारेमा सम्झिँदा एउटा भजनको यी वाक्यहरू मेरो दिमागमा सधैँ गुन्जिन्छ:

*"म तिम्रो मुहारलाई देख्नेछु,*
*र तिमीले बोलेको कुरा सुन्नेछु;*
*र बारम्बार तिम्रो नजिक रहन्छु,*
*जब तिमीले म टाढा छु भनी सम्झिँछौ।"*

आफूले तटबाट मगाएको सामानहरू लिनको लागि सयौँ माइल यात्रा गरेपछि बेइमान स्थानीयहरूद्वारा ती सबै बाकसहरू खोलिएर सामग्रीहरू लुटिएको र कतिपय सामानहरू छरपस्ट पारिएको अवस्थामा भेट्टाउनुहुन्थ्यो, र उहाँको चिठीहरू पनि हराउँथ्यो। उहाँको अन्य परीक्षाहरूको साथ यो कुरा पनि बारम्बार घट्थ्यो। साँच्ची नै यस्ता अवस्थाहरूमा एउटा मानिसलाई असीमित धीरताको आवश्यक पर्छ, तर धीरता र सहनशीलता लिविङ्स्टनका बलिया पक्षहरू थिए।

यी सबैको साथ आशा गरिएको कुरा पाउनुमा भइरहेको ढिलाइ भन्ने परीक्षा पनि थपिनुपर्छ। उहाँले समाधान गर्न खोजिरहेको समस्याको समाधानको साँचो हरेक पल्ट नजिकै भएजस्तै देखिन्थ्यो, तर पछि हरेक पल्ट केवल धोका मात्र पाउनुहुन्थ्यो। हुन सक्छ, यो काममा हुन सक्ने कठिनाइहरूको बारेमा उहाँले पहिले थाहा पाउनुभएको भए, त्यो कामलाई त्यसको लागि चुकाउनुपर्ने मूल्य बराबर देख्नुहुन्न थियो होला; तर उहाँले जियोग्राफिकल सोसाइटीलाई प्रतिज्ञा गरिसक्नुभएको थियो, र हामीले देखेअनुसार नै उहाँ चाँडै अस्थिर हुने मानिस

हुनुहुन्न थियो। साथै उहाँले एउटा यस्तो विचार बोक्नुभएको थियो, कि यदि नील नदीको मूलहरू पत्ता लगाउन सकेको खण्डमा आफू एउटा प्रभावशाली ठाउँमा पुग्न सक्छ, जुनद्वारा अफ्रिकाको लागि आफूले गर्ने बिन्तीले नयाँ बल पाउँछ।

उहाँ जहाँ जानुभयो, ती सबै ठाउँहरूमा परमेश्वरको एक मात्र पुत्रद्वारा प्रकट भएको प्रेमको बारेमा बताउने मौका पाउनुभएको थियो, यद्यपि रोपेको बिउ विरलै जरा गाड्थ्यो। उहाँले देश र दास–व्यापारको बारेमा निरन्तर ताजा जानकारी प्राप्त गर्दै हुनुहुन्थ्यो।

यसरी सन् १८६६ देखि सन् १८७१ को पाँच वर्षको समयहरू नयासा, टन्गान्यीका, मोइरो र बङ्ग्वियोलो तालहरूको वरिपरि यात्रा गर्नुमा नै बित्यो। हरेक वर्षको सुरुवात, त्यो वर्ष आफ्नो कामलाई पूरा गरेर घर फर्किन सकियोस् भन्ने दयालाग्दो प्रार्थनाद्वारा नै सुरु हुन्थ्यो। उहाँलाई धेरै कठिनाइहरूले घेरेका थिए; नरसंहार र अत्याचारहरू बारम्बार हुन्थे। अरबी दास–व्यापारीहरूले मौका पाएसम्म उहाँलाई असफल तुल्याउने प्रयास गर्थे। लामो पैदल यात्राहरूले गर्दा उहाँको पाउहरू धेरै फुटेका थिए, र बारम्बार हुने रोगको आक्रमणले उहाँको शरीरलाई शक्तिहीन तुल्याएको थियो। एक पल्ट उहाँ ८ दिनसम्म रोगको आक्रमणले गर्दा छाप्रोबाट निस्कन सक्नुभएन। त्यस समयलाई नील नदीको मूलहरूको बारेमा सम्झिँदै, स्थानीयहरूबाट केही जानकारीहरू प्राप्त गर्दै, तिनीहरूको लागि केही भलाइ गर्नुपर्छ भन्ने विचार गर्दै र बाइबल अध्ययन गर्दै बिताउनुभयो। उहाँले मन्एमा देशमा हुँदा बाइबललाई वर्षमा चार पल्ट पढिसक्नुहुन्थ्यो। बेलायतबाट उहाँलाई उत्साहित तुल्याउनको लागि थोरै खबर आउँथ्यो, कुनै बेला कुनै पनि खबर आउँदैन थियो। एक पल्ट उहाँले एक मात्र चिठी प्राप्त गर्नुभयो, ४० वटा चाहिँ बाटोमा हराइसकेको थियो।

यी सबैको साथ एउटा निराशको मुकुट पनि आयो, जसलाई हामीले नेबो पर्वतमा उभिएर प्रतिज्ञाको देशमा प्रवेश गर्ने अनुमति नपाएर हेर्न मात्र पाउँदा मोशाले गरेको अनुभवसँग तुलना गर्न सकिन्छ। लिविङ्स्टन अब लुआलबा नदीको छेउमा आइपुग्नुभयो, जुनचाहिँ नील नदी हुन सक्छ भनी आशा गर्नुभएको थियो, यद्यपि त्यो कङ्गो (जुन नाममा अहिले हामीले त्यसलाई चिन्छौँ) नदी हुन सक्छ भन्ने डर पनि उहाँको मनमा थियो। यो नदी बग्ने दिशामा यात्रा गर्दा उहाँको प्रश्नको उत्तर पाइन्छ। यसले उहाँको कामलाई

समाप्त गर्छ, र अन्तमा घर फर्कन पाउनुहुन्छ; तर यहाँ उहाँको साथमा रहेका मानिसहरूले विद्रोह गरे, र अगाडि बढ्न इन्कार गरे। उहाँको धीरता र कोमलताले उनीहरूमा कुनै प्रभाव पार्न सकेन, र अब आफ्नो उजीजीतिरको ५०० माइल टाढाको थकाइपूर्ण यात्रातिर, दुःख र शरीरको कमजोरीपनसहित फर्कनुबाहेक अरू केही गर्न नसक्ने अवस्था भयो।

यो यात्रा सबैभन्दा नराम्रो यात्रा थियो। दास–व्यापारीहरूले गर्दा भइरहेको उजाड अवस्थाको बीचमा आफू तिनीहरूमध्येका एक जना होइन भनी बुझाउनु लिविङ्स्टनको लागि असम्भव कुरा भइरहेको थियो। उहाँ र उहाँको साथमा भएकाहरूलाई मार्नको लागि स्थानीयहरू लुकी बसेका थिए। एकै दिनमा तीन पटक आउन लागेको मृत्युबाट लिविङ्स्टन उम्कनुभयो। दुई पटक भाला हानियो, एक पटक भाला घाँटीलाई छोएर गयो, दोस्रो पटक एक फुट मात्र टाढा झऱ्यो। उहाँमाथि खसाल्नको लागि आगो लगाएको रूख पनि उहाँको नजिकै ढल्यो।


उजीजीतिर फर्कनुपर्ने कुरामा भएको निराशपनलाई सामना गर्न त्यसमा भएको एउटा भलाइचाहिँ चाहिने सामग्रीहरू र औषधीहरू त्यहाँ पाइन्छ भन्ने लिविङ्स्टनको पूर्ण भरोसा थियो। हड्डी र छाला मात्र भएको अवस्थामा लिविङ्स्टन त्यहाँ आइपुग्नुभयो, उहाँ त्यहाँ आइपुग्दा अघि नै फेरि पनि उहाँको सम्पूर्ण सामानहरू लुटिएर बेचिएको थाहा पाउनुभयो। त्यहाँको दुष्ट अरबी व्यापारीले, जसको नाममा सामानहरू पठाइएको थियो, सबै सामान बेचिदियो। ३००० वटा एक मिटरको सूती कपडाहरूमा एउटा पनि राख्नुभएन, नता ७०० पाउण्डमा एक पाउण्ड बाँकी राख्नुभयो। कुरानद्वारा डेविड लिविङ्स्टनको भविष्यवाणी हेर्दा उहाँ मरेको पाएर, अब उहाँलाई यो सामानहरूको आवश्यकता छैन भन्ने निर्णयमा आएर सो गरेको हो भनी बहाना गरेर तिनले आफूले गरेको गल्तीलाई लुकाए। यो दयनीय यात्री चोरहरूको बीचमा परे, र उहाँको सहायताको लागि कोही नभएको जस्तै देखिन्छ, तर अहिले पनि उहाँलाई सहायता आउँदै थियो।

# अध्याय - १३


# स्ट्यान्लीसँगको भेटघाट

उजीजीमा आएर धेरै दिनहरू नबितेको हुँदा अझै विश्राम गर्दै आफ्नो बल र सुन्दर साहस, जुनचाहिँ अहिले पनि कमजोर मात्र भएको थियो नाश भएको थिएन, फर्काउन लिविङ्स्टनले प्रयास गरिरहेको हुँदा, न्यु योर्क हेराल्ड पत्रिकाको स्थापक हुनुभएको जे. जी. बेन्नेटद्वारा लिविङ्स्टनलाई खोज्न पठाइएको हेन्री एम. स्ट्यान्ली "स्वर्गबाट दूत आएजस्तै" आइपुग्नुभयो। स्ट्यान्लीको सम्झनाअनुसार यो सन् १८७१ को नोभेम्बर महिना भएको थियो, तर लिविङ्स्टनको सम्झनाअनुसार अलिकति अगाडि भएको हो भनी भन्नुहुन्छ। यो एक्लो नैराश्य अन्वेषकले प्रशस्त सामग्रीहरू, झोलाभरिको पत्रहरूसहित, गोरो मानिसको मुहार देख्न पाउँदा र आफ्नो मातृभाषाको सही उच्चारणमा अभिवादनको आवाजलाई सुन्न पाउँदा कति सान्त्वना र ताजापनको अनुभव गर्नुभयो होला।

श्रीमान् स्ट्यान्ली र श्रीमान् बेन्नेट दुवैलाई डा. लिविङ्स्टनप्रति कुनै व्यक्तिगत चासो थिएन। आफ्नो पत्रिकाको लागि र एउटा पत्रकारको रूपमा मात्रै आफूले महान् मिशनरी यात्रीलाई खोज्न पठाएको हो भनी श्रीमान् बेन्नेटले खुलस्त रूपमा स्विकार्नुहुन्छ। तर श्रीमान् स्ट्यान्लीले आफूले भेट्टाएको नयाँ साथीप्रति आफूमा व्यक्तिगत सम्मान भएको कुरालाई चाँडै थाहा पाउनुभयो। लिविङ्स्टनको बारेमा कुरा गर्नुपर्दा उहाँले बारम्बार भनी रहनुभयो: "तपाईंले मलाई नयाँ जीवन दिनुभयो – तपाईंले मलाई नयाँ जीवन दिनुभयो – तपाईंले मलाई नयाँ जीवन दिनुभयो।" वास्तवमा यो प्रमाणित भयो। उहाँको पहिलेको अल्प र झण्डै स्वादहीनको भोजनको तुलनामा दिनको चार पटकको अहिलेको पोषिलो भोजनले उहाँको बललाई फर्कायो, र हड्डीहरूमा मासु थपिदियो, तर मानसिक रूपमा उहाँमा आएको उत्सुकता र मित्रताको भावलाई, जुन कुरा लामो र एक्लो यात्राहरूपछि स्ट्यान्लीको आगमनले ल्याएको थियो, कसले अनुमान गर्न सक्छ।



स्ट्यान्ली अफ्रिकी केटोको साथ



स्ट्यान्ली लिविङ्स्टनलाई अभिवादन गर्दै

डा. लिविङ्स्टनले आफ्नो दैनिकीमा लेख्नुहुन्छ: "म अभाव र एक्लो रहँदा यरूशलेमबाट यरीहोतिर यात्रा गर्दा चोरहरूको हातमा परेको त्यो मानिस म हुँ जस्तै महसुस गरेँ; तर मैले पुजारी, लेवी अथवा असल सामरी आउँछन् भनी आशा गर्न सकिनँ.... मेरो आत्मा अति नै निराश भएको अवस्थामा हुँदा असल सामरी नजिकै आइपुगिसकेका थिए। एक दिन बिहान शुशी आफ्नो उच्च गतिमा दौडेर मकहाँ आएर लामो सास फेर्दै भने, 'गोरो मानिस ! म देख्दै छु !' र फर्केर त्यही गतिमा तिनलाई भेट्न गए। टोलीको अगाडि भएको अमेरिकी झण्डाले तिनीहरू कुन देशको हो भनी बतायो। सामानहरूको कुम्लोहरू, ड्रमहरू, ठुलो पानी तताउने भाँडाहरू, पकाउने भाँडाहरू, इत्यादिले मलाई सोच्न लगायो, कि 'यो मानिस एउटा धनाढ्य व्यापारी हुनुपर्ने र म जस्तै आफ्नो सबै प्रयास सिद्धिएको मानिस हुन सक्दैन।' त्यो मानिस हेन्री मोर्ल्याण्ड स्ट्यान्ली हुनुहुन्थ्यो, जो 'न्यु योर्क हेराल्ड' पत्रिकाको संवाददाता थिए, जसलाई जेम्स

गोर्डन बेन्नेटले ४००० पाउण्ड खर्च गरी डा. लिविङ्स्टन जीवित हुनुहुन्छ भने त्यसको जानकारी अथवा मरिसक्नुभयो भने उहाँको हड्डीहरू ल्याउनको लागि पठाउनुभएको थियो।"

"युरोपबाट कुनै खबरविना पूरै दुई वर्ष बिताएको मलाई उहाँले सुनाएको खबरले मेरो शरीर नै सिरिङसिरिङ भयो। फ्रान्सको भयानक अन्त – अटलान्टिक महासागरमा टेलिफोनको तार सफलतापूर्वक राखिएको – जनरल ग्रान्ट अमेरिकाको राष्ट्रपति भएको – मेरो नजिकको मित्र लार्ड क्लेरेन्डनको मृत्यु – महारानीले मलाई बिर्सनुभएन भन्ने कुराको प्रमाणस्वरूप हजार पाउण्ड मेरो सहायताको लागि पठाउनुभएको र अन्य धेरै चासोको विषयहरूको बारेमा सुन्दा मन्एमा सुषुप्त भएको मेरो भावनाहरू पुनर्जीवित भयो। भोक फर्क्यो, अल्प र स्वादहीनको दिनको दुई पटकको खानाको सट्टामा अब मैले दिनको चार पटक खान थालेँ, र एक हप्ताभित्र बलियो भएको अनुभव गरेँ। मैले आफ्नो भावनाहरूलाई नियन्त्रणहीन बग्न दिएको छैनँ – तर यो श्रीमान् बेन्नेटले विनावास्ता गरेको दया, जसलाई श्रीमान् स्ट्यान्लीले असल तरिकाले पूरा गर्नुभयो, अति ठुलो छ।"

फेरि उहाँ स्ट्यान्लीको बारेमा लेख्नुहुन्छ: "उहाँले आफूसित भएको सबै थोकलाई मेरो सेवाको लागि दिनुभयो, आफ्नो लुगाहरूलाई दुई थुप्रो बनाएर एक थुप्रो मलाई दिनुभयो; बाकसमा भएको औषधीलाई पनि दुई भाग गर्नुभयो, त्यसपछि आफूसँग भएको सामग्रीहरू र सबै थोकलाई त्यस्तै गर्नुभयो, र मेरो भोकलाई मेटाउनको लागि आफ्नै हातले मिठो कुराहरू पकाएर दिनुभयो।"

स्ट्यान्ली पहिले थोरै समय बिताउनको लागि आए तापनि चार महिना लिविङ्स्टनको साथमा रहनुभयो, र सन् १८७२ मार्च महिना त्यहाँबाट फर्किन लाग्दा लिविङ्स्टनलाई बेलायतमा निको र बलियो हुनको लागि आफ्नो साथमा जान बिन्ती गर्नुभयो, ताकि लिविङ्स्टनले ताजा बलसहित पुरानो समस्याहरूलाई सामना गर्न सकून्। यो प्रस्ताव यति परीक्षामा पार्ने खालको थियो, कि लिविङ्स्टनले यसलाई स्वीकार गर्नुभएको भए पनि कसैले उहाँलाई दोष्याउँदैन थिए। उहाँले आफ्नो देश, साथीहरू र बच्चाहरूसँग रहनको लागि अति ठुलो इच्छा बोक्नुभएको थियो, तर आफ्नो काम नसिद्धिञ्जेल त्यो महादेशलाई छोड्ने छैन भन्ने कुरामा दृढ हुनुहुन्थ्यो। कर्तव्यप्रतिको उहाँको पूर्ण

भक्ति र आफूलाई पूर्ण रूपमा त्यागेको कुरा यी दुवै अहिले स्पष्ट देखिन्छ। नील नदीको मूलहरू पत्ता लगाउनुभन्दा एउटा उच्च लक्ष्यले उहाँलाई अगाडि बढ्न आग्रह गरिरहेको थियो। उहाँले आफ्नो साथीहरूलाई बताएअनुसार, यदि उहाँले प्रकाशमा ल्याइरहेको खबरहरूले पूर्वीय तटमा भइरहेको दास–व्यापारलाई दमन गर्न सक्छ भने त्यही नै सबै मूलहरूलाई पत्ता लगाउनुभन्दा महान् सफलता हुनेछ।

जब अन्तिम समयमा दुई जना बिदा हुनको लागि आएका थिए, धेरै अनिच्छुकताको साथ तिनीहरूले एक–अर्काबाट कोमलतापूर्वक बिदा लिए। स्ट्यान्लीले आफ्नो लागि गरेको सेवालाई लिविङ्स्टनले गरेको प्रशंसा न्यायसङ्गत थियो। स्ट्यान्लीले आफ्नो सबै सामग्रीहरूलाई उहाँसँग बाँडेर, हर प्रकारले उहाँलाई सहायता र उत्साह दिएर, मृत्युको ढोकामा पुगिसकेको लिविङ्स्टनलाई ताजा बल र साहस ल्याउन सहायता गरेर आफैलाई एउटा असल साथी भनी प्रमाणित गर्नुभयो। अब उहाँले आफ्नो भरपर्दो परिचारकहरूलाई पठाउन स्ट्यान्लीमाथि भर पर्नुभयो, यही नै स्ट्यान्लीमाथि भर परेर आफ्नो दैनिकी र अन्य कागजपत्रहरू जिम्मा लगाउनुभयो। लिविङ्स्टनले ६ वर्षपछि भेटेको एउटै गोरो मानिस स्ट्यान्ली मात्रै हो; त्योभन्दा बढी उहाँहरू साथमा रहेको चार महिनामा स्ट्यान्ली लिविङ्स्टनको भरोसायोग्य साथी बन्न पुग्नुभयो।

साथै लिविङ्स्टनको बारेमा स्ट्यान्लीको विचार के थियो? उहाँले लेख्नुभएको छ, “परमेश्वरको अनुदान! यदि तपाईंले अफ्रिकामा यात्रा गर्नुभयो भने तपाईंले एउटा महान् र इमानदार मानिसलाई आफ्नो साथीको रूपमा पाउनुहुनेछ, जो डेविड लिविङ्स्टन हुनुहुन्छ! चार महिना चार दिन म उहाँसँग एउटै घरमा अथवा एउटै डुङ्गामा अथवा एउटै पालमा बसेको थिएँ, र मैले उहाँमा कहिल्यै दोष पाइनँ। म एउटा झडङ्ग रिसाउने स्वभावको मानिस हुँ, म साँच्ची नै भन्न सक्छु, कि मैले अरूसँग मित्रताको सम्बन्धलाई तोडेको छु, तर लिविङ्स्टनसँग रिसाउनको लागि मैले कहिल्यै पनि कारण भेटिनँ, तर उहाँसँगको मेरो प्रत्येक दिनले उहाँप्रतिको इज्जतलाई झन् बढायो।

# अध्याय - १४
# अन्तिम यात्रा

डा. लिविङ्स्टन आफ्नो साथी स्ट्यान्लीको साथ उनयम्यम्बेसम्म जानुभएको थियो, जहाँ स्ट्यान्लीले तटबाट परिचारकहरूद्वारा सामग्रीहरूलाई पठाउने बेलासम्म पर्खिरहनुपरेको थियो। उहाँको यहाँको बसाइँ अलि उदासलाग्दो थियो। यहाँ उहाँले आफूले सोचेको भन्दा अझ बढी समय सामग्रीहरू र मानिसहरूको लागि पर्खिरहनुपर्ने भयो, र उहाँले त्यहाँ गर्न सक्ने कुरा खासै केही थिएन, उहाँजस्तै मेहनती मानिसलाई यो अति नै ठुलो परीक्षा थियो। स्ट्यान्ली उहाँबाट छुटेको पाँच दिनपछि उहाँको ५९औँ जन्मदिन थियो, जुन दिनको बारेमा उहाँको दैनिकीमा यस्तो टिपोट गर्नुभयो।

"मार्च १९, जन्मदिन। मेरो येशू, मेरो राजा, मेरो जीवन र मेरो सबै; म फेरि मेरो सम्पूर्ण जीवन तपाईंको लागि अर्पण गर्छु। मलाई स्वीकार गर्नुहोस्, र हे अनुग्रही पिता, यो वर्ष पूरा हुनुभन्दा अघि म आफ्नो काम पूरा गर्न दया गर्नुहोस्। येशूको नाममा माग्दछु। आमेन, यस्तै होस्। – डेविड लिविङ्स्टन"

मे महिनाको पहिलो दिन, पूर्वीय तटमा भइरहेको दास–व्यापारलाई अन्त गर्नको लागि अमेरिकीहरूको जोशलाई पनि साथमा लिन 'न्यु योर्क हेराल्ड' पत्रिकाको लागि एउटा पत्र तयार गर्नुभयो, र आफ्नो प्रयासमा परमेश्वरको आशिष् होस् भनी प्रार्थना गर्नुभयो। यस पत्रलाई यी शब्दहरूद्वारा अन्त गर्नुभएको थियो: "मेरो एक्लोपनको जीवनमा मैले दिन सक्ने कुराचाहिँ : स्वर्गको आशिष् हरेक मानिसमाथि आउन सकियोस्, त्यो अमेरिकी, बेलायती अथवा टर्की जो भए तापनि, जसले संसारको खुला घाउलाई निको पार्न सहायता गर्छन्।" यी शब्दहरूभन्दा अरू कुनै असल तरिकाले यो मानिसलाई प्रस्तुत गराउन सक्दैन भन्ने महसुस भएकाले मृत्यु पछाडि वेस्टमिन्स्टर एब्बेमा भएको उहाँको चिहानको ढुङ्गामा सम्झना–स्वरूप यही नै शब्दहरू कुँदिएका छन्। यी शब्दहरूलाई लिविङ्स्टनले १८७२ मे १ तारिख, उहाँको मृत्युभन्दा ठीक एक

वर्ष अगाडि लेख्नुभएको थियो भन्ने कुरा यी शब्दहरूलाई छानिएर कुनै समयहरू बितेर नजाउञ्जेल थाहा भएको थिएन।

उहाँको वरिपरि फैलिएको पूर्ण अन्धकार र अज्ञानताको बीचमा अफ्रिकालाई ख्रीष्टको लागि जित्न सक्छ भन्ने कुरालाई विश्वास गर्नु कहिलेकाहीँ गाह्रो कुरा हुन्थ्यो, तर उहाँले आफ्नो विश्वासलाई यस्ता शब्दहरूले बलियो बनाउनुभयो, जुन शब्दहरू हामी उहाँको दैनिकीमा मे १३ तारिखमा लेखिएको पाउँछौँ।

"उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ – अनुग्रही परमेश्वर, जो अनुग्रह र सत्यताले पूर्ण हुनुहुन्छ – यसमा कुनै शङ्का नै छैन। उहाँले भन्नुभएको छ, 'मकहाँ आउनेलाई कुनै रीतिले त्याग्नेछैनँ।' र 'तिमीहरूले मेरो नाममा जेसुकै मागे तापनि म त्यो गर्नेछु।' उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ, र म उहाँकहाँ नम्रतासाथ आएर मेरो बिन्तीलाई राख्न सक्छु, र सबै कुरा असल हुनेछ। यहाँ शङ्काको ठाउँ नै छैन, पक्का छैन। – डेविड लिविङ्स्टन"

अफ्रिकीहरूको विश्वास जितेर उहाँहरूको बीचमा आत्मिक कामको जग बसाल्ने तरिकाको बारेमा उहाँले फेरि यसरी लेख्नुभएको छ: "जुन २१। लामो समयको भलाइ बाहेक अफ्रिकीहरूको विश्वास जित्ने अरू कुनै माध्यम छैन.... भलाइ अथवा निस्स्वार्थीपनले नै अन्य कुनै पनि सीप अथवा शक्तिभन्दा तिनीहरूको मनलाई बढी प्रभाव पार्छ। तिनीहरूले भन्छन्, 'तपाईंको हृदय हाम्रो भन्दा फरक छ; सबै कालो मानिसहरूको हृदय खराब छ, तर तपाईंको असल छ।' नयाँ हृदय र सही आत्मा पाउनको लागि येशूलाई प्रार्थना गर्नु तिनीहरूको बीचमा आफ–से–आफ सम्मान पाउँदछ। सङ्गीतप्रति रुचि भएकाहरूको बीचमा सङ्गीतले ठुलो प्रभाव पार्छ, र धेरै पल्ट परिवर्तनको लागि बाटो खोलिदिन्छ।"

यी टिपोटहरूलाई यस्ता टिपोटहरूले पनि पछ्याउँदछ: "जुलाई ३। थकाइपूर्ण पर्खाइ, यद्यपि अझै ६ हप्ताहरूभन्दा अघिसम्म मानिसहरू फर्की आउने सम्भावना छैन। यो यात्रामा म अति नै बाधा सामना गर्नुपर्ने अवस्थामा छोडिएको छु, तर यी सबै कुराहरू भलाइको लागि हुन सक्छ। म उहाँमाथि भरोसा राख्छु, जसलाई म आफ्नो मार्गहरू सुम्पिदिएको छु।"

"जुलाई ५: थकित! थकित!"

"जुलाई ७। थकाइलाग्दो पर्खाइमा छु, र आशा गर्छु, कि सबैलाई भलाइ गर्ने र प्रेम गर्ने पिताले मलाई पनि निगाह दिनुहुन्छ, र मेरो कामलाई चाँडो र असल तरिकाले पूरा गर्न मद्दत गर्नुहुन्छ।"

यी समयहरूमा लुआलबा नदीको बारेमा उहाँको मनमा सधैँ शङ्का र अन्योल भइरहेको कुरा उहाँको दैनिकीबाट थाहा पाउन सक्छौँ। उहाँ त्यो कङ्गो नदी हुन सक्छ भनी डराउनुहुन्थ्यो। उहाँको शङ्का कहिल्यै हल भएन भन्ने कुराको लागि हामीले धन्यवाद दिनुपर्छ भनी भन्न सक्छ, किनकि त्यो नील नदी होइन भनी थाहा पाउनुभएको भए, उहाँलाई त्यो कुराले अति ठुलो निराशमा पार्थ्यो। त्यो नदीको भागहरू, अफ्रिकामा उहाँको जीवन र परिश्रमको सम्झना–स्वरूप 'लिविङ्स्टन नदी' भन्ने नाम पाएर रहनेछ भनी थाहा पाउनुभएको भए तापनि उहाँले सान्त्वना पाउनुहुन्न थियो होला।

दास–व्यापारलाई दमन गर्नको लागि आफ्नो क्षमताभित्र पर्ने सबै कुराहरू गर्ने प्रयासको बारेमा उहाँले साथीलाई लेखेको पत्रमा यसरी लेख्नुभएको छ: "मलाई यो कुराको बारेमा यस्तै भनेको जस्तो लाग्छ, 'मार्नलाई लगिएकाहरूलाई बचा, मारकाटतिर ढुनमुनिरहेकाहरूलाई रोक्। यदि तँ भन्छस्, "हामीलाई त यसबारे केही थाहै भएन," के हृदय जाँच गर्नुहुनेले यो कुराको ख्याल राख्नुहुन्न र? तेरो जीवन रक्षा गर्नुहुनेलाई यो कुरा थाहा हुँदैन र? के उहाँले हरेक व्यक्तिलाई त्यसको कामअनुसार बदला दिनुहुन्न र?' बानियन (भारतको एउटा जाति) र अरबीहरूले मध्य–अफ्रिकामा मानिसहरूलाई दास बनाउने ठाउँमा म अनजानमा पुगेँ, ती मानिसहरूले बोक्ने पीडा मैले देखेको छु। मैले अझै काम गर्नुपर्छ, र यो दुष्टतालाई प्रकाशमा ल्याउन र रोक्न गर्न सक्ने सबै मैले गर्नुपर्छ।"

फेरि लेख्नुभएको छ: "मैले देखिरहेको यो डरलाग्दो दास–व्यापार स्वर्गीय अनुग्रहद्वारा निर्मूल पारियो भने त्यसले परमप्रभुलाई कति प्रसन्न पार्न सक्छ भन्ने कुरा कसैले अनुमान गर्न सक्दैन। यो काममा सफल हुनको लागि पूर्ण जीवनलाई समर्पण गर्नु उचित हुन्छ, र यसको लागि नै मलाई परमेश्वरले रोकिराख्नुभएको छ भन्ने विश्वास ममा बलियो रूपमा बढ्न थालेको छ।"

नील नदीको मूल पत्ता लगाउनुको कारण, त्यसबाट आफूले पाउने स्थानलाई प्रयोग गरेर मानिसहरूको बीचमा सामर्थ्यसहित मुख खोलेर दास–व्यापारको विरुद्धमा एउटा जनभावना उत्पादन गर्नु नै थियो। मिशन काम र हरेक प्रकारको असल कामको बाधाको रूपमा रहँदै आएको यो व्यापारलाई सधैँको लागि निर्मूल पार्नुपर्छ भन्ने कारणले मात्र उहाँले नील नदीको मूल पत्ता लगाउन प्रयास गर्नुभयो भनी अन्तसम्म उहाँको चिठीहरूले देखाउँदछन्। उहाँले लेख्नुभएको अन्तिम शब्दहरू यही नै थिए: **"मैले मेरो जाडो, भोक, पीडा र परीक्षा यी सबैलाई बिर्सन सक्छु, यदि यो श्रापित व्यापारलाई अन्त गर्न म माध्यम बन्न सक्छु भने ।"**

अन्तमा डा. लिविङ्स्टनको परिचारकहरू आइपुगे, तिनीहरूको बीचमा जेकब वेइन्रैट पनि थिए, जो भारतको नासिक विद्यालयमा पढेका थिए(उद्धार गरिएका अफ्रिकी दासहरूको आश्रय–स्थल), र जसले लिविङ्स्टनको मृत्यु पछाडि उहाँको शरीरलाई बेलायतसम्म लगेका थिए, र वेस्टमिन्स्टर एब्बेमा भएको अन्तिम संस्कारमा लिविङ्स्टनको शरीर भएको बक्सालाई बोकेका थिए। लिविङ्स्टनको जीवनको अन्तिम ८ महिनाहरूको विवरणहरू पनि तिनीबाट नै प्रकाशित भएको थियो। यो पल्ट लिविङ्स्टन परिचारकहरूद्वारा निराश हुनुपर्ने भएन, अहिलेको परिचारकहरू विश्वासयोग्य र लायक पनि थिए।

अगस्ट महिना टोली उनयम्यम्बेबाट टन्गान्यीका र बङ्विवयोलो तालतिर यात्रा गऱ्यो। यात्राको पहिलो भागमा त्यति समस्याहरू भएन, तर ऋतु बदलिँदै जाँदा चिसो र वर्षाले उहाँको प्रगतिलाई सधैँ लडन्तमा पाऱ्यो। तलाउमा वर्षा बाहेक केही पनि छैन भन्ने गरी अत्यन्तै ठुलो पानी पऱ्यो। उहाँहरू यात्रामा बाढीले भरेको नदीहरू र खाडी हुँदै जानुपरेको थियो, र स्थानीयहरूले खान्की दिन इन्कार गरे, र गलत बाटो देखाएर झुक्क्याए। एक पल्ट क्रोधित कमिलाहरूले राति लिविङ्स्टनलाई आक्रमण गऱ्यो, उहाँ निराश भएर एक पालदेखि अर्को पालमा सरिरहनुपर्ने भयो।

यस्ता कुराहरूलाई सामना गर्नुपर्दा जुनसुकै समूह भए पनि थोरै हप्ताहरूमा नै पराजित भइहाल्थ्यो, र उहाँहरूको टोलीमा धेरै बिरामीहरू पनि थिए। लिविङ्स्टनको पीडा पहिले अनुभव गरेको सबै पीडाहरूभन्दा ठुलो थियो, तापनि उहाँ लागिरहनुभयो, र आफ्नो मानिसहरूलाई भड्किन नदिईकन एक–

साथ राख्नुभयो, जुन प्रभाव अचम्मको छ।

सन् १८७३ मार्च १९ तारिख उहाँको अन्तिम जन्म दिनमा उहाँले दैनिकीमा यसरी लेख्नुभयो: "मानिसहरूको रक्षक सर्वशक्तिमान्‌लाई धन्यवाद होस्, जसले मलाई मेरो जीवनको यात्रामा आजसम्म बचाउनुभयो ! मैले अन्तिम सफलताको आशा गर्न सक्छु ? धेरै बाधाहरू उठेका छन्। शैतान ममाथि विजय पाउन नसकियोस्, हे मेरो असल प्रभु येशू।"

कुनै दिनपछि यसरी लेख्नुभयो: "संसारमा भएको कुनै पनि थोकले कामलाई छोड्न मलाई निराश पार्न सक्दैन। मेरो परमेश्वर, मेरो प्रभुमा म आफूलाई उत्साहित तुल्याउँछु, र अगाडि बढ्छु।"

तर फलामलाई पनि थाम्ने क्षमतामा एउटा सीमा छ, त्यो जति सुरक्षित तुल्याएको भए तापनि; त्यसरी नै लिविङ्स्टनको शरीर पनि नाश पार्न नसकिने सङ्कल्प भन्ने कुराद्वारा सुरक्षित तुल्याएको भए तापनि, अप्रिल महिनाको सुरुमा दयालाग्दो गरी कमजोर हुन थाल्यो। अति नै पीडा ल्याउने दुखाइ र शारीरिक कमजोरीपनको बीचमा उहाँ आफ्नो लक्ष्यमा अगाडि बढिरहनुभयो, पूर्ण रूपमा थकित भएर बोकेर लानुपर्ने अवस्थामा पनि रोक्नुभएन। त्यो देश दरिद्रताले भरिएको देश थियो, र अहिले ठुलो वर्षाले बाढी ल्याएको थियो; सुकेको जमिन भन्ने भागहरूमा पनि अहिले घुँडासम्मको पानी हुँदै यात्रा गर्नुपरेको थियो। परिचारकहरूले आफ्नो मालिकलाई बोक्दै अगाडि बढे।

अप्रिल २७ तारिख डा. लिविङ्स्टनले आफ्नो दैनिकीमा लेख्नुभएको अन्तिम शब्दहरू यही नै थिए: "लडाएको अवस्थामा छु – निको हुनको लागि दूध किन्न पठाएका छौँ– हामी मोलिलामो नदीको किनारमा छौँ।"

बिरामी मानिसलाई आवश्यक पर्ने केही पनि पाएन। असह्य तिर्खाले पीडित भए पनि पिउन योग्य पानी पाउनु प्रायः असम्भव थियो, र दूध खोज्नु व्यर्थ भयो, यसैले अझै एक–दुई दिन यात्रालाई अगाडि बढाउन लागे।

लिविङ्स्टनले लेख्नुभएको "निको हुनु" भन्ने शब्दहरूले आफू मृत्यु नजिक छु भन्ने विचारमा हुनुहुन्न थियो भन्ने कुरालाई देखाउँदछ।

अप्रिल २९ तारिख यो महान् अन्वेषकको पृथ्वीमा गर्ने यात्राको अन्तिम दिन थियो। अन्तमा टोली मुखिया चिताम्बोको इलाला भन्ने गाउँमा आइपुग्यो, र पानी परिरहेकाले उहाँको लागि एउटा छाप्रो नबनाउञ्जेल उहाँलाई एउटा घरको दलानमा सुताइ राखियो। छाप्रो तयार भइसकेपछि एउटा अप्ठ्यारो ओछ्यानमा उहाँले रात बिताउनुभयो, भोलिपल्ट उहाँ चुपचाप ओछ्यानमा नै रहनुभयो, र परिचारकहरूले मृत्यु टाढा छैन भन्ने कुरा थाहा पाए। त्यो रात बित्यो, र केही भएको जस्तै देखिएन, तर बिहान ४ बजे उहाँको ढोकाको अगाडि सुतिरहेको एक जना केटोले, मालिक मर्नुभएको हुन सक्छ भन्ने डरले चिच्च्याएर उहाँको पुरानो परिचारक शुशीलाई बोलाए। मैन बत्तीको उज्यालोमा हेर्दा उहाँ आफ्नो ओछ्यानको छेउमा घुँडा टेक्नुभएको थियो, दुवै हात सिरानीमा राखेर मुहार हातहरूमा राख्नुभएको थियो। प्रार्थना गर्दै आफ्नो अन्तिम यात्रामा उहाँ जानुभयो, एक जना परिचारकलाई पनि साथमा लैजानुभएन। एक्लै उहाँ जानुभयो, यद्यपि एक्लै होइन, किनभने जसले उहाँलाई यति धेरै परीक्षाहरू र खतराहरूमा थाम्नुभएको थियो, उहाँ आफैले नै उहाँलाई सुरक्षित बाढीलाई पार गर्न लगाएर स्वर्गीय देशमा लैजानुभयो।

# अध्याय - १५

# उहाँको अन्तिम विश्रामस्थल

उहाँको अन्तिम अन्वेषणको समयहरूमा सबै परीक्षाहरूको बीचमा पनि शुशी र चुमा भन्ने दुई जना उहाँको सेवकहरूले आफूप्रति देखाएको समर्पणताद्वारा लिविङ्स्टन उत्साहित हुनुभएको थियो, जो उहाँको साथमा लामो समय बिताएका थिए, र असल तरिकाले प्रेम गर्थे। तिनीहरूको कोमल वास्ता, मर्न लागेको आफ्नो बच्चाप्रति आमाले देखाएको जस्तो थियो, र अब तिनीहरूको मालिक जानुभयो, तर उहाँको मृतक शरीरलाई बोकेर २००० किलोमिटर भन्दा बढी पैदल यात्रा गरेर जान्जिबार पुऱ्याउने तिनीहरूको निर्णयद्वारा तिनीहरूको विश्वासयोग्यता अझै स्पष्ट देखिँदै छ। हामीले अफ्रिकी जातिका मानिसहरूलाई प्रशंसा गर्ने ठाउँ खोज्यौँ भने लिविङ्स्टनको परिचारकहरूले उहाँप्रति देखाएको इज्जत, दया, विश्वासयोग्यता र प्रेम भन्ने कुराहरूमा पाउँछौँ। यो यात्रा खतरा र कठिनाइपूर्ण ९ महिनाको यात्रा भए तापनि तिनीहरूको निर्णय कुनै पनि कारणले कमजोर नभएको अवस्थामा पूरा भयो। साधारण रूपमा पनि यस्तो यात्राहरूमा हुने जोखिमहरू थोरै थिएन, तर मृत्युको डरसम्बन्धी हुने अन्धविश्वास सबै ठाउँमा फैलिएको हुँदा लास बोकेर गर्ने यात्रा अति जोखिमपूर्ण थियो। तिनीहरूले त्यहाँको मुखिया चिताम्बोले कुनै जरिवाना लगाउन सकिन्छ भन्ने डरले लिविङ्स्टनको मृत्युलाई उनीबाट लुकाउन प्रयास गरे, तर कुरा बिस्तारै उहाँको कानमा पुग्यो, यद्यपि मुखियाको माग पूरा गर्न सक्ने खालको नै थियो।

शुशी र चुमा अब टोलीको अगुवाहरू भए, र तिनीहरूले आफ्नो जिम्मेवारीलाई इमानदारीसाथ पूरा गरे। पहिले तिनीहरूले डा. लिविङ्स्टनको व्यक्तिगत सामग्रीहरू सबैलाई छुटाएर कागजमा लेखिराखे, त्यसपछि उहाँको दैनिकी र अन्य कागजहरू र उपकरणहरूलाई पानी नछिर्ने बक्सामा राखेर सुरक्षित पारे। उहाँको जीवनको अन्तिम समयहरूमा उहाँले टिपोटहरू बोट–बिरुवाहरूको रसले पुरानो लन्डन पत्रिकामा लेखिराख्नुभएको थियो, त्यो पनि

असल तरिकाले सुरक्षित पारिएको थियो, यसैले सबै थोक कुनै असरविना सुरक्षित बेलायतसम्म पुगियो।

दफन कार्यक्रममा पढ्नुपर्ने कुराहरूलाई अङ्ग्रेजीमा पढ्न जेकब वेइन्रैटलाई अनुरोध भयो, सो उहाँले सबैको उपस्थितिमा गर्नु पनि भयो। त्यसपश्चात् लासलाई सुकाउन र सुगन्धित द्रव्य लगाउन तयारी गर्न थाले, पहिले मुटु र भित्रीय अङ्गहरू निकालिएर गाडियो। लिविङ्स्टनको भित्रीय अङ्गहरू गाडिएको ठाउँमा भएको रूखमा जेकब वेइन्रैटले "लिविङ्स्टन सन् १८७३ मे ४" भनी गाडिएको मिति, साथै परिचारकहरूको नाम खोपिराखे। उहाँको मृतक शरीरलाई १४ दिनसम्म घाममा सुकाए, जुन समयमा उहाँको परिचारकहरूले पालैपालो गर्दै दिन–रात त्यो शरीरलाई सुरक्षा दिए। यात्राको लागि तयार हुँदा, खुट्टाहरूलाई दोब्राएर पूरै लासलाई लुगाले बेरे, र एउटा खोक्रो गोलो रूखको बोक्राभित्र हाले, त्यसलाई फेरि पनि एउटा कपडाले बेरे। अब त्यो पोकोलाई एउटा डण्डीमा बाँधेर दुई जनाले बोक्न सक्ने गरी मिलाए। गाडिएको ठाउँमा घाँस उम्रिन नदिने, साथै त्यहाँ स्मारकको रूपमा राखिएको क्रूसलाई पनि सुरक्षित राख्ने जिम्मा मुखिया चिताम्बोलाई दिए।

तिनीहरूले समुद्र तटतिरको यात्रा सुरु गरे, जुन यात्रामा टोलीको सदस्यहरू घरीघरी बिरामी भएकाले त्यो अझै खतरापूर्ण भयो। उनीहरूले पार गरेको गाउँको मानिसहरूले प्रायः उनीहरूसित मित्रताको व्यवहार गरे, तर सधैँ त्यस्तै हुँदैन थियो। एक पल्ट बाटोमा दुई गाउँहरूको बीचमा झगडा भइरहेको थियो, अर्को गाउँको मानिसहरूले लासलाई बोकेर जान अनुमति दिएनन्, यसैले परिचारकहरूले लासको पोकोलाई व्यापारको सामग्रीहरूको पोकोजस्तै रूपान्तर गरे। त्यसपछि ६ फुट जतिको डाँठहरू काटेर त्यसलाई लुगाले बेरेर गाड्न लैजान लागेको मुर्दाजस्तै बनाए। यसलाई उहाँहरू आएकै बाटोमा फर्काएर लैजान केही मानिसहरूलाई पठाए, यसैले मुर्दालाई फर्काएर गाड्न लगिसक्यो भनी गाउँका मानिसहरूले सोचे। रात परिसकेपछि डाँठ बोकेर लगेकाहरूले त्यसलाई फ्याँकिराखे, र फर्की आएर सबै मिलेर लिविङ्स्टनको लासलाई लिएर कुनै बाधाविना गाउँलाई पार गरे।

बहुमूल्य भारी बोकेर टोली सन् १८७४ फेब्रुअरी महिना बगामयोमा आइपुगे। लिविङ्स्टनको लास जान्जिबार जान लागेको जहाजमा राखियो, र त्यहाँबाट

बेलायतमा रहेको साउथएम्प्टनमा अप्रिल १५ तारिख लास पुग्यो।

शुशीको बारेमा पछि थाहा पाएको खुशीको कुराचाहिँ उनी सन् १८८७ मार्च महिना युनिभर्सिटीस मिशनद्वारा बप्तिस्मा पाए, र त्यो महान् मानिसको सम्झनामा, जसले तिनलाई ख्रीष्टको बारेमा पहिले सिकाउनुभएको थियो, डेविड भन्ने नयाँ नाम पनि पाए।

अफ्रिकाको मध्य–भागबाट बेलायतसम्म एउटा लासलाई ल्याउन सक्छ भन्ने कुरा धेरैको लागि अपत्यारिलो कुरा भयो, यसैले लास लिविङ्स्टनको हो भनी पक्का गर्ने कुनै माध्यमहरूको आवश्यकता भयो। त्योचाहिँ लिविङ्स्टन सिंहको आक्रमणमा पर्दा भाँचेको हातको हड्डीलाई गलत तरिकाले जोडिएको कुराद्वारा पूरा भयो। चिकित्सकहरूले त्यो भाँचिएको हातलाई केही वर्ष अगाडि जाँचेका थिए, उहाँहरूले बताउनुभयो, कि कुनै शङ्काविना त्यो लास "मानव जातिको एउटा महान् मानिसको नै हो – जोचाहिँ डेविड लिविङ्स्टन हुन्।"

सन् १८७४ अप्रिल १८ तारिख यो महान् मिशनरीको लासलाई वेस्टमिन्स्टर एब्बेमा पुऱ्यायो। त्यहाँ भएको अन्तिम संस्कार कार्यक्रममा ठुलो भीड सहभागी भयो, र सबै मिलेर हृदयलाई छुने यो भजन गाए :

*"हे बेथेलको परमेश्वर, जसको हातद्वारा,*
*आजसम्म तपाईँको मानिसहरू भोजन पाइरहेका छन्;*
*जसले थकाइपूर्ण यात्रामा,*
*हाम्रो सबै पिताहरूलाई अगुवाइ गर्नुभयो !*

.............................

*हे प्रभु, तपाईँको पखेटाले घेर्नुहोस्,*
*हाम्रो सबै यो परदेशी यात्रा अन्त नहुञ्जेल,*
*र हाम्रो प्रिय पिताको वासस्थानमा,*
*हाम्रो प्राणहरू शान्तिमा नआउञ्जेल !"*

धेरै जना लिविङ्स्टनका साथीहरू उहाँको अन्तिम संस्कारमा उहाँलाई आदर दिनका लागि भेला भएका थिए। उहाँलाई अफ्रिकामा भेटेकाहरू, सहायता

गरेकाहरू, उहाँलाई खोजेर भेट्टाएको स्ट्यान्ली र उहाँको प्रिय श्रीमतीको बुवा, जसद्वारा उहाँले अफ्रिकाको दर्शन पाएर सेवामा जानुभयो, सबै भेला भएका थिए। दुःखसहित उनीहरूले उहाँलाई गाडे, तापनि असल र इमानदार सेवक आफ्नो मालिकको आनन्दमा प्रवेश गर्नुभयो भन्ने कुरामा रमाए।



**डेविड लिविङ्स्टनको सालिक - एडिन्बर्ग, स्कटल्यान्ड**


# अध्याय - १६

# लिविङ्स्टनले गरेको कामको मूल्याङ्कन

दुःखित भइरहेकी लिविङ्स्टनकी छोरीलाई फ्लोरेन्स नाइटिङ्गेलले यसरी लेख्नुभयो: "उहाँको पुस्ताका मानिसहरूको बीचमा एउटा महान् मानिसलाई परमप्रभुले लानुभयो, किनभने डा. लिविङ्स्टन सबैको बीचमा एउटा विशेष मानिस हुनुहुन्थ्यो।" डेविड लिविङ्स्टनको जीवनलाई ध्यानसित पढ्ने जसले पनि उहाँ यो पुस्ताको मात्र नभएर सबै पुस्ताका मानिसहरूको बीचमा एउटा महान् व्यक्ति हुनुहुन्छ भन्ने कुरालाई थाहा पाउँछन्।

यो मिशनरी अन्वेषक एउटा विशेष व्यक्ति हुनुहुन्थ्यो, उहाँ अफ्रिकामा ४६,००० किलोमिटरहरू यात्रा गर्नुभयो, र पृथ्वीको मानचित्रमा झण्डै १६ लाख वर्ग किलोमिटरहरू थपिदिनुभयो, साथै गामी, शिर्वा, नयासा, मोइरो र बङ्विंयोलो तालहरू, जम्बेसी नदीको माथिल्ला भागहरू र अन्य नदीहरू, र सुन्दर विक्टोरिया झरना यी सबैलाई पत्ता लगाउनुभयो। टन्गान्यीका काललाई पार गरेको पहिलो युरोपेली उहाँ नै हुनुहुन्थ्यो, र बङ्विंयोलो तालको नजिक रहेको विशाल तलाउमा यात्रा गर्नुभयो। उहाँ भूगोल शास्त्र, बोट-बिरुवा र जनावरहरूसम्बन्धी ज्ञानमा धेरै अगाडि बढ्नुभयो, तर दास-व्यापारलाई अन्त गर्नु र अफ्रिकाभरि सुसमाचार फैलाउनु भन्ने आफ्नो लक्ष्यलाई कहिल्यै आँखा अगाडिबाट हटाउनुभएन।

अफ्रिकामा डा. लिविङ्स्टनले गरेको ३३ वर्षको सेवकाइमा एउटा परोपकारी र मिशनरीको रूपमा गरिएका परिश्रमहरू कहिल्यै पनि रोकिएको थिएन। विशेष गरी यो परिश्रमको परिणामस्वरूप कुख्यात दास-व्यापार, जसलाई लिविङ्स्टनले पहिलो मुक्का हान्नुभएको थियो, अहिले पूर्ण रूपमा अफ्रिकाको तटहरूमा हजारौँ माइलहरूसम्म, जहाँ पहिले त्यो पूर्ण सामर्थ्यसहित मानिसहरूको जीवनलाई नाश पारिरहेको थियो, निर्मूल पारिएको छ। र सबै इसाई राष्ट्रहरू यो व्यापारलाई बन्द गर्न र यो व्यापार गर्नेहरूलाई दण्ड दिन




**सन् १८५१ देखि सन् १८७३ सम्म लिविङ्स्टनले अफ्रिकामा गरेका यात्राहरू**

एकसाथ मिले, र यो कानुनलाई लागू गर्न मध्य–अफ्रिकाको भित्रीय भागहरूमा २५०० किलोमिटरसम्म कार्यालयहरू स्थापना गरे।

एउटा मिशनरीको रूपमा उहाँले तुरुन्तै पाएका सफलताहरू महान् देखिँदैन होला, तर उहाँ बप्तिस्मा–दिने यूहन्ना जसरी परमप्रभुको लागि बाटो तयार गर्न अग्रदूत बन्नुभएको थियो। एउटा अग्रदूतको रूपमा बाटो बनाउनु, अप्ठ्यारो भूभागहरूलाई सजिलो तुल्याउनु र देशलाई इसाईत्वको प्रवेशको लागि खोलिदिनु भन्ने कुराहरू उहाँका काम थिए। तर अफ्रिकाको उद्धारको लागि उहाँको उदाहरणीय जीवनद्वारा प्रेरित भएको एउटा महान् प्रयास सुरु हुनुभन्दा अघिसम्म विश्वको सभ्य समाजहरूले उहाँको मृत्युको बारेमा थोरै मात्र सुनेका थिए। त्यो देशको लागि उहाँले मृत्युको घडीसम्म गरेको प्रार्थनाको पहिलो फल चर्चस अफ स्कटल्यान्डद्वारा नयासा तालको नजिक मिशन केन्द्र स्थापना हुनुमा

देखियो, जसको नाम लिविङ्स्टोनीया (Livingstonia) थियो। आफ्नो साथी हुनुहुन्न भन्ने कुरालाई स्ट्यान्लीले थाहा पाउनेबित्तिकै अफ्रिकालाई सभ्य समाजको रूपमा परिवर्तन गर्नको लागि महादेशलाई खोलिदिने प्रयासलाई अगाडि बढाउने निर्णय गर्नुभयो। १००० दिनहरू यात्रा गरेर स्ट्यान्ली जान्जिबारबाट कङ्गो आइपुग्नुभयो, जुन खबर बेलायत पुग्दा त्यहाँबाट जान्जिबार आउने अर्को जहाजमा अँध्यारो महादेशमा ज्योति फैलाउन मिशनरीहरू आए। स्ट्यान्ली अन्वेषणको लागि जहाँ-जहाँ जानुभयो, ती सबै ठाउँहरूमा इसाईत्वको एउटा ज्योति छोडिराखेर जानुभयो, ताकि ती मिशनरीहरूले पछ्याउन सकियोस्। रबर्ट अर्तिङ्ग्टनले अब आफ्नो सम्पत्तिलाई यो कामको लागि खन्याउनुभयो, र १० वर्षभित्र २० लाख डलर दिनुभयो(जसको मूल्य झण्डै आजको ने.रू. मा ४ अरब हुन पुग्छ)। मिशनरीहरू मध्य-भागतिर सेवा गर्न हतारिए। ख्रीष्टप्रतिको जोशमा सबै सम्प्रदायहरूले प्रतिस्पर्धा गर्दै अफ्रिकाको अँध्यारो भागतिर आफ्नो मिशनरीहरू पठाए।

संसारमा अफ्रिका जस्तै मिशनरीहरूलाई खिच्ने अरू कुनै पनि भूभाग छैन भनी भन्ने अवस्था आयो। अफ्रिकाको पूर्वीय र मध्य-भागहरूमा, जहाँ लिविङ्स्टनले धेरै समय बिताउनुभयो, र धेरै प्रार्थना गर्नुभयो, नयाँ मिशन केन्द्रहरू स्थापना हुन थाले। युनिभर्सिटीस मिशन, लन्डन मिशनरी सोसाइटी, दी फ्री एण्ड एस्टब्लिस्ड चर्चस अफ स्कटल्यान्ड, दी मेथोडिस्टस र अन्य सम्प्रदायहरूले यहाँ काम गर्न थाले। देशलाई खोल्नुमा लिविङ्स्टनलाई भएको इच्छा र मानिसहरूलाई उद्धारमा डोऱ्याउनको लागि खेतालाहरू नियुक्त गर्नुमा भएको चाहना, यी कुराहरू थिएन भने यति विशाल मिशनरी काम यति छोटो अवधिमा हुन सक्ने सम्भावना नै छैन।

अङ्ग्रेजी भाषामा यो किताबको पहिलो प्रकाशन हुँदा (सन् १८८८) अनुसारको विवरण: "सन् १८८८ को अनुमानअनुसार अफ्रिकामा झण्डै ३० देखि ४० वटा मिशन संस्थाहरू काम गरिरहेका थिए, र ५०० भन्दा बढी मिशनरीहरूले सुसमाचार फैलाइरहेका थिए। उद्धार पाएकाहरूको सङ्ख्या दसौँ हजारहरूमा पुगिसक्यो, तापनि २० करोड भन्दा बढी सङ्ख्यामा भएको अफ्रिकीहरूको बीचमा यो थोरै मात्र हो। योभन्दा केही वर्ष अघिसम्म अफ्रिकाको विशाल मध्य-भागको बारेमा हामीलाई केही थाहै थिएन, तर

अहिले थोरै समयभित्र यति धेरै जना उद्धार पाएकोमा हामीले परमेश्वरलाई धन्यवाद दिनुपर्छ। चाँडै नै यो विशाल भूभागमा रेलको सुविधाहरू तयार हुनेछ, र अन्वेषकहरू र मिशनरीहरूले यो पूरै भूभागलाई ओहोरदोहोर गर्नेछन्। यी करोडौँ अफ्रिकीहरूले ख्रीष्टको सन्देशलाई सुन्न पाउन धेरै समय लाग्ने छैनन्।"

के लिविङ्स्टनको जीवन एउटा असफल जीवन हो त? के उहाँको सेवा खेर गएको सेवा हो त, जुनचाहिँ उहाँ हार खाएको अवस्थामा इलाला गाउँमा एउटा एकान्त छाप्रोमा अन्तिम सास फेर्दा अन्त भएको थियो? उहाँको मृत्यु भएको थोरै वर्ष बित्दा नै उहाँको अफ्रिकाप्रतिको गहिरो इच्छा पूरा भएको छ। अहिले अफ्रिका खोलिएको अवस्थामा छ, र दास–व्यापार निषेध गरिएको छ, र ख्रीष्टिय मिशनहरू स्थापना गर्ने कुरा अति जोश र उत्साहसहित अगाडि बढिरहेको छ – यी सबै अन्त होइनन्, तर सुरुवात मात्र हुन् **(सन् १८८८)**।

सन् २०२१ को कुरा गर्नुपर्दा, करोडौँ अफ्रिकीहरू उद्धार पाएका छन्, लाखौँ मण्डलीहरू स्थापित भएका छन्, यी सबैको पछाडि लिविङ्स्टनको सेवाको भाग उल्लेखनीय छ। रेइन्हार्ड बोन्केले, जो करोडौँ अफ्रिकीहरूलाई उद्धारमा डो¥याउनुभयो, भन्नुभयो "मैले लिविङ्स्टनले ओढेको खास्टो ओढ्ने निर्णय गरेको छु" र उहाँको संस्था सिफेनको (CFAN) गवाहीमा यस्तो भनिएको छ, "लिविङ्स्टनले रोप्नुभएकोलाई कटनी गर्दै रेइन्हार्ड बोन्के अफ्रिकाभरि घुम्नुभयो।" लिविङ्स्टनको सेवा कति प्रभावशाली र फलदायी भएको छ भन्ने कुराको यो भन्दा अझै उत्तम गवाही के चाहिन्छ होला त?

# अध्याय - १७

# लिविङ्स्टन - साधारण मानवको रूपमा

डा. लिविङ्स्टनको महानता एउटा मिशनरीको रूपमा, एउटा चिकित्सकको रूपमा, एउटा परोपकारीको रूपमा र एउटा अन्वेषकको रूपमा जिएको जीवनमा भन्दा पनि साधारण मानवको रूपमा जिएको जीवनमा अति बढी चम्केको हामी देख्न सक्छौँ। उहाँलाई चिनेको एक जनाले गवाही बाँड्नुभयो, कि आफूले देखेको मानिसहरूमध्येमा उहाँ नै अति बढी ख्रीष्ट जस्तै देखिने मानिस हुनुहुन्थ्यो। अर्को एक जना बहिनीले भन्नुभयो, "जसरी संसारमा ख्रीष्ट हुँदा प्रेम र शुद्धता दुवैका शक्तिको साथ मानिसहरूलाई प्रभाव पार्नुभएको थियो, त्यसरी अहिले पनि मानिसहरूलाई प्रभाव पार्न सक्छ भन्ने कुरा लिविङ्स्टनको जीवनमा जस्तै अरू कसैको जीवनमा देख्न सकिनँ।"

उहाँको एक जना पुरानो साथीले उहाँको बारेमा यसरी व्याख्या गर्नुभयो: "साँच्ची नै लिविङ्स्टनको जीवनमा यस्तो एउटा व्याख्या गर्न नसकिने आकर्षकता थियो, जुन कुराले प्रायः सबैलाई उहाँप्रति खिच्थ्यो, र उहाँको अफ्रिकाको परदेशी जीवनमा धेरै सहायता गर्‍यो। उहाँले आफ्नो छेउमा आउने हरेकलाई केही मन्त्र गरे जसरी जित्नुहुन्थ्यो।"

उहाँको फराकिलो हृदय, साँचो दया र अरूप्रति गर्ने वास्ता, जुन कुराहरूले गरिब र अज्ञानतामा रहेको कालो जातिका मानिसहरूप्रति एउटा शिक्षित उच्च ओहोदाको युरोपेलीसँग व्यवहार गरे जसरी व्यवहार गर्न लगाउँथ्यो, यी कुराहरूमा नै उहाँको ती मानिसहरूलाई प्रभाव पार्ने शक्ति निर्भर भएको थियो। उहाँले जसरी सबै दृष्टिकोणमा एउटा कुरालाई हेर्न सक्ने क्षमता थोरै मानिसहरूमा मात्र छ; उहाँले जुनसुकै कुरालाई पनि साँघुरो विचारमा आफ्नै दृष्टिकोणले मात्र नहेरीकन अरूको दृष्टिकोणबाट पनि हेर्नुहुन्थ्यो; "उहाँको ठाउँमा हुँदा मात्र तपाईंले थाहा पाउनुहुन्छ", भनी जति हामीलाई भन्नुपर्ने हुन्छ, त्यति उहाँलाई भन्नुपरेको थिएन।

उहाँले लेख्नुभएको छ: "थिचोमिचोमा परेको एउटा अफ्रिकी दास होस्, अथवा वासको अभावमा सडकमा भएको एउटा भाइ होस्, जो भए पनि तिनीहरूको विश्वास जित्नको लागि हामीले एउटै तरिका अपनाउनुपरेको हुन्छ। दया भन्ने अचम्म काम गर्ने मन्त्र नै अहिलेको समयहरूमा पत्ता लगाएको एउटा महत्त्वपूर्ण मन्त्र भन्न सकिन्छ। यो मन्त्रले तुरुन्तै काम नगर्ला, र यसको प्रभाव निरन्तर रही नरहला, तर उहाँहरूको भावनाहरू, जुनचाहिँ उहाँहरूले बोकी रहनुभएको कठोर परिस्थितिले गर्दा सुकेर गएको हुन्छ, ती पानी परिसकेपछि उम्रिने ताजा घाँसजस्तै बढेर आउनेछ।"

स्थानीयहरूको बीचमा मित्रहरू जित्नुमा भएको उहाँको सफलताको रहस्यचाहिँ उहाँको दया कहिल्यै पनि घमण्डको आत्मा भन्ने कुराले कलङ्कित भएन, साथै उहाँले अफ्रिकीहरूको मानव भन्ने स्थानलाई पूर्ण रूपमा स्वीकार गर्नुहुन्थ्यो। अति नै असभ्य कालो मानिस साथै अति सभ्य गोरो मानिस दुवैमा परमेश्वरको स्वरूपमा बनाएको एउटा दाइ अथवा भाइलाई देख्नुभयो, र सम्मान र इज्जतसाथ तिनीहरूसँग व्यवहार गर्नुपर्छ भनी मान्नुहुन्थ्यो।

अरूको विचार र भावनाप्रति लिविङ्स्टनले देखाएको वास्ता त्यहाँका स्थानीय वैद्यहरूप्रति उहाँले गरेको व्यवहारमा देखिन्छ। तल दिएको कुराहरू उहाँको "यात्राहरू" भन्ने किताबबाट निकालिएको हो: "पैतृक पेशाको रूपमा वैद्य पेसामा भएको यिनीहरूमा केही मूल्यवान् ज्ञान छ, जुनचाहिँ लामो समयको अवलोकनको परिणाम हो। बाँकी रहेका मानिसहरू झूटा वैद्यहरू हुन्। सधैँ वैद्य पेसामा रहेका मानिसहरूसँग मेरो सम्बन्ध असल रहँदै आएको छ, र तिनीहरूकहाँ आउने रोगीहरूको अगाडि तिनीहरूको सीपलाई मैले कहिल्यै शङ्का गरिनँ। व्यक्तिगत रूपमा दिने व्याख्या धन्यवादसाथ स्विकारिन्थ्यो, र गलत उपचारको तरिकाहरू तुरुन्तै सुधारिन्थ्यो। अङ्ग्रेजी औषधीहरूलाई ठुलो इच्छासहित मानिसहरूले स्वीकार गरे, र हामी मानिसहरूको भलाइप्रति नै चिन्तित छु भन्ने कुरालाई स्थानीयहरूलाई बुझाउनुमा उपचारको ज्ञान एउटा महत्त्वपूर्ण सहायता थियो। शल्यक्रिया गर्नुमा स्थानीयहरूको ज्ञान पिछडिएको अवस्थामा थियो, कसैले पनि कहिल्यै पनि शरीरमा भएको गाँठोलाई बाहिरी औषधीबाहेक शल्यक्रियाबाट निकाल्ने प्रयास गरेका थिएनन्। एक जना मानिसको घाँटीको पछाडि भागमा एउटा बच्चाको टाउकोको नापमा गाँठो

थियो। एउटा प्रख्यात वैद्यले केही औषधीमूलक जराहरूलाई जलाएर गाँठोमा आगो लगाएर त्यसलाई पगाल्न प्रयास गरे। मैले यो गाँठोलाई हटाएँ, र त्यसरी धेरै गाँठोहरूलाई पनि पूर्ण सुरक्षासहित हटाएको छु। एउटा बिरामीको वैद्य आफैले त्यो बिरामीलाई मैले हेरेको चाहनुभयो, अथवा उपचार गर्न सक्दैन भनी छोड्नुभयो भने मात्रै म त्यो बिमारीलाई हेर्थें। यसरी गर्दा स्थानीय वैद्यहरूलाई कुनै बाधा भएन; मैले इच्छा गरे जसरी नै गम्भीर रोगीहरूलाई हेर्नुमा मात्र मेरो सेवा सीमित भयो।"

डा. लिविङ्स्टनले आफ्नो मालिकप्रति जुन आत्मासहित सेवा गर्नुभएको थियो, त्यसरी नै साँचो हृदयसहित आफ्नो वरिपरि भएकाहरूको पनि वास्ता गर्नुभएको थियो। ख्रीष्टमा आफ्नो दाजुभाइहरू भएको तिनीहरू सम्बन्धित कुनै पनि कुरा उहाँको लागि सानो कुरा थिएन। यो कुराको प्रमाण देखाउनको लागि उहाँको दैनिकीबाट एक अथवा दुई वटा टिपोटलाई मात्र उल्लेख गर्दा पुग्छ :

"एक दिन हामी राति छाप्रो बाहिर सुतिरहेको हुँदा बिहान २ बजे छाप्रोभित्र एउटी चिन्तित आमाले जाँतोमा मकै पिनिरहेको आवाज सुनियो। एउटी सानी केटीले अमालाई सोधिन्, 'किन अँध्यारोमा पिन्ने ?' आमाले उसलाई मिठो निद्रा लाग्ने गरी भनिन्, 'यी नयाँ मानिसहरूबाट तिम्रो लागि लुगा किन्नको लागि मैले पिन्दैछु, ताकि तिमी सुन्दरी देख्न सकियोस्।' यो अविकसित जातिका मानिसहरूलाई अवलोकन गर्ने मानिसले यस्तो प्रकारको साँचो मानव स्पर्शलाई बारम्बार देख्न आइपुग्छ।

"साँच्ची नै प्रकृतिको एउटा स्पर्शले सारा संसारलाई एक कुटुम्ब बनाउँदछ।

"यहाँ बताउनको लागि यो एउटा साधारण कुरा हो, र यो कुरालाई तिनीहरूले मात्र बुझ्छन्, जसको आफ्नो बच्चा छ। विश्वभरि नै दुःखित बालकहरूको चिच्च्याइ एउटै आवाजको हुन्छ, तिनीहरू विभिन्न उमेरको भए तापनि। एक समयमा आमा–बुवाको स्थानमा हाम्रो कान र हृदयले मात्र सुनेको त्यो चिच्च्याइहरूले हामीलाई सधैँ घर र परिवारलाई सम्झिँन लगाउँदछ, र हाम्रो बच्चाहरूको बाल्यकालको दुःखमा हृदय फुटाउने दास–व्यापारको पीडाहरू थपिएन भन्ने कुराको लागि हामी धन्यवादी भएको अनुभव गऱ्यौँ।"

उहाँको अचम्मको धीरताको बारेमा हामीले अघि नै कुरा गऱ्यौँ। ठुलो परीक्षाहरूको बीचमा पनि उहाँले आफ्नो आत्मस्वयमलाई कायम राख्नुभयो। कहिलेकाहीँ, जस्तो कोलोभेङ्ग र लिमाउवेमा स्थानीयहरूमाथि भएको बोयरहरूको आक्रमणमा उहाँले गल्ती गरेकाहरूलाई क्षमा दिने ठाउँ देख्नुभएको थिएन, तर प्रायः क्षमा दिन सक्ने परिस्थितिहरूलाई देख्न उहाँ छिटो हुनुहुन्थ्यो। उदाहरणको लागि उहाँको साथमा भएको मानिसहरूले उहाँलाई छोडेर जाँदा उहाँले भन्नुभएको थियो: "भागेर गएकाहरू सबैलाई मैले फेरि स्वीकार गरिसकेँ; स्वतन्त्र जीवन जिउने प्रयास गरिसकेपछि यिनीहरूले असल व्यवहार गर्नेछन्। यिनीहरूको खराब व्यवहारको कारणचाहिँ, जोहन्नाका मानिसहरूले मलाई छोडेर भागिसकेपछि म पूर्ण रूपमा यिनीहरूमाथि भर परेको नै थियो। बढी ज्ञान पाएका मानिसहरूले यस्तै परिस्थितिमा परेको मानिसहरूबाट लाभ उठाउने प्रयास नै गर्छन्; यद्यपि यसरी आफ्नो बीचमा त्यागिएकाहरूलाई भेटाउँदा असल अफ्रिकीहरूले दयासाथ सहायता गर्न आएको मैले देखेको छु। म आफैमा पनि गल्तीहरू छन्।"

अर्को एक समयमा कारणविना स्थानीयहरूले आफूलाई दुःख दिएका छन् भन्ने कुरा थाहा पाउँदा आफूलाई लाज लागेको कुराको बारेमा बताउनुभएको छ। यथार्थमा गोरो मानिसको व्यवहारलाई स्थानीयहरूले घरीघरी गलत तरिकाले बुझ्दछन्, र गोरो मानिसको व्यवहार तिनीहरूको अगाडि मूर्खता र बौलाहापन देख्न पुग्दछ। लिविङ्स्टनको अर्को एउटा उल्लेखनीय क्षमताचाहिँ एक्लोपनलाई सामना गर्नु हो, जुन कुराले उहाँलाई धेरै ठुलो र लामो एक्लोपनहरूलाई सामना गर्न सहायता गरेको थियो, जसले साधारण मानिसलाई पूर्ण रूपमा फुटाउन सक्थ्यो। उहाँले स्थानीयहरूप्रति बढी इच्छा र प्रेम राखे तापनि, आफ्नो उद्देश्यलाई बुझ्ने, र जन्म र शिक्षाद्वारा उहाँको नजिकको साथी बन्न सक्ने मानिसहरूको मित्रताको लागि एउटा व्यक्त गर्न नसकिने इच्छालाई उहाँले बारम्बार अनुभव गर्नुभएको हुनुपर्ने। प्रकृतिप्रति भएको उहाँको प्रेम र ध्यानसित अवलोकन गर्ने उहाँको स्वभावले धेरै एक्लोपनको समयहरूलाई उत्साहसहित सामना गर्न सहायता गरेको हुनुपर्ने; तर सबैभन्दा उत्तम कुराचाहिँ, लिविङ्स्टनले उहाँको उपस्थिति सधैँ आफ्नो साथमा पाउनुभएको थियो, जसले भन्नुभएको थियो, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।" लिविङ्स्टनले भन्नुहुन्छ, "थकाइपूर्ण लामो पैदल यात्राहरू मनमा गरिने

अध्ययनको लागि अति उपयोगी थियो," र मालिकसँग उहाँले बिताएको मीठो सङ्गतिको समयहरू धेरै नै थियो होला।

आफ्नो कर्तव्यको बाटोमा आउने खतराहरूलाई सामना गर्नुमा डा. लिविङ्स्टनको जीवनमा प्रकट हुने साहस प्रशंसा गर्नै पर्ने कुरा हो, भए पनि यसको बारेमा उहाँले कहिल्यै बोल्नुभएन। उहाँको जीवनको शैली नै भएको त्यो स्वभावको बारेमा डा. मफेटले धेरै घटनाहरूलाई उदाहरणको रूपमा दिनुभएको छ, जसमध्येमा एउटालाई हामी उल्लेख गर्दैछौँ। मफेटले भन्नुहुन्छ, एक पल्ट लिविङ्स्टन एउटा विशेष मिशन काममा हुँदा, गैँडाको आक्रमणमा परेर डरलाग्दो तरिकाले घाइते भएको एउटा मानिसको उपचारको लागि उहाँलाई बोलाउन एक जना आत्तुरीसँग आएका थिए। रातको समयमा गैँडा र अन्य डरलाग्दो जनावरहरूले भरिएको वनको यात्रामा जाने जोखिम नलिन लिविङ्स्टनलाई उहाँको साथीले सल्लाह दिनुभयो, र सो गर्नु मृत्यु खोज्नु हो भनी भन्नुभयो। तर त्यो दयनीय मानिसको जीवनलाई सक्छ भने बचाउनु एउटा इसाईको कर्तव्य हो भनी उहाँले महसुस गर्नुभयो, र आफूमाथि पर्न सक्ने खतराहरू हुँदा पनि जाने निर्णय गर्नुभयो। तुरुन्तै त्यहाँबाट मध्य-रातको अँध्यारोमा झाडी-घारी हुँदै १० माइल यात्रा गर्नुभयो, र उहाँ पुग्नुभन्दा अगाडि नै त्यो मानिस मरिसकेको थियो। के यो खेर गएको बलिदान हो? बरु यो प्रभुप्रति भएको प्रेमले फुटाएर खन्याएको सुगन्धित अत्तर होइन र?

लिविङ्स्टनले धेरै पुरस्कारहरू, उपाधिहरू, सुनको पदकहरू र सम्मानहरू पाए तापनि सधैँ नै एउटा बालकको जस्तो नम्र आत्मालाई कायम राख्नुभयो। एक पल्ट ठुलो ओहोदामा भएका मानिसहरूले उहाँले हासिल गरेको उदेकको सफलताहरूलाई देखेर आश्चर्य मानेर प्रशंसा गर्दा उहाँले जवाफ दिनुभयो: "ती कुराहरू उदेकको कुराहरू होइनन्; इच्छा भएको जसले पनि गर्न सक्ने कुराहरू मात्र हुन्।" आहा! यस्तो इच्छा उदेकको होइन त? यस्तो प्रकारको नम्रताको बारेमा अझै हामीले के भन्न सक्छौँ? उहाँले भन्नुभएको थियो: "मानिसहरूले सोच्न सक्छन्, म प्रसिद्धि खोज्दछु, तर मलाई प्रशंसा गरेर लेखिएको कुनै पनि कुरालाई कहिल्यै पनि नपढ्ने भन्ने निर्णयलाई मैले एउटा नियमको रूपमा राखेको छु।"

श्रीमान् रिचर्ड सिशीलसँग लिविङ्स्टन विद्यार्थीको रूपमा रहँदा उहाँलाई

चिन्नुभएको एक जना लेख्नुहुन्छ: "उहाँले ममा पारेको प्रभावलाई दुई शब्दले व्यक्त गर्न सकिन्छ – सरलता र स्थिरता। अब ४० वर्ष पछाडि, उहाँको पाइलाहरूलाई सम्झन्छु, अगाडि बढिरहने स्वभाव, दृढता, सरलता, स्थिरता; छिटो पनि होइन, ढिलो पनि होइन, हतार पनि होइन, समय खेर फाल्दै पनि होइन, तर अन्तमा लक्ष्यमा निश्चय नै पुग्ने यात्रा उहाँले गर्नुहुन्छ।" डा. लिविङ्स्टन अन्तसम्मै सरल र स्थिर हुनुहुन्थ्यो। बालक जस्तो भरोसा गर्ने स्वभाव, त्यसको साथ–साथ त्योसँग बराबर हुने निडरता यी दुवैद्वारा उहाँले कठोर असभ्य मानिसहरूलाई नरम तुल्याउन सक्नुभयो, जुन मानिसहरूको बीचमा थोरै डराएको देखिएकोमा जीवनलाई नै क्षति हुन्थ्यो।

उहाँको सङ्कल्प भन्ने अचम्मको शक्तिले उहाँलाई खतराहरू र बाधाहरूलाई पार गर्न सहायता गर्‍यो, जुन कुराको अगाडि कमजोर स्वभावका मानिसहरू चाँडै नै लोट्थे। कर्तव्य पूरा गर्ने बाटो यही नै हो भनी एक पल्ट निर्णय गरिसकेपछि कुनै पनि कुराले त्यसबाट उहाँलाई पछि हटाउन सक्दैन थियो। स्थिर रहने उहाँको स्वभावले उहाँलाई मात्र भलाइ ल्याएको होइन, तर उहाँलाई पछ्याउनेहरूको बीचमा पनि साहस र कर्तव्यप्रतिको समर्पणता उत्पन्न गराउँथ्यो, जो त्योभन्दा अघि कमजोर र अस्थिर थिए।

दिएको प्रतिज्ञाहरूप्रति लिविङ्स्टनको विश्वासयोग्यताको बारेमा हामीले अघि नै कुरा गरिसक्यौँ। उहाँले त्यो प्रतिज्ञा जियोग्राफिकल सोसाइटीलाई गर्नुभयो, कि अथवा गरिब, सहाराहीन र अज्ञानी अफ्रिकीलाई गर्नुभयो, दुवैमा केही फरक हुँदैन थियो। प्रतिज्ञा एक पल्ट गरेपछि त्यो विश्वासयोग्यतापूर्वक पूरा गरिन्थ्यो।

उहाँको आफ्नै किताबमा आदर्श मिशनरी अगुवाको बारेमा उहाँले दिनुभएको परिभाषा उहाँको आफ्नो जीवनसँग यति मिल्दो छ, कि हामीले त्यसलाई यहाँ टिपोट नगरी सक्दैनौँ: "मिशनरी अगुवामा चाहिने गुणहरू सामान्य प्रकारको हुँदैनन्। उनमा उच्चस्तरको शारीरिक र नैतिक साहस हुनुपर्दछ, र चाहिँदो शक्ति र मिलनसार स्वभावको पनि आवश्यकता छ, जुन कुराहरू धीरतासहितको सङ्कल्पद्वारा सन्तुलित भएको हुन्छ; र यी सबैभन्दा माथि शान्त इसाई जोशिलोपन र कामको आत्मिक परिणामप्रतिको चिन्ता आवश्यक पर्छ।" यद्यपि यी कुराहरूले हाम्रो महान् मिशनरी लिविङ्स्टनमा थप रहेको प्रेम र

नम्रताको कुराहरूलाई समेटेको छैन। यी सबै गुणहरू मिलेर नै यस्तो एउटा झन्डै परिपक्व मानिसलाई बनाएको छ।

के हामीले बढाइचढाइ गरेको जस्तै देखियो? 'लाइफ अफ लिविङ्स्टन' भन्ने किताबमा प्रोफेसर ब्लैकीले भन्नुभए जसरी, प्रायः मरेको व्यक्तिको बारेमा गरिने प्रशंसामा एक भाग लुकाएर अर्को भाग मात्र बताइन्छ भने यहाँ लिविङ्स्टनको जीवनमा लुकाउनुपर्ने कुरा केही छैन। ब्लैकीले इमानदारीपूर्वक लिविङ्स्टनको बारेमा बताएको साधारण सत्यहरूलाई मात्र हेर्‍यौँ भने पनि त्यो लिविङ्स्टनको लागि ठुलो प्रशंसाको कुरा हुन पुग्छ।

आफूमाथि लिविङ्स्टनले पारेको प्रभावको बारेमा श्रीमान् स्ट्यान्लीले विस्तारित रूपमा बताउनुभएको छ। उहाँले बताउनुभएको कुरालाई हेरौँ:

"उहाँ स्वर्गदूत हुनुहुन्न भन्ने कुरालाई म स्वीकार गर्छु...। उहाँको नरमता कहिल्यै हटेको थिएन; उहाँमा भएको आशाले उहाँलाई कहिल्यै त्यागेको थिएन। सताउने चिन्ताहरू, मनमा हुने खलबलहरू, परिवार र साथीहरूबाट भएको लामो समयको बिछोड, यस्ता कुनै पनि कुराहरूले उहाँलाई गनगन गर्न लगाउन सकेन। उहाँले सोच्नुहुन्थ्यो, 'सबै कुरा अन्तमा असल भएर आउनेछ'; स्वर्गीय वास्ताको भलाइप्रति उहाँको विश्वास यस्तो छ....

"मलाई आकर्षण गरेको अर्को एउटा कुराचाहिँ उहाँको अचम्मको समझ–शक्ति। उहाँले अफ्रिकामा किताबहरूको अभावमा बिताएको लामो वर्षहरूलाई ध्यानमा राखेर हेर्‍यौँ भने, सुरुमा बेलायतमा हुँदा उहाँले मनन गरेको कविताहरूलाई अहिले पनि वाचन गर्न सक्नु असाधारण समझ शक्ति हो भन्ने कुरालाई हामीले बुझ्न सक्छौँ....

"उहाँको धर्म सैद्धान्तिक थिएन, तर इमानदार र जोशसहित निरन्तर अभ्यास गर्ने कुराको रूपमा थियो। उहाँमा धर्मले आफ्नो सुन्दर गुणहरूलाई प्रकट गर्थ्यो: त्यसले उहाँको आफ्नो परिचारकहरूप्रतिको आचरणलाई मात्र नभएर स्थानीयहरू, कट्टर मुसलमानहरू र उहाँको सम्पर्कमा आउने सबैप्रतिको आचरणलाई नियन्त्रित तुल्याउँथ्यो। त्यसको अभावमा, बढी जोशिलो, उत्साहित र साहसको आत्मा भएको लिविङ्स्टनचाहिँ मिलनसार नभएको कट्टर मालिक

बन्नुहुन्थ्यो। धर्मले उहाँलाई नियन्त्रित तुल्याएको छ, र एउटा इसाई सज्जन बनाएको छ; कट्टर र अनुशासन नभएकाहरूलाई सभ्य पारेर नियन्त्रणमा ल्याएको छ; धर्मले उहाँलाई अति मिलनसार र असल मालिक बनाएको छ – एउटा असल मानिस जससँगको सङ्गति मिठो हुन्छ। अरबीहरू र अन्य जातिका मानिसहरूद्वारा घृणित र विफल पारिएको अवस्थामा रहनुको सट्टामा उहाँ पहिलो पल्ट उजीजीमा आउँदा नै आफ्नो दया, नरम र मिठो स्वभावद्वारा सबैको हृदय जित्नुभयो। मैले ध्यान दिँदा उहाँ सबैबाट आदर पाएको देखेँ। मुसलमानहरू पनि उहाँको घर हुँदै जाँदा त्यहाँ रोकेर, 'परमेश्वरको आशिष् तपाईंमाथि रहोस्' भनी अभिवादन नदिईकन गएको मैले देखिनँ। हरेक आइतबारको बिहान उहाँको साना भेडाहरू उहाँको वरिपरि भेला हुन्छन्, र इमानदारीतासाथ प्रार्थना गर्छन्, र बाइबलबाट पाठ गर्छन्; त्यसपछि उहाँले पाठ गरेको विषयको बारेमा किसवाहिली भाषामा छोटो प्रचार गर्नुहुन्छ, जसलाई स्थानीयहरूले स्पष्ट देखिने रुचि र ध्यानसित सुन्छन्।"

स्थानीय अफ्रिकीहरूको असल गुण र लिविङ्स्टनले आफूमाथि व्यक्तिगत रूपमा पारेको प्रभावको बारेमा स्ट्यान्लीको अन्तिम शब्दहरू यस प्रकार छन्: "मैले अफ्रिकामा १७ वर्ष बिताइ सकेँ, र यदि म हात बाँधेर उभेँ भने त्यो अवस्थामा मलाई मार्ने मानिस मैले कहिल्यै भेटेको छैनँ। मैले चाहेको र दयनीय अफ्रिकीहरूको लागि मैले माग्न प्रयास गरिरहेको कुराचाहिँ इसाईहरूको असल व्यवहारहरू हो, जुन कुरा लिविङ्स्टनले ती ४ महिनाहरूमा मलाई सिकाएको समयदेखि गरिरहेको छु। सन् १८७१ मा आफू लन्डनको एउटा ठुलो नाष्तिक हो भन्ने पूर्वाग्रहसहित उहाँकहाँ गएको थिएँ, र त्यहाँ रहँदा सांसारिकपनले भरिएको संसारबाट बाहिर थिएँ। मैले यो वृद्ध मानिसलाई देखेँ, र आफैलाई सोधेँ, 'यो मानिस किन यहाँ रहनुहुन्छ?' हामीले एक–अर्कालाई भेटेर महिनौँ बितिसकेपछि, उहाँको कुरा सुन्न चाहना गर्ने व्यक्तिको अवस्थामा आफैलाई भेट्टाएँ, र त्यो वृद्ध मानिसले बाइबलमा बताएको सबै कुरालाई पछ्याइरहेको देखेर आश्चर्य मानेँ। अरूप्रति उहाँले देखाउने दया बिस्तारै–बिस्तारै ममा सरेर आयो; उहाँले देखाउने दया, उहाँको सज्जनता, जोस र कसरी उहाँले शान्तसहित आफ्नो काममा अगाडि बढ्नुभयो, यी कुराहरूलाई देखेर मेरो आँखा खोलियो, म उहाँद्वारा परिवर्तन (इसाई) भएँ, यद्यपि सो गर्न उहाँले खोज्नुभएको थिएन। यति छिटो त्यो वृद्ध मानिस बित्नु कति दुःखको कुरा हो! उहाँको निधनपछि

भएको यी कुराहरूलाई देख्न पाउनुभएको भए उहाँ कति आनन्दित बन्नुहुन्थ्यो होला !"

लिविङ्स्टनको मृत्यु भएको केही वर्षहरूपछि रोवुमा देशमा यात्रा गरिरहेको एक जना मिशनरीले एउटा पुरानो कोटलाई स्मरण चिन्हको रूपमा काँधमा बोकेको एक जनालाई भेट्टाउनुभयो, जुनचाहिँ बेलायतमा तयार गरिएको भन्ने कुरा स्पष्ट देखिन्थ्यो। त्यो मानिसको भनाइअनुसार १० वर्षभन्दा अघि त्यो कोट दिएको मानिसको साथमा तिनले थोरै दुरी यात्रा गरेका थिए। त्यो गोरो मानिसलाई एक पल्ट मात्र भेटेर कुरा गरेको भए तापनि जीवनभरि सम्झिनुपर्ने व्यक्ति हुनुहुन्थ्यो; जसले कालो मानिसहरूसँग आफ्नो दाजुभाइको साथमा गरिने जस्तै व्यवहार गर्नुहुन्थ्यो, र जसलाई रोवुमा उपत्यकाभरि सधैँ कदर गरिन्छ; जो होचो हुनुहुन्थ्यो, र जसको आँखाहरू चहकिलो थियो, र शब्द र व्यवहार सधैँ नम्र र सज्जन थियो; जसलाई अगुवाको रूपमा पछ्याउन सबैले खुशीसाथ मान्छन्, र जो सबैको हृदयलाई छुने तरिका जान्नुहुन्थ्यो। (यो लिविङ्स्टनको बारेमा बताएको कुरा थियो)

उहाँको मृत्यु पछाडि धेरै शिक्षित मानिसहरूले एक–अर्कासँग प्रतिस्पर्धा गर्दै उहाँको बारेमा प्रशंसाको शब्दहरू लेखे, तर त्यसमध्येमा कुनै पनि यो असभ्य र अशिक्षित अफ्रिकीहरूको प्रशंसा जसरी हृदयलाई छुने थिएन। उदाहरणको लागि उहाँको मृतक शरीरलाई तटसम्म बोकेर ल्याएको अफ्रिकीहरूको उहाँप्रतिको विश्वसनीयता, जुनचाहिँ यो अँध्यारो महादेशमा आउने शताब्दीहरूको करोडौँ अफ्रिकीहरूले अफ्रिकाको प्रेरित डा. डेविड लिविङ्स्टन भनी उहाँलाई सधैँ कृतज्ञतासहित कदर गर्नेछन् भन्ने कुराको एउटा अगमवाणी थियो, जसको उद्धारको लागि उहाँले आफ्नो जीवन दिनुभयो।

**समाप्त**